साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क १४ ✪ ११ वैशाख २०८१, मङ्गलबार ✪ 23 April, 2024, Tuesday ✪ मूल्य रू. १०।-

एसईई दिएर बसेका विद्यार्थीहरूलाई बिजुक्छेँको मार्गनिर्देशन

भक्तपुर । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा २०८० सालमा प्रवेशिका परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई मार्गनिर्देशन तथा शैक्षिक परामर्श कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेपालका केही प्राध्यापक र विश्वविद्यालयले विदेशी विश्वविद्यालयको एजेन्टको रूपमा काम गरेको तथा केवल पैसाकै निम्ति पढाइरहेको र विद्यार्थीमा पनि पैसामुखी सोच प्रसार गरिरहेको हुनाले नयाँ पुस्ताका विद्यार्थीमा समस्या देखिएको स्पष्ट पार्नुभयो ।

विद्यार्थीहरूलाई मार्गनिर्देशन गर्दै अध्यक्ष बिजुक्छेँले चिट चोरेर परीक्षा पास गर्ने विद्यार्थीले केही नखाइकन खाएँ भन्नुसरह हुने विचार राख्दै मिहिनेत गरेर पढेमात्रै भविष्यमा सफल बनिने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "सजिलो काम मात्र नखोजी गाऱ्हो भन्दा गाऱ्हो काम गर्न तत्पर भए कुनै पनि समस्यासँग जुझ्न सकिन्छ ।" उहाँले आपत्कालीन स्थितिका लागि विद्यार्थीकालमै स्वास्थ्य उपचारसम्बन्धी सामान्य ज्ञान लिइराख्नुपर्नेमा जोड दिनुभयो ।

विद्यार्थीहरू राष्ट्रभाषा नेपालीमा निपुण हुनैपर्ने र आफ्नो मातृभाषाका साथै देशको अन्य स्थानीय भाषामा पनि अब्बल बन्नुपर्ने विचार राख्दै उहाँले विद्यार्थीमा देशको भूगोलको राम्रो ज्ञान नभएकै कारण हाम्रो समाज पछाडि परेको बताउनुभयो । विभिन्न देशमा नेपालका राजदूत भएर गएका व्यक्तिहरूलाई सो देशको भाषा नआएकै कारणले आज नेपाल र ती देशको सम्बन्ध बलियो नभएको र त्यहाँ काम गर्न गएका नेपालीहरूले दुःख पाउँदासमेत केही गर्न नसकेको उहाँले चर्चा गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले विद्यार्थीमा सहयोगी भावना हुनुपर्ने र सहयोगी भावना नभएका मान्छेको सङ्गत पनि गर्न नहुने बताउनुभयो । कसैको गल्ती भेटाएमा समयमै आलोचना गर्नुपर्ने र गल्तीलाई नसच्याई तारिफमात्र गर्नेहरूसँग सधैँ सतर्क हुनुपर्ने उहाँको विचार थियो । पढ्ने बानीलाई सास फेर्नुसँगै तुलना गर्दै उहाँले सास रहुन्जेल केही न केही पढ्ने र आफ्नो पढाइ तथा ज्ञानलाई देश एवम् जनतामा समर्पित गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा बोल्दै नेमकिपा भक्तपुरका अध्यक्ष एवम् बाग्मती प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईंले बिदाको अवधिमा एसईई दिएका विद्यार्थीहरूले आफ्नो विद्यार्थी जीवनको समीक्षा गर्दै विभिन्न सीप सिकेर समयको उपयोग गर्न सुझाव दिनुभयो । जीवनमा

बाँकी पृष्ठ १२ मा

बयालिसौँ विश्व सम्पदा दिवसमा 'सय वर्षपछिको भक्तपुर' बारे कार्यक्रम

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ४२ औँ विश्व सम्पदा दिवसको अवसरमा सांस्कृतिक नगर भक्तपुरको सम्पदा संरक्षणमा 'सय वर्षपछिको भक्तपुर' पुस्तकको भूमिकाबारे प्रवचन एवम् अन्तरक्रिया कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले भक्तपुर नगर सांस्कृतिक नगर घोषणा भए ऐन कानुनअनुसार कार्य हुने तथा मौलिकता संरक्षणमा सहजता र एकरूपता आउने विचार व्यक्त गर्दै पुराना घरहरू नगरको पहिचान हो र माटो जोडाइका घरहरू स्वास्थ्यको हिसाबले लाभदायी र सुरक्षित छ भन्नुभयो । उहाँले हरेक कुरामा पुनर्जागरण आवश्यक छ भन्दै काठ र माटोको विशेषताबारे अनुसन्धान गर्नुपर्ने, नयाँ पुस्तालाई पुराना घर, मन्दिर र सम्पदा निर्माणसम्बन्धी तालिमहरू दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले खानेपानीको गुणस्तर हेर्नुपर्ने र घर निर्माण गर्दा नक्सापास प्रक्रियाबारे जनतालाई जानकारी दिनुपर्ने सुझाव दिँदै स्थानीय तह प्रजातन्त्रको जग भएकोले जग बलियो भएमा मात्र प्रजातन्त्र बलियो हुने विचार व्यक्त गर्नुभयो ।

अतिथि बिजुक्छेँले भक्तपुर नगरलाई टेस्टट्युबको रूपमा विकास गर्न नयाँ पुस्तालाई इमानदारीपूर्वक काम गर्न प्रेरित गर्नुपर्ने र विभिन्न देशको इतिहासबाट सिक्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगर ऐतिहासिक, सांस्कृतिकरूपमा अनुपम सहर भएको उल्लेख गर्दै नारायणमान बिजक्छेँ (रोहित) ले आजभन्दा २५ वर्षअगाडि लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' पुस्तकले नगरको भविष्य कस्तो हुन्छ भन्ने कल्पना गरेको हुँदा भक्तपुर पुनःनिर्माणको निम्ति मार्गनिर्देश गरेको छ भन्नुभयो ।

उहाँले पुस्तक प्रकाशनको ३ वर्षपछि नै भक्तपुर नपाले शिक्षाको जग बलियो बनाउन २०५६ सालमा ख्वप उच्च मावि, २०५८ सालमा ख्वप कलेज र ख्वप ई. कलेज स्थापना गर्दै हाल ७ वटा कलेजहरू स्थापना गर्न सफल भएको बताउँदै यस पुस्तकलाई आधार बनाई हालसम्ममा नगर अस्पताल सञ्चालन, व्यवस्थित आवास योजना सञ्चालन, खानेपानीको व्यवस्था, बजार व्यवस्थापनको लागि नगर प्रहरीको व्यवस्था, पर्यटकहरूको लागि आकर्षण केन्द्र बनाउने, खोला सुधारको लागि २ वटा उपचार पोखरी निर्माण, नगरको पुरानो क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्नेलाई अनुदान दिई उत्साहित गर्ने तथा विदेशी भाषाको तालिम सञ्चालन गर्दै आएको बताउनुभयो ।

पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले '५० वर्षपछिको नेपाल' र 'सय वर्षपछिको भक्तपुर' बारेको परिकल्पनाले भक्तपुरको मौलिकता संरक्षणमा योगदान पुऱ्याइरहेको चर्चा गर्दै पुस्तकका लेखकको दूरदृष्टिपूर्ण सोच र परिकल्पनाले नयाँ पुस्ताका लागि सहर निर्माण गर्न गुरुयोजनाको काम गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले उक्त पुस्तकको परिकल्पनालाई साकार बनाउने प्रयत्न गरिरहेकोमा खुसी व्यक्त गर्दै सम्पदा संरक्षण र पुनर्निर्माणमा सम्पदाको मौलिक स्वरूप, स्थानीय सामग्रीको प्रयोग, स्थानीय जनसहभागितालाई विशेष महत्त्व दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

इतिहासविद् विश्वमोहन जोशीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै सम्पदा पुनःनिर्माण र संरक्षणमा भक्तपुर नपा अग्रस्थानमा रहेको बताउनुभयो । उहाँले पुर्खाको सम्पत्ति संरक्षण गरी भनपाले आफ्नो पहिचान र मौलिकतालाई जोगाइरहेको चर्चा गर्दै संस्कृतिकर्मीहरूलाई सम्मान दिने कार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले भक्तपुरका सम्पदाहरूको महत्त्वबारे प्रकाश पार्दै पुस्तकले भक्तपुरमा पर्यटन प्रवर्द्धन गरी नगरलाई उत्कृष्ट गन्तव्यस्थल बनाउन खेलेको महत्त्वपूर्ण भूमिकाबारे चर्चा गर्नुभयो । भक्तपुर नपाका पर्यटन शाखा प्रमुख गौतम लासिवाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै अध्यक्ष बिजुक्छेँद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' पुस्तकको सान्दर्भिकताबारे चर्चा गर्नुभयो ।

विद्युत् विधेयकबारे राजनीतिक प्रतिनिधिहरूसँग छलफल

देशका नदीनाला भारतीय एकाधिकार पुँजीलाई सुम्पनु देशघात

काठमाडौँ । प्रतिनिधिसभाको पूर्वाधार विकास समितिअन्तर्गत गठित उपसमितिले विद्युत् विधेयकबारे राजनीतिक दलका प्रतिनिधिहरूसँग शुक्रबार छलफल गऱ्यो । समितिका सभापति राप्रपाका दीपकबहादुर सिंह र उपसमितिका संयोजक एमालेका गोकर्णबहादुर विष्टको नेतृत्वमा भएको छलफलमा विद्युत् विधेयकमा राजनीतिक दलहरूको धारणा प्रस्तुत भयो । नेका र माओवादीको गठबन्धन सरकारले पेस गरेको सो विधेयक एमाले र माओवादीको सरकारले पनि अगाडि बढाउँदै छ । प्रम पुष्पकमल दाहालको भारत भ्रमणमा कालीकोटको फुकोट कर्णाली जलविद्युत् भारतलाई दिइएको थियो ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले नेपालका ६ हजार नदीनाला एक एक गरी भारतीय एकाधिकार पुँजीलाई दिने सरकारहरू देशभक्त नहुने उल्लेख गर्दै जलविद्युत् उत्पादन गर्ने निजी क्षेत्रको पछाडि विदेशी पुँजी भएमा देशलाई थप घात हुने बताउनुभयो ।

नेपालीलाई खाना पकाउने र कृषिदेखि उद्योग-व्यापारको लागि पर्याप्त जलविद्युत् नभएसम्म विदेशीलाई नेपालको जलविद्युत् बिक्री गर्न नहुने उल्लेख गर्दै सांसद सुवालले तत्काललाई प्रतिव्यक्ति नेपालीलाई वार्षिक कति युनिट बिजुली उपभोग गर्न पाउने हो, यसको प्रत्याभूति विधेयकमा हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्युत् विधेयकको लक्ष्य नेपालीलाई सस्तोमा बिजुली दिने हुनुपर्नेमा जोड दिँदै सांसद सुवालले लोडसेडिङको बेला ट्रङ्क लाइन र डेडिकेटेड लाइनको बिजुली उपयोग गरी ३० औँ अर्ब रुपैयाँ सरकारलाई महसुल नबुझाउने उद्योगीसँग मिलेमतो गर्ने सरकारका अधिकारीहरूलाई कारबाही गर्नुपर्नेमा जोड दिनुभयो ।

कृषिमा विद्युत् प्रयोग गर्ने सामान्य किसानहरूलाई पर्याप्त अनुदान दिनुपर्ने आवश्यकता औँल्याउँदै सांसद सुवालले विद्युत् विधेयकलाई पूर्ण बनाउने नाममा नेपालको जलस्रोत भारतलाई दिने प्रावधान हटाउनुपर्ने उल्लेख गर्नुभयो ।

तेस्रो लगानी सम्मेलनको लागि अध्यादेशमार्फत दर्जनभन्दा बढी ऐन बनाउने सरकारको तयारी प्रजातन्त्रविपरीत भएको उल्लेख गर्दै सांसद सुवालले विदेशी लगानीसँगै विदेशी सेना आउने र देश नवउपनिवेश हुने बताउनुभयो ।

सुगौली सन्धियता नेपाली युवालाई गोर्खा भर्तीको नाममा भाडाको सिपाही बनाउन पठाइएको र त्यसबापत राणा शासकहरूले बेलायती पाउन्ड करोडौँ कमिसन लिएर बेलायत र भारतमा घर-जग्गा जोडेको उल्लेख गर्दै सांसद सुवालले वैदेशिक रोजगारीको नाममा ८० लाख नेपाली युवालाई विदेश पठाउने काममा क-कसले पैसा कुम्ल्याए छानबिन गर्नुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ उपत्यकामा बसाइँसराइ केन्द्रित गरिँदा पुरानो विद्युत् लाइन काम नलाग्ने भएको र सो लाइन फेर्न खर्बौँ रुपैयाँ खर्च लागेको उल्लेख गर्दै सांसद

बाँकी पृष्ठ १२ मा

भ्रष्टाचारीहरूलाई कारबाही गर्न जोड

दैलेख । नेपाल मजदुर किसान पार्टी चामुण्डा विन्द्रासैनी वडा नं. ३ को आयोजनामा नयाँ वर्ष २०८१ को शुभकामना कार्यक्रम हाडाकोट बजारमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा दैलेखका सल्लाहकार तथा वडा नं. ३ का पूर्ववडाध्यक्ष निरकबहादुर शाहीले शासक पार्टीहरूले शिक्षा र स्वास्थ्य निःशुल्क गर्न नसकेको चर्चा गर्नुभयो । वडा नं. ३ का वडाध्यक्ष दीपबहादुर शाही, कार्यपालिका सदस्य मनबहादुर बिकलगायतले शुभकामना दिनुभएको थियो । कार्यक्रमको अध्यक्षता वडा नं. ३ वडा समितिका अध्यक्ष हीरालाल तारामीले गर्नुभएको थियो ।

यसैगरी, नेपाल मजदुर किसान पार्टी वडा नं. ६ को आयोजनामा शुभकामना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले शासक दलहरूका अदूरदर्शिताका कारण देशले दुःख पाइरहेको उल्लेख गर्दै क्रान्तिकारी विचारले मात्र देशमा परिवर्तन आउन सक्ने चर्चा गर्नुभयो ।

नैना शाहीको सभापतित्वमा भएको उक्त कार्यक्रममा भक्तबहादुर शाही, गुप्तबहादुर शाही र बिन्दु बिकले पनि बोल्नुभएको थियो ।

त्यस्तै, चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. ७ मष्टामाडुमा नेमकिपा वडा नं. ७ को आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा दैलेखका सदस्य कृष्णप्रसाद ढकालले अन्यायविरुद्ध सङ्घर्ष गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । भ्रष्टाचारले देशको आर्थिक अवस्था कमजोर भएको बताउँदै उहाँले ठुला साना सबै भ्रष्टाचारीहरूलाई कारबाही नगरे देश अझै बर्बाद हुन सक्छ भन्नुभयो ।

जिल्ला समिति सदस्य धनकुमारी शाही, वडा नं. ७ का वडाध्यक्ष इन्द्रप्रसाद चौलागाई, वडा सदस्य लवराज ढकाल, डिल्लीप्रसाद शर्मा र टेकप्रसाद चौलागाईले पनि शुभकामना दिनुभएको थियो । वडा नं. ७ का वडा समिति अध्यक्ष शिवराज चौलागाई र तिलक चौलागाईले पनि बोल्नुभएको थियो ।

यसैगरी, चामुण्डा विन्द्रासैनी वडा नं. १ को तिजडाँडामा पनि नेमकिपा वडा नं. १ को आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

बाँकी पृष्ठ १२ मा

के शिक्षकले राजनीति गर्नु गलत हो ?

शिक्षा मन्त्रालयले राजनीतिक गतिविधिमा संलग्न शिक्षक, कर्मचारीहरूलाई कारबाही गर्ने प्रक्रिया अगाडि बढाएको समाचार ५ वैशाख २०८१ को गोरखापत्रले छाप्यो ।

राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा हो । सबै नागरिक राजनीतिमा सहभागी भएमा देश विकासमा टेवा पुग्नेछ । राजनीतिलाई सेवाको भावनाले भन्दा अहिले फाइदा र सुविधा लिने तथा व्यक्तिगत स्वार्थको लागि प्रयोग गरिएकै कारण राजनीतिप्रति जनतामा वितृष्णा जागेको हो ।

३० वर्षे पञ्चायती व्यवस्था अन्त्यको लागि राजनैतिक दलहरूसँगै शिक्षकहरू काँधमा काँध मिलाएर सङ्घर्षमा उत्रेका थिए । २०३६ सालको सङ्घर्ष, २०४२ सालको शान्तिपूर्ण आन्दोलन र २०४६ सालको परिवर्तनमा शिक्षक, कर्मचारी र प्राध्यापकहरूको पनि महत्त्वपूर्ण भूमिका थियो । २०६२।०६३ को आन्दोलनमा पनि शिक्षक कर्मचारीहरूको सक्रिय सहभागिता थियो । सबै पक्षको साथ र सहयोगले नै राजनैतिक परिवर्तन सम्भव भएको हो । देशको राजनैतिक परिवर्तनमा सक्रिय भूमिका खल्ने शिक्षक, प्राध्यापक र कर्मचारीहरूलाई राजनीतिबाट बञ्चित गर्ने र अझ राजनीतिक कार्यक्रममा भाग लिएमा दण्ड सजाय गर्ने हामी कस्तो प्रजातन्त्रको अभ्यास गर्दै छौं ? प्रजातन्त्रको फल सबैले समान रूपमा उपभोग गर्न पाउनुपर्छ ।

विद्यालय, कलेज र विश्वविद्यालयहरूमा विभिन्न विद्यार्थी, शिक्षक र प्राध्यापक सङ्घ संस्थाहरूले तोडफोड, आगजनी, तालाबन्दी र कुटपिटका घटनाहरू गर्ने गरेका छन् । ती राजनीति नभई अराजक गतिविधिहरू हुन् । शिक्षक नियुक्तिमा भागबन्डा, विद्यार्थी भर्नामा पक्षपात, परीक्षाफल प्रकाशनमा अनियमितता, शिक्षण संस्थाहरूभित्र हुने गलत क्रियाकलापहरू हुन् । त्यसलाई रोक्न र शैक्षिक क्षेत्रमा शान्तिपूर्ण वातावरण तयार गर्नु सबैको जिम्मेवारी हो ।

शासक दलका अधिकांश नेताहरू प्रचण्ड, माधव नेपाल, शेरबहादुर देउवा, बाबुराम भट्टराईलगायतले विद्यालयहरूलाई शान्ति क्षेत्र घोषणा गर्दै शिक्षण संस्थाहरूमा बन्द, हडताल नगर्ने प्रतिबद्धता समेत गरेका थिए । अहिले ती नै पार्टीका भातृ सङ्गठनहरूले बारम्बार शिक्षण संस्थाहरूमा अराजक गतिविधिहरू गर्दै छन् र नियोजितरूपमै देशका शिक्षण संस्थाहरू ध्वस्त पार्दै विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षाको लागि विदेश जान बाध्य पार्दै छन् । वार्षिक लाखौँका सङ्ख्यामा विद्यार्थीहरू बिदेसिनुमा शासक दलका शिक्षक, प्राध्यापक र विद्यार्थी सङ्गठनहरू जिम्मेवार छन् ।

निःशुल्क र गुणस्तरीय शिक्षा, स्वास्थ्य उपचारको राम्रो बन्दोबस्तको लागि आवाज उठाउनु, महँगीको विरोध, भ्रष्टाचारको विरोधमा आन्दोलन गर्नु एक सचेत नागरिकको कर्तव्य हो । जनतालाई परेको पिर मर्काको बारे सङ्गठितरूपमा आवाज उठाउनु नै राजनीति हो । शिक्षक भएको कारणले त्यस्तो जनताको हितको पक्षमा आवाज उठाउन नपाउने भन्ने कसरी हुन्छ र ?

देशको सिमाना अतिक्रमण, नेपालीलाई भुटानी शरणार्थी बनाएर बेचेको, देशघाती एमसीसी पास गरेको देशघाती सन्धि सम्झौताविरुद्धमा सार्वभौमिकता रक्षाको निम्ति सामन्तवाद, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोधमा आवाज उठाउनु सबै नागरिकको कर्तव्य हो ।

पढाउन छोडेर विभिन्न पार्टीको झन्डा बोकेर हिँड्ने, विद्यालयमा पाइला नटेक्ने, पार्टीको धाक देखाएर सधैँ तलबमात्रै बुझ्ने, विद्यालयको प्रगति र विद्यार्थीहरूको भविष्यबारे चिन्ता नगर्ने शिक्षकहरूलाई भने तत्काल कारबाही गरी जागिरबाट बर्खास्त गरिनुपर्छ ।

विद्यार्थीहरूलाई देशको सार्वभौमिकता रक्षाको बारे आवाज उठाउने, भ्रष्टाचार र महँगीको विरोध गर्ने तथा अन्यायविरुद्ध लड्न उत्साहित गर्ने शिक्षक प्राध्यापकहरूलाई राजनीति गरेको आरोपमा कारबाही गर्ने हो भने भोलि देशको बारे बोल्ने कोही हुने छैन । देशको सार्वभौमिकता रक्षाको निम्ति आवश्यक भए सबै सेना बनेर लड्ने शिक्षा विद्यार्थीहरूलाई दिन सक्ने देशभक्त शिक्षकहरू र प्राध्यापकहरू देशको निम्ति आज आवश्यक छ । त्यस्तालाई कार्वाही होइन, राज्यले सम्मान गर्नुपर्छ । देश र जनताको पक्षमा लड्न सिकाउने पाठ्यक्रम विद्यालय र कलेजहरूमा राख्नेतर्फ शिक्षा मन्त्रालयले विशेष ध्यान दिनुपर्छ ।

अहिले शासन सत्तामा पुगेका अधिकांश नेताहरू कुनै न कुनै कालखण्डमा शिक्षक थिए । त्यतिबेला

बाँकी पृष्ठ १२ मा

आधुनिक समाजवादको इतिहासमा यो एउटा विशेष घटना हो, समाजवादी आन्दोलनभित्रका विभिन्न प्रवृत्तिको द्वन्द्व राष्ट्रियस्तरबाट अन्तर्राष्ट्रिय बन्न पुगेको छ ।

-भीआई लेनिन

सम्पादकीय

विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष के हो ?

दोस्रो विश्व युद्धपछि सोभियत सङ्घको सफलतापछि साम्राज्यवादी र उपनिवेशवादीहरू एसिया र अफ्रिकी देशहरूलाई 'स्वतन्त्रता' दिँदै आर्थिकरूपले ती देशहरूलाई आफ्नै मुट्ठीमा पार्ने दाउमा थिए । मुक्ति र स्वतन्त्रताको आँधीको अगाडि पुनः नयाँ उपनिवेशवाद लाद्ने उद्देश्यले युरोपेली र अमेरिकी उपनिवेशवादीहरू रुख झुकेजस्तै झुके र १९६० पछि तिनीहरूले पुनः आफ्नो पुरानै आक्रामक प्रवृत्ति देखाउँदै आफ्ना दलालहरूमार्फत सैनिक शासन चालु राखे । स्थानीय क्रूर सामन्त र दास मालिकहरू तथा तत् देशका देशद्रोही र जनद्रोही सैनिक तानाशाहहरूलाई हातमा लिई जननिर्वाचित नेताहरूको हत्या गर्दै गए, सैनिक विद्रोहका षड्यन्त्रहरू गर्दै पुनः पश्चिमी देशहरूले एसिया र अफ्रिकी देशहरूमा आआफ्नो शोषण र शासनलाई कायम गर्न थाले । कोरिया, भियतनाम, इन्डोनेसिया, कङ्गो, घाना, अल्जेरिया, मिश्र आदि यसका उदाहरणहरू हुन् ।

सन् १९६०-७० को दशकमा स्वतन्त्रता प्राप्त देशहरूमा उपनिवेशलाई पुनःस्थापना गर्ने उद्देश्यले हरेक ३ महिनामा एउटा सैनिक विद्रोहका षड्यन्त्रहरू पश्चिमी देशहरूबाट हुँदै गयो । २१ औँ शताब्दीमा पुग्दासमेत उपनिवेशवादीहरूले आर्थिकरूपले आफ्नो प्रभावलाई छोडेका छैनन् । साम्राज्यवादीहरूसँग विश्व बैङ्कजस्ता केही आर्थिक हतियार र कूटनैतिक हतियारहरू छन् । त्यसबाहेक विज्ञान र प्रविधिसँग सम्बन्धित नयाँ नयाँ हतियारसमेत छन् । यस्ता हतियारहरू धारण गरेर आवश्यकता र अवसरअनुसार ती हतियारहरू प्रयोग गर्थे । तिनीहरू आफ्ना पुराना 'उपनिवेश' लाई नयाँ 'लुगा' लगाई दिन कोसिस गर्दै जानेछन् ।

नेपाल पनि संयुक्त राष्ट्र सङ्घको एक सदस्य हुँदा त्यसका अनेक अङ्ग, समिति र बैठकहरूमा नेपालको सरकारको तर्फबाट सहभागी हुन्छन् । तर, तिनीहरू कति जानकार र इमानदार छन् भन्ने विषय फरक हुनु स्वाभाविक छ । ४ वैशाख २०८१ को 'राजधानी' दैनिकले लेख्यो- 'विश्व बैङ्क र मुद्राकोषको बैठकमा भाग लिन अर्थमन्त्री अमेरिकातर्फ ।'

अमेरिकासँग नेपालले गर्ने सम्झौता अर्को एमसीसी नहोस्

तर विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषको संयुक्त वसन्तकालीन बैठकमा सहभागी हुन वासिङ्टन डीसीमा पुगेका अर्थमन्त्री पुन र अमेरिकी विकास संस्था यूएस इन्टरनेसनल डेभलपमेन्ट फाइनान्स कर्पोरेसनका प्रमुख कार्यकारी अधिकृत स्कट नाथनबिच भेटवार्ता भयो ।

त्यो वार्तालाई 'साइड लाइन' वार्ता भनिएको छ । समाचारको शीर्षक थियो- 'अर्थमन्त्री र अमेरिकी यूएस इन्टरनेसनल डेभलपमेन्ट फाइनान्स कर्पोरेसनको सीइओबिच भेट' ।

समाचार अगाडि बढ्छ- 'डीएफसी विभिन्न देशका निजी क्षेत्रसँग साझेदारी गरी विकासशील देशले सामना गरिरहेका चुनौतीहरूले समाधानका लागि लगानी गर्ने संस्था हो ।" (राजधानी - ९ वैशाख २०८१) ।

डीएफसीले नेपालका निजी क्षेत्रसँग हाल ऋण र स्वपुँजी (इक्विटी) गरी २ सय ७० विलियन डलर बराबरको साझेदारी छ । पुनले अमेरिका नेपालमा लगानी गर्ने तेस्रो ठुलो मुलुक भएको उल्लेख गरे ।

नेपालले भारतसँग १० हजार मेगावाट विद्युत् निर्यात गर्नेसम्बन्धी सम्झौता गरेको र बङ्गलादेशसँग व्यापार सम्झौता भएकोले बजारबारे चिन्ता गर्नुपर्ने अवस्था नभएको पुनले स्पष्ट गरे ।

१६ र १७ वैशाखमा काठमाडौँमा हुने तेस्रो लगानी सम्मेलनलाई लक्षित गरी नीतिगत र कानुनी सुधारमा काम अघि बढाइएको जानकारी पनि पुनले दिएको समाचारमा उल्लेख छ । सम्मेलनमा १ सय ३० परियोजना प्रस्तुत हुने भएकोले डीएफसीका तर्फबाट भाग लिने पुनले आशा व्यक्त गरे ।

तर, साधारण नेपाली जनता अमेरिकासँग अर्को एमसीसीजस्तो सम्झौता नहोस् भन्ने चिन्ता जाहेर गर्छन् । एमसीसी सम्झौता पूर्वअर्थमन्त्रीले कुनै अध्ययन नै नगरी 'प्रधानमन्त्रीले सही गरेर आउनु भन्नुभयो र मैले सही गरेँ' जस्तो दुर्भाग्य नदोहोरियोस् । जनताको चिन्ता यही हो ।

विदेशी लगानीसँगै देश नवउपनिवेश हुने

✍ प्रेम सुवाल

नेपालका ६ हजार नदीनाला एक एक गरी भारतीय एकाधिकार पुँजीलाई दिने सरकारहरू देशभक्त होइनन् । जलविद्युत् उत्पादन गर्ने निजी क्षेत्रको पछाडि विदेशी पुँजी भएमा देशलाई थप घात हुनेछ । यसको छानबिन हुनु आवश्यक छ । राष्ट्रिय पुँजीलाई संरक्षण गर्नु जरुरी छ, विदेशी पुँजीलाई होइन ।

नेपालीलाई खाना पकाउन र कृषिदेखि उद्योग-व्यापारको लागि पर्याप्त जलविद्युत् नभएसम्म निर्यात गर्नु हुँदैन । प्रत्येक नेपालीले वार्षिक कति युनिट बिजुली उपभोग गर्न पाउने हो, यसको प्रत्याभूति विधेयकमा हुनु आवश्यक छ । नर्वेका मानिसहरू वार्षिक २७ हजार युनिट बिजुली उपभोग गरिरहेको सार्वजनिक भयो ।

विद्युत् विधेयकको उद्देश्य नेपालीलाई सस्तोमा बिजुली दिनुपर्दछ । लोडसेडिङ्को बेला ट्रङ्क लाइन र डेडिकेटेड लाइनमार्फत बिजुली उपयोग गरी ३० औँ अर्ब रुपैयाँ सरकारलाई महसुल नबुझाउने उद्योगीसँग मिलेमतो गर्ने सरकारका अधिकारीहरूलाई तत्काल कारबाही गरी बक्यौता महसुल अविलम्ब असुल गर्नु आवश्यक छ ।

कृषिको विद्युत् प्रयोग गर्ने सामान्य किसानहरूलाई सस्तोमा बिजुली दिनुपर्दछ । विद्युत् विधेयक पूर्ण बनाउने नाममा नेपालको बाँकी जलस्रोत समेत भारतलाई दिने प्रावधान विधेयकबाट हटाउनुपर्दछ ।

तेस्रो वैदेशिक लगानी सम्मेलनको लागि अध्यादेशमार्फत दर्जन बढी ऐन बनाउने सरकारको तयारी प्रजातन्त्रविपरीत हो । विदेशी लगानीसँगै विदेशी सेना आउने र देश नवउपनिवेश हुनेतर्फ सरकार सचेत हुनुपर्दछ ।

सुगौली सन्धियता नेपाली युवालाई गोर्खा भर्तीको नाममा 'भाडाको सिपाही' बनाउन पठाइयो । त्यसबापत राणा शासकहरूले करोडौँ बेलायती पाउन्ड कमिसन लिएर बेलायत र भारतमा घर-जग्गा जोडेका छन् । अहिले वैदेशिक रोजगारीको नाममा ८० लाख नेपाली युवालाई विदेश पठाउनेहरू क-कसले कमिसन पाए ? यसको छानबिन गर्नुपर्दछ । नेपाली युवालाई 'भाडाको सिपाही' र सस्तो ज्यामीमा विदेश पठाउनेहरूको सम्पत्ति जफत गरी उनीहरूलाई जेल सजाय दिनु आवश्यक छ । नेपालीलाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारतबिच भएको शान्ति तथा मैत्री नामको सन्धि पनि खारेज हुनुपर्दछ ।

काठमाडौँ उपत्यकामा बसाइँसराइ केन्द्रित गरिँदा यहाँको पुरानो विद्युत् लाइन काम नलाग्ने भएको र सो लाइन फेर्न अहिले खर्बौँ रुपैयाँ खर्च भइरहेको छ । काठमाडौँको प्रदूषण र सडक जाम समेत रोक्न यहाँ भइरहेको बसाइँसराइ रोक्नुपर्दछ र यहाँका औद्योगिक क्षेत्रहरू बाहिर स्थानान्तरण गर्नु आवश्यक छ । प्रदूषणको कारण काठमाडौँ उपत्यका श्वासप्रश्वास, मुटु, मिर्गौला, छाला रोगको स्रोत भइरहेको छ ।

एमसीसी सम्झौताअघि सरकारहरूले अरुण तेस्रोको ९०० मेगावाट र माथिल्लो कर्णालीको ९०० मेगावाटको परियोजना विकास सम्झौता भारतसँग गरेका थिए । त्यसयता तल्लो अरुण ६२० मेगावाट, पश्चिम सेती ७५० मेगावाट, सेती-६ को ४५० मेगावाट, फुकोट कर्णाली ४५० मेगावाट र मुगु कर्णाली १९०२ मेगावाटको पीडीए गरियो । नेपाल लगानी बोर्डले विदेशी लगानी ल्याउन संसद् र सरकारको अधिकार प्रयोग गर्दै छ । यो बोर्डलाई तत्काल खारेज गर्नु जरुरी छ । लगानी बोर्डले हालै माथिल्लो अरुण जलविद्युत्मा विश्व बैङ्कको ऋण २ अर्ब ८४ करोड डलर र दुधकोशीमा एशियाली विकास बैङ्कको २ अर्ब २० करोड डलर ऋण लगानी गराउने सहमति नेपालको देशको हितमा छैन ।

भारतीय एकाधिकार पुँजीले माथिल्लो मर्स्याङ्दी - २ को ६०० मेगावाट, भेरी स्टेज-१ को ४०० एमभी र भेरी स्टेज-२ को ४०० एमडब्लू कब्जामा राखेको छ । नेपाली जनताको लगानीमा जलविद्युत् उत्पादन गर्नुपर्दछ । नेपालीले विदेशमा लगानी गर्न नपाउने कानुन जरुरी छ ।

स्वीस भूगर्भशास्त्री टोनी हेगनले नेपाललाई स-साना जलविद्युत् उत्पादन परियोजना उपयुक्त हुने सुझाव दिनुभएकोतर्फ विधेयकको ध्यान जानु आवश्यक छ । सार्क देशहरूको सम्झौताअनुसार सार्कस्तरीय विद्युत् ग्रीडको मुख्यालय दिल्लीमा राखिएको छ । सौर्य गठबन्धनको सम्झौताअनुसार सौर्य ऊर्जा उत्पादन गर्न पनि भारतसँग अनुमति लिनुपर्ने अवस्था भयो । यस्ता सम्झौतामा हस्ताक्षर गर्नु देशघाती नै हो । नेपाल मजदुर किसान पार्टीले यस्तो देशघाती सम्झौताको विरोध गर्दै छ । ठूला जलविद्युत् आयोजनाको निर्माण भारतकै लागि गर्नु देशघात नै हो ।

बेलायती भारतको बेला म्याकमाहोन भन्ने बेलायती अधिकारीले कागजको नक्सामा चीन-भारतको सीमा रेखा कोरेका थिए । त्यो नक्सामा चीनको गलवान उपत्यकालगायत भूभाग भारतमा परेको छ । यसकारण चीन-भारत सीमा विवाद भएको हो । माओवादी गृहयुद्धको बेला नेपाली भूमि भारतमा पर्नेगरी स्ट्रिप नक्सा बनाइएको हुँदा सो नक्सा खारेज गरी दुई देशको खुला सीमा बन्द गर्नु जरुरी छ । नेपालको लिम्पियाधुरामा सरकारको उपस्थिति जरुरी छ ।

बहुदल र गणतन्त्रको ३५ वर्षयता आम सञ्चारमा भ्रष्टाचारका समाचारहरू दिनहुँ प्रकाशित भइरहेका छन् । अख्तियार र सीआईबीले मुद्दा दर्ता गरेकामध्ये कुन भाषा, जाति र समुदायका धेरै छन् ? जिम्मेवार पदमा बसेर भ्रष्टाचारजस्तो देशद्रोही काम गर्नेहरू को को हुन् ? यसको सूची सार्वजनिक गर्नु जरुरी छ ।

(प्रतिनिधिसभाको पूर्वाधार विकास समितिअन्तर्गत गठित उपसमितिले विद्युत् विधेयकबारे राजनीतिक दलका प्रतिनिधिहरूसँग २०८१ वैशाख ७ गते शुक्रबार सम्पन्न छलफल कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले राख्नुभएको मन्तव्यको सारः स.)

काठमाडौँको सुविधा जिल्ला-जिल्लामा पुऱ्याउनुपर्ने

अहिले सरकारले उठाउने राजस्वबाट कर्मचारी प्रशासन खर्चसमेत पुगेको छैन । यसकारण प्रगतिशील कर लागु गरी सरकारको राजस्व आम्दानी बढाउनु जरुरी छ । ठुलठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्ड हुने सजायसमेतको कानुनी बन्दोबस्त आवश्यक छ ।

नेपालमा गरिबी रेखामुनिका २० प्रतिशतभन्दा बढी जनता छन् । कमैया र कम्लरीलगायत जमिन जोत्नेलाई मोहियानी हकको व्यवस्था हुनु आवश्यक छ ।

लैङ्गिक असमानता र अन्धविश्वास हटाउनको लागि विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क हुनुपर्दछ । स्थानीय तहका वडाका टोल टोलमा शिशु स्याहार केन्द्र र बालोद्यान स्थापना गरी आमाहरूको श्रमशक्ति वृद्धि र बालबालिकाहरूको उचित पालनपोषण गर्ने कानुन आवश्यक छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सरकारको समानान्तर बजेट खर्च भइरहेको छ । यसले देशको सार्वभौमिकतामा हस्तक्षेप गर्दै छ । सरकारबाट ४८ खर्ब रुपैयाँ कर्जा प्रवाह भएकोमध्ये १ खर्ब रुपैयाँमात्र घरेलु तथा साना उद्योगको लागि भएको सार्वजनिक भयो । यसले धनी र गरिबको दूरी बढाएको छ ।

वर्गीय मुक्तिसँगै आर्थिक समानता कायम हुने हुँदा त्यसबेला मात्र लैङ्गिक विभेद अन्त्य हुनेछ । ३ लाख पचास हजारभन्दा बढी नेपाली महिलाहरू वैदेशिक रोजगारीको नाममा विभिन्न देशमा दुर्व्यवहार व्यहोर्न बाध्य छन् । यसतर्फ सरकार सचेत हुनुपर्दछ । नेपालीलाई स्वदेशमै रोजगारी दिनुपर्दछ । सरकारले देशको सन्तुलित विकास गर्न काठमाडौँका सुविधा जिल्ला-जिल्लामा पुऱ्याउनु आवश्यक छ ।

(सङ्घीय संसद् सचिवालयको मानव संसाधन विकास महाशाखा, संसदीय प्रशिक्षण शाखाको आयोजनामा सार्वजनिक लेखा समितिको बैठक कक्षमा भएको 'लैङ्गिक उत्तरदायी बजेट तथा निगरानी' विषयबारेको छलफलमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८१ बैशाख ६ गते बिहीबार राख्नुभएको मन्तव्यको सार-स.)

सार्वजनिक सम्पत्ति हडप्ने अपराधीहरूलाई कडा कारबाही हुनुपर्ने



शुक्र

देशभर सरकारी, सार्वजनिक, पर्ती जग्गा व्यक्तिका नाममा दर्ता गर्ने, लिजको नाममा अतिक्रमण हुँदासमेत प्रमुख जिल्ला अधिकारीहरू मौन छन् । स्थानीय प्रशासन ऐन २०२८ को दफा १० (क) मा प्रमुख जिल्ला अधिकारी (प्रजिअ) ले सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर आदिको लगत राख्ने, नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैलाई आवाद गर्न वा आवाद गर्न अनुमति दिन नदिने, सरकारी वा सार्वजनिक सम्पत्ति व्यक्तिको नाममा दर्ता भए सो दर्ता बदर गर्ने उल्लेख छ । यस्तो मुद्दामा हदम्यादसमेत नलाग्ने व्यवस्था छ ।

ललितपुर कुमारीपाटीको ऐतिहासिक तःपुखु (ठुलो पोखरी) २०५० सालमा नापी हुँदासम्म नेपाल सरकारको नाममा थियो । त्यसपछि सो पोखरी व्यक्तिको नाममा गराई घरसमेत बनाउन दिइयो । पोखरी दर्ता गराउने कार्यमा त्यहाँका मेयर बुद्धिराज बज्राचार्यसमेतको संलग्नता रहेको हालै सार्वजनिक भयो । पूर्वसंस्कृति मन्त्रीसमेत भएका बुद्धिराजसँगको मिलिमतोमा ललितपुर महानगरभित्रका धेरै पाटी-पौवा, पोखरीहरू व्यक्तिको नाममा दर्ता भएको जनगुनासो छ ।

बल्खुस्थित त्रिभुवन विश्वविद्यालयको ३ रोपनी जग्गा टाटा सुमोलाई पार्किङ गर्न दिएर त्रिवि प्राध्यापक सङ्घले भाडा उठाइरहेको समाचार छ । अध्ययन, अनुसन्धानमा लाग्नुपर्ने प्राध्यापकहरू सरकारी जग्गा भाडा लगाई कमिशन खानेतर्फ लाग्नु देशघात नै हो । जिल्ला र उच्च अदालतले भाडामा लगाएको उक्त जग्गा फिर्ता गर्न आदेश दिएपनि प्रजिअ मौन छ ।

काठमाडौँ थःवहीको सरकारी कमलपोखरीमा बनाइएको छाया कम्पेक्स (व्यापारिक भवन) भत्काउनेतर्फ प्रजिअको ध्यान गएको छैन । भक्तपुर झौखेलको कमलपोखरी, दुवाकोटको १९ रोपनी पर्ती जग्गा व्यक्तिका नाममा दर्ता गराउनेहरूमाथि कारबाही भएको छैन ।

नेपाली काङ्ग्रेसका सांसद दिपक खड्काले काठमाडौँ लैनचौरस्थित नेपाल स्काउटको जग्गा र भवन १५ वर्षदेखि कब्जामा लिएको समाचार पुरानो हो । ३ रोपनी जग्गा लिजमा लिई आसपासका थप ९ रोपनी जग्गा हडपेर व्यापारिक प्रयोजनका लागि भाडामा दिई वर्षको करोडौँ लुट्ने सांसद खड्का पक्राउ परेको छैन । हडपेको थप ९ रोपनी जग्गा खाली गर्न जिल्ला र उच्च अदालतले आदेश गर्दा समेत सांसद खड्काले अटेर गरे । नियमनकारी निकाय जिल्ला प्रशासन कार्यालय, काठमाडौँ समेत अदालतको आदेशको पालना गर्न तम्तयार भएन ।

सरकारी जग्गामा १२ रोपनी ६ आनामा बनेको तुल्सीलाल स्मृति प्रतिष्ठानमा एमालेले केन्द्रीय कार्यालय, बबरमहलस्थित वन विभाग परिसरको सरकारी भवनमा लोसपाको केन्द्रीय कार्यालय चलाइरहेको छ ।

काठमाडौँको भृकुटीमण्डप परिसरमै माओवादी कर्मचारी सङ्गठनको कार्यालय, सिंहदरबारको दक्षिण गेट अगाडि एमालेनिकट निजामती कर्मचारी सङ्गठनको भवन सरकारी जग्गामै छ । सरकारी जग्गामा काङ्ग्रेस निकट शिक्षक युनियनको कार्यालय, बहरमहलस्थित लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को कार्यालय छन् । शासक दलहरूका सबै कर्मचारी सङ्गठनले सरकारी भवनमा कार्यालय खोल्नु ब्रम्हलुट नै हो ।

अतिक्रमित सरकारी, सार्वजनिक, पर्ती र गुठी जग्गाको अतिक्रमण रोक्न भनी २०४९ सालमा पूर्वसचिव रामबहादुर रावल संयोजकत्वमा,२०५६ सालमा मालपोत विभागका महानिर्देशकको संयोजकत्वमा, २०६२ सालमा पूर्वसचिव भोजराज घिमिरेको अध्यक्षतामा, २०७५ असार १५ गते पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा, २०७६ सालमा पूर्वन्यायाधीश मोहनरमण भट्टराईको संयोजकत्वमा जाँचबुझ आयोगहरू बनाइए । ती आयोगहरूले देशभरि विभिन्न जिल्लामा अतिक्रमण गरिएको जग्गाको विवरणसहितको प्रतिवेदन सरकारलाई बुझाए पनि ती प्रतिवेदनहरू मन्त्रालयको दराजमा थन्काइए ।

त्रितालको प्रतिवेदनमा भक्तपुरको हनुमन्ते खोला, बाराको साबिक पिप्रा, सिमराको मसानघाटसम्म हडपेको उल्लेख छ । अछामको बैजनाथ गुठीको जग्गा, बाँकेको वागेश्वरी मन्दिरको जग्गा, धरानको सर्दुखोला जलाधार क्षेत्रको जग्गालगायतका करिब १० हजार रोपनी सरकारी, सार्वजनिक जग्गा अतिक्रमण भएको विषय उल्लेख छ ।

रावल प्रतिवेदनले काठमाडौँ महानगरपालिकामा मात्रै १ हजार ८ सय ५९ रोपनी सरकारी, सार्वजनिक र गुठीको जग्गा अतिक्रमण भएको उल्लेख छ । साबिकका ३५ वटै वडामा वडैपिच्छे जग्गा अतिक्रमण भएको उक्त प्रतिवेदन पनि मन्त्रालयमै थन्कियो । घिमिरेको कार्यदलले जनकपुरमा जानकी मन्दिरका महन्थकै संलग्नतामा मन्दिरको जग्गा अतिक्रमण भएको उल्लेख छ ।

जिल्लाभित्रका सरकारी, सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व प्रजिअको हो । तर, मालपोत, नापी, गुठी र प्रशासनकै कर्मचारीको मिलेमतोमा भूमाफिया, विभिन्न सङ्घसंस्था, व्यक्ति, बिचौलिया र राजनीतिक दलका नेता/कार्यकर्ताले जग्गा अतिक्रमण एवं गैरकानुनी भोगचलन गरिरहेकालाई कारबाही नगरी सरकार पन्छिन खोजेको छ । सरकारी जग्गा खानेहरूलाई कारबाही गर्नुको सट्टा प्रजिअमार्फत पुनः लगत सङ्कलन गर्ने सरकारले बहानाबाजी मात्र हुन सक्छ, जनता सचेत हुनु जरुरी छ ।

सरकारी, सार्वजनिक, पर्ती, गुठी जग्गा व्यक्तिका दर्ता गर्ने गराउने र हडप्ने सबैलाई कडा कानुनी सजाय हुने बन्दोबस्त हुनु जरुरी छ ।

सरकार कस्तो समाजवादी संस्कृति सिकाउँदै छ ?

✍ विवेक

अवसरवादीहरू हरेक विषयलाई आफ्नो अनुकूल व्याख्या विश्लेषण गर्छन् । जे गर्दा आफ्नो व्यक्तिगत स्वार्थ पूरा हुन्छ, तिनीहरू त्यही गर्छन् र जनतालाई बेबकुफ बनाउँछन् । आफ्नो स्वार्थ पूर्तिका लागि गरिएका कामलाई नै आफ्नो वाकपटुताका माध्यमबाट जनता र क्रान्तिको हितमा गरिएको भनी उनीहरू प्रचार गर्छन् र सोझा जनतालाई झुक्याउँछन् । जनता राजनैतिक रूपले सचेत र सङ्गठित नभएसम्म शासक दलका नेताहरूले यसरी नै जनतालाई बारम्बार ठगिरहन्छन्, धोका र विश्वासघात गरिरहन्छन् ।

प्रधानमन्त्री प्रचण्डले २०८१ बैशाख १ गते सांस्कृतिक संस्थाको आयोजनामा भएको एक कार्यक्रममा व्यक्त भनाइले त्यस्तै कुराको सम्झना गरायो । उनले भने- समाजवादको आधार तयार गर्नको निम्ति सांस्कृतिक रूपान्तरण र समाजवादी संस्कृतिको दिशाबोध आधारभूत सर्त हो, त्यसको निम्ति समाजवादी संस्कृतिको निर्माणको पक्षमा सम्पूर्ण वामपन्थी, देशभक्त एवं प्रगतिशील समुदायले योगदान गर्न सक्नुपर्छ । (२ वैशाख गोरखापत्र)

हो, कम्युनिस्टहरू देशमा समाजवाद स्थापनाका लागि लडिरहेका छन् । कम्युनिस्ट पार्टीको मुख्य उद्देश्य नै देशमा वैज्ञानिक समाजवाद स्थापना गर्नु हो । त्यस्तो महान उद्देश्यका लागि लड्ने कम्युनिस्टहरू नयाँ पुस्तालाई कस्तो समाजवादी संस्कृति सिकाउँदै छन् ? कस्तो समाजवाद स्थापनाका आधारहरू निर्माण गर्दै छन् ? आज महत्त्वपूर्ण प्रश्नको रूपमा उठेको छ ।

माओवादी र एमालेले आफूलाई कम्युनिस्ट पार्टी दाबी गर्छन् । माओवादी एक्काइसौँ शताब्दीको जनवादको नारा लगाउँदै छन् भने एमालेले जनताको बहुदलीय जनवादको । ती दुवै पार्टीहरूको लक्ष्य पुँजीवादी सरकारमा गएर मोजमस्ती गर्नु, अकुत सम्पत्ति जोड्नु र आफ्नो हित हुने भए देश नै विदेशीको हातमा सुम्पनु हो भने जनताको बुझाइ छ ।

अहिले माओवादी नेतृत्वको सरकार छ, एमाले सरकारको सहयोगी भए पनि मुख्य भूमिकामा छ । देशका ठूल्ठूला 'कम्युनिस्ट' पार्टीको नेतृत्वमा सरकार गठन भएको यो बेला समाजवादी संस्कृति निर्माणबारे गीत गाएर हिँड्ने कि काम गरेर देखाउने ? के माओवादी नेतृत्वको सरकारले अहिले कामदार वर्गको हितमा शिक्षा, स्वास्थ्य नि:शुल्क र उत्पादनका साधनहरू क्रमश: सामाजिकीकरण गरेर समाजवादउन्मुख काम गरेर देखाउनुपर्ने होइन ?

समाजवादी संस्कृतिको बारे प्रवचन दिँदै हिँड्ने प्रधानमन्त्रीसँग जनताको प्रश्न छ- रोजगारीको निम्ति वर्षको ८/९ लाख युवाहरू बिदेसिनु, उच्च शिक्षाको लागि वार्षिक लाखौँ विद्यार्थी बाहिरिनु, खाद्यान्नदेखि सबै वस्तुहरू विदेशबाट आयात गर्ने अवस्था सिर्जना गरी देशलाई पूर्णरूपमा परनिर्भर बनाउनु र देशका नदीनालाहरू भारतीय शासक वर्गको हातमा सुम्पिनु तथा उद्योगधन्दाहरू कौडीको मूल्यमा निजीकरण गर्नु के यही हो समाजवादको आधार निर्माणका कामहरू ?

यदि यस्ता विषयहरूलाई नै समाजवादउन्मुख, समाजवादका आधारहरू वा समाजवादी संस्कृतिको परिभाषा गरिन्छ भने त्यो गलतमात्रै होइन धोका नै हो । यस्तो सोच र काम कार्वाही त सामन्त र पुँजीवादीहरूले मात्र गर्ने गर्छन् । तिनीहरू व्यक्तिगत स्वार्थको निम्ति जे पनि गर्छन् । जनतालाई भ्रम फैलाउन प्रधानमन्त्री अहिले समाजवादी संस्कृतिबारे बोल्दै हिँडेका छन् । जनताको नजरमा सरकार प्रमुखको बोली र व्यवहार पटक्कै मेल खाँदैन । काम गर्नेहरू प्रचार गरेर हिँड्दैनन् ।

एकातिर प्रधानमन्त्री समाजवादको आधार तयार गर्ने कुरा गर्दै छन् भने अर्कोतिर उनकै पार्टीका अर्थमन्त्री वर्षमान पुन निजी क्षेत्रलाई अर्थतन्त्रको नेतृत्व दिनुपर्ने बताउँदै भन्छन् - "सरकारले निजी क्षेत्रलाई 'ड्राइभिङ सिट' मै राखेर काम गर्ने हो, सरकार र निजी क्षेत्रबिच आपसी साझेदारी र विकासको साथ काम गरौँ भन्नेमा नै सम्मानीय प्रधानमन्त्री र मेरो जोड छ ।" (२७ चैत्र २०८० नयाँ पत्रिका) । अमेरिकी चेम्बर अफ कमर्सका प्रतिनिधिसँगको भेटमा उनले यो कुरा भनेका हुन् । देशको अर्थतन्त्र निजी क्षेत्रले नेतृत्व गर्ने कस्तो समाजवादी संस्कृति हो, प्रधानमन्त्रीज्यू ? एमाले कार्यालय बल्खुमा अमेरिकी राजदूत पुगेको बेला भित्तामा टाँगिएका मार्क्स, ऐँगेल्स, माओका फोटोहरू एमाले नेताहरूले खाटमुनि लुकाए जस्तै भएन र ? जनताबिच समाजवादको कुरा गर्ने र अमेरिकी राजदूत सामु निजी क्षेत्रले अर्थतन्त्रको नेतृत्वको कुरा गर्ने, कस्तो दोहोरो चरित्र माओवादीको वाहा !

समाजवादलाई धेरैले धेरै किसिमले परिभाषा गर्ने गरेका छन् तर कम्युनिस्टहरू वैज्ञानिक समाजवादलाई विश्वास गर्छन् । उत्पादनका साधनहरूमा पृथक पृथक व्यक्तिहरूको स्वामित्व अन्त्य भई समाज वा राज्यको स्वामित्वमा कायम गर्नु नै समाजवादको पहिलो सर्त हो । योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोवस्त अर्थात् जसले काम गर्दैन उसले माम पनि पाउँदैन भन्ने समाजवादको अर्को विशेषता हो । रोजगारीको सुनिश्चितता हुने हुँदा श्रमको लागि आजको अवस्थामा जस्तो विदेशमा गएर दु:ख गर्नुपर्ने अवस्था त्यहाँ रहँदैन । ठूल्ठूला पुँजीपतिवर्गको व्यक्तिगत सम्पत्ति राज्यको कब्जामा हुने र त्यो जनताको हितमा उपयोग गरिनुका साथै शिक्षा र स्वास्थ्यजस्ता जनताका आधारभूत विषयहरू सबै नि:शुल्क प्रदान गर्ने तथा सबै नागरिकले व्यक्तित्व विकासमा समान अवसर पाउने व्यवस्था नै समाजवाद हो ।

विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सले यस्तो चरणलाई साम्यवादको पहिलो चरण भन्नुभएको छ । यो चरणमा पनि पुँजीवादका अवशेषहरू बाँकी नै रहने र सबैले समानता पाइसकेको हुँदैन भन्ने उहाँको भनाइ छ । उहाँले पुँजीपतिवर्गको सम्पत्तिमाथि मजदुर वर्गको हैकम कायम गर्ने र त्यसको निम्ति मजदुर वर्गले शान्तिपूर्ण तरिकाबाट होइन सशस्त्र सङ्घर्षबाट मात्रै सम्भव हुने बताउनुभएको छ । यो चरणलाई उहाँले साम्यवादमा पुग्ने खुट्किलोको रूपमा व्याख्या गर्नुभएको छ ।

अहिलेको माओवादी र एमाले नेतृत्वले न कामदार वर्गको नेतृत्वमा समाजवाद स्थापनाको सोच बनाएको छ न त समाजवादका आधारहरू निर्माणको लागि आधारभूत कुराहरू गर्नेतर्फ ध्यान दिएको छ । समाजवादको मन्त्र जपेर जसरी पनि सरकारमा जाने, जोसँग पनि अनैतिक गठबन्धन गर्ने र सरकारमा टिकिरहने बाहेक ती पार्टीहरूको अरू कुनै स्पष्ट उद्देश्य देखिँदैन । सङ्घ र प्रदेश सरकारहरूमा पटक पटक सरकार परिवर्तनले यही कुरा पुष्टि गरिरहेका छन् ।

'कोशीमा मुख्यमन्त्री हटाउन गरिएको सङ्कल्प प्रस्ताव पारित' 'गण्डकी प्रदेशसभा बैठक अनिश्चितकालीन स्थगित' (राजधानी वैशाख ८), 'कर्णालीमा भागबन्डाकै किचलो (कान्तिपुर ८, वैशाख), 'सरकार छोड्ने जसपाको निर्णय' (८, वैशाख नागरिक) मधेसमा ११ पटक सरकारको पुनर्गठन' जस्ता पत्रिकाहरूको शीर्षकले देशको अवस्था बताइरहेको छ । यस्ता समाचारहरूले जनता राजनैतिक दलहरूबाट निराशामात्रै होइन प्रदेशको औचित्यमाथि नै प्रश्न गरिरहेका छन् ।

जनआन्दोलनका उपलब्धिहरू संस्थागत गर्न २०७२ सालमा नेपालको संविधान जारी भयो । जनतालाई जनवादी व्यवस्था स्थापना गर्ने सपना देखाएर १० वर्षसम्म जनयुद्ध गरेर सरकारको नेतृत्वमा पुग्ने माओवादी र एमाले समेतका धेरै दलहरूको सहमति र सहभागितामा संविधान निर्माण भएको हो । संविधानको प्रस्तावनामै "समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न" भन्ने उल्लेख भएको र नेपाल राज्यलाई "समाजवादउन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" भनी परिभाषित गरेको हुँदा ती पार्टीहरू समाजवादबाट भाग्न सक्ने अवस्था छैन । 'कम्युनिस्ट' हरूको नेतृत्वमा सरकार भएको यो बेला नेपाली जनताले समाजवादउन्मुख कार्यहरूको आशा गर्नु त स्वाभाविकै हो ।

समाजवाद र निजीकरण एक अर्काको विपरीत धार हुन् । निजीकरणका पक्षपातीहरू कुनै पनि हालतमा कम्युनिस्ट हुन सक्दैनन् । माओवादी र एमालेहरू समाजवादको नारा लगाएर, उद्योगधन्दाहरू मात्र होइन, विद्यालय, कलेज, विश्वविद्यालय, अस्पतालहरूसमेत निजीकरण गर्दै छन् । सरकारी शिक्षण संस्थाहरू कमजोर हुनु र निजी शिक्षण संस्थाहरूप्रति जनताको आकर्षण बढ्दै जानु तथा निजी अस्पतालहरू धमाधम खुल्नु र राजधानीमा सञ्चालित आधा दर्जनभन्दा बढी निजी अस्पतालहरूको व्यापार वार्षिक डेढ अर्बभन्दा बढी हुनु पुँजीवादको विकास नभए के हो ?

स्मरण रहोस्, नेपालको संविधानमा 'समाजवादप्रति प्रतिबद्धता र समाजवादउन्मुख राज्य' को परिभाषा एमाले र माओवादीहरूले बाध्यताले मात्रै उल्लेख गर्न पुगेका हुन् । नेपाल मजदुर किसान पार्टीको प्रस्तावमा मतदान गर्ने क्रममा केही पार्टीहरूबाहेक संविधानसभामा प्रतिनिधित्व गर्ने अधिकांश दलहरूको समर्थनबाट उक्त शब्दहरू संविधानमा समावेश भएको तथ्य पनि नेपाली जनताले बिर्सन्नु हुन्न ।

ती पार्टीहरूको भित्री मनसाय त संविधानको निर्देशक सिद्धान्तमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने उल्लेख गर्नुबाट प्रष्ट हुन्छ । निजीकरण र समाजवादसँगै जान नसक्ने यथार्थ हुँदाहुँदै निजी अर्थतन्त्रको विकास गर्ने नीतिले अहिले माओवादीलाई "निजी क्षेत्रलाई ड्राइभर सिट" मा राख्नुपर्ने अवस्थामा पुऱ्यायो ।

सरकार कस्तो संस्कार र संस्कृतिको निर्माण गर्दै छ, "पुँजीवादी कि समाजवादी ?" नेताहरू सुनकाण्ड, भुटानी शरणाथी काण्ड, ललिता निवास काण्ड, सहकारी काण्डमा फस्दै गरेको देख्दा नेताहरूको भाषण एकातिर व्यवहार अर्कोतिर भइरहेको स्पष्ट हुन्छ । यसर्थ पार्टीको विचार र सिद्धान्त तथा संविधानले देखाएको समाजवादउन्मुख संस्कार नयाँ पुस्तालाई सिकाउन सकेमा नै समाजवादका आधारहरू निर्माण हुँदै जानेछन् र जनताले आशा गरेको समाजवादी व्यवस्था नेपालमा छिट्टै स्थापनाको वातावरण निर्माण हुनेछ ।

सरकार कस्तो संस्कार र संस्कृतिको निर्माण गर्दै छ, "पुँजीवादी कि समाजवादी ?" नेताहरू सुनकाण्ड, भुटानी शरणाथी काण्ड, ललिता निवास काण्ड, सहकारी काण्डमा फस्दै गरेको देख्दा नेताहरूको भाषण एकातिर व्यवहार अर्कोतिर भइरहेको स्पष्ट हुन्छ । यसर्थ पार्टीको विचार र सिद्धान्त तथा संविधानले देखाएको समाजवादउन्मुख संस्कार नयाँ पुस्तालाई सिकाउन सकेमा नै समाजवादका आधारहरू निर्माण हुँदै जानेछन् र जनताले आशा गरेको समाजवादी व्यवस्था नेपालमा छिट्टै स्थापनाको वातावरण निर्माण हुनेछ ।

नेपालको खस्कँदो कृषि

✍ रामरतन चौधरी

कृषि पेशा छोडेर नेपालका अधिकांश युवा अध्ययन र वैदेशिक रोजगारीको नाममा बिदेसिएका कारण उब्जाउ भूमि बाँझो भयो । गाउँघरबाट अधिकांश पुरुष युवा बिदेसिएको कारण खेतबारीमा काम गर्न महिला मात्रै रहन पुगेको तथ्याङ्क पनि सार्वजनिक भयो । २०८० भदौ २१ गते राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'राष्ट्रिय कृषि गणना ०७८' अनुसार पछिल्लो १० वर्षमा कृषि पेशामा संलग्न महिलाको सङ्ख्या १३ प्रतिशतले बढेको देखायो भने पुरुषको सङ्ख्या घट्यो । तथ्याङ्क हेर्दा कृषि पेशामा ५४ वर्षमुनिका किसानको संलग्नता पनि घट्दै गएको देखिन्छ ।

विसं २०६८ को जनगणनामा ७१ प्रतिशत नेपाली परिवार कृषि पेशामा संलग्न थिए । २०७८ को जणगणनाको तथ्याङ्कमा भने कृषि पेशामा संलग्नहरूको सङ्ख्या घटेर ६२ प्रतिशतमा झऱ्यो । यसले कृषि पेशामा नेपालीहरूको आकर्षण विस्तारै घट्दै गएको देखाउँछ ।

सन् २०१५ सम्ममा नेपालको गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३८५ प्रतिशत थियो । तर, ४ वर्षको अन्तरालमै नेपालको गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ४५ प्रतिशतले घटेर २३.९ प्रतिशतमा खुम्चन पुगेको विश्लेषकहरूको मत छ । नीति अनुसन्धान प्रतिष्ठानद्वारा २०८० मङ्सिरमा प्रकाशित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको अनुसन्धान प्रतिवेदनले भने नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको २५.८ प्रतिशत योगदान रहेको देखाएको छ ।

कृषि पेशा छोडेर नेपालका अधिकांश युवा अध्ययन र वैदेशिक रोजगारीको नाममा बिदेसिएका कारण उब्जाउ भूमि बाँझो भयो । गाउँघरबाट अधिकांश पुरुष युवा बिदेसिएको कारण खेतबारीमा काम गर्न महिला मात्रै रहन पुगेको तथ्याङ्क पनि सार्वजनिक भयो । २०८० भदौ २१ गते राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'राष्ट्रिय कृषि गणना ०७८' अनुसार पछिल्लो १० वर्षमा कृषि पेशामा संलग्न महिलाको सङ्ख्या १३ प्रतिशतले बढेको देखायो भने पुरुषको सङ्ख्या घट्यो । तथ्याङ्क हेर्दा कृषि पेशामा ५४ वर्षमुनिका किसानको संलग्नता पनि घट्दै गएको देखिन्छ ।

समयमा मल, बीउ उपलब्ध नहुनु, आधुनिक उपकरणहरूको खाँचो, वैदेशिक रोजगारी, भूमिको असमान वितरण, खुला सीमा, असमान ज्याला आदिका कारण पनि कृषि पेशामा नेपालीहरूको संलग्नता घट्दै गएको हो । नेपाल-भारतबीच रहेको खुला सीमाको कारण भारतीय कृषि उत्पादनले नेपालको कृषि उपजलाई विस्थापित गर्दै छ । नेपालीले आफूले उत्पादन गरेको कृषि उपजको उचित मूल्य पाउँदैनन् । यसकारण पनि नेपाली कृषक निराश भएका हुन् ।

नेपालमा कृषिमा काम गर्ने महिला र पुरुषको ज्यालामा पनि विभेद छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले देशको कुल वडामध्ये ६ हजार ३६ वडामा अध्ययन गरेर निकालेको प्रतिवेदनअनुसार कृषि पेशामा पुरुषभन्दा महिलाले पाउने ज्यालादरमा दैनिक औसत १ सय ३४ रुपैयाँको कमी छ । नेपाली समाजमा ज्याला-मजदुरी गर्ने काममा महिलालाई पुरुषसरह ज्याला नदिने परम्परा अझै छ । यसले आधा आकाश ढाकेका महिलालाई कृषि पेशामा मन लगाएर काम गर्ने जाँगर थप्दैन ।

नेपालमा खेती गर्ने जमिन नपाएका भूमिहीनहरू पनि धेरै छन् । जातीय रूपले उत्पीडनमा परेका 'दलित' हरूको ठुलो सङ्ख्यासँग खेती गर्ने त के टाउको लुकाउने जमिनसमेत छैन । राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल जनसङ्ख्या २ करोड ९१ लाख ९४ हजार ५७८ मध्ये दलित समुदायको जनसङ्ख्या ४१ लाख ५५ हजार ९१७ रहेको छ । त्यसमध्ये ४० प्रतिशतभन्दा बढी दलितसँग खेती गर्ने जमिन छैन । बहुसङ्ख्यक दलित ऐलानी जग्गामा बसेका छन् । केहीलाई बस्नको लागि थोरै जमिन भए पनि यथार्थमा दलितसँग जग्गा जमिन नै छैन । दलितमाथि गरिएको यो विभेदको कारण पनि नेपालमा कृषि उत्पादन बढ्न नसकेको हो ।

विसं १९१० सालमा जंगबहादुर राणाले कानुन बनाएरै कृषिमा विशेष योगदान पुऱ्याएका श्रमजीवी जनतालाई तल्लो जातिको दर्जा दिई सम्पत्ति राख्न नपाउने व्यवस्था गरेका थिए । त्यतिबेलादेखि तल्लो जात भनिएकै कारण कृषि पेशामा आवद्ध धेरै नेपालीको जमिन खोसियो । खोसिएका जमिन कृषि उत्पादनमा खासै योगदान नभएका पुजारी तथा मठाधीशहरूलाई मठ, मन्दिरमा पूजा चलाउन र संरक्षण गर्ने नाममा दिइयो । सामन्तहरूले मठ, मन्दिर, देवस्थल संरक्षण गर्ने नाममा किसानहरूको जमिन हडपेर राखे । राणा शासनकालभरी राणाहरूले आफ्ना नातागोता, भाइभारदार, राजपरिवार र उच्च ओहदाका कर्मचारीहरूलाई हजारौँ बिघा जमिन वितरण गरे । यसले कृषिमा निर्भर लाखौँ नेपालीलाई भूमिहीन बनायो भने ती श्रमजीवीहरू जोताहा किसानमा परिणत भए । प्रजातन्त्र र गणतन्त्र आएको यतिका समयसम्म पनि किसानको समस्या समाधान हुन सकेको छैन । राष्ट्रिय भूमिसुधार आयोगले भूमिहीनलाई जग्गा वितरण गर्ने भन्दै उनीहरूको अवस्था अध्ययन गरेर लगत सङ्कलन त गऱ्यो तर केही मानिसले मात्र जमिनको लालपुर्जा पाए भने अधिकांश किसान भूमिहीन नै छन् ।

नेपालमा आफ्नो जमिन नभएका किसानहरूले अरूको जग्गा भाडामा लिएर अन्न उत्पादन गर्दै आएको पनि देखिन्छ । भूमिहीन किसानले अरुको जग्गा अधियामा पनि कमाउँदै आएका छन् । जमिन नहुने किसानहरूले जमिन हुने तर खेती नगर्नेहरूलाई भुक्तानी दिएर खेती गर्दै छन् । तराईका विभिन्न जिल्लामा यस्तो 'बटैया' प्रथा कायम छ । सरकारले मल, बीउ तथा उपकरणमा अनुदान दिँदा बाली लगाउने जग्गाको लालपुर्जा खोज्छ । आफ्नो जमिन नभएका अधिया र बटैयामा काम गर्ने किसानहरूसँग लालपुर्जा हुँदैन । त्यस्ता किसान सरकारले उपलब्ध गराउने अनुदानबाट पनि वञ्चित हुन्छन् । अरूका जमिनमा काम गर्ने किसानहरूले गाउँका साहुहरूसँग चर्को ब्याज तिरेर खेती गरेका हुन्छन् । ऋणको ब्याजले नै किसान थला पर्छन् भने असिना, खडेरी र जनावरले बाली नष्ट गरेर पनि किसान डुब्ने गरेका छन् । सरकारले नेपालको उत्पादन बढाउन यस्ता समस्या समाधान गर्न सक्नुपर्छ ।

प्राकृतिक प्रकोप र वन्यजन्तुको कारण पनि नेपालको कृषि उत्पादन घटेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले ६ वैशाख २०७९ देखि जेठ १९ गतेसम्म ४५ दिन लगाएर नेपालको ७५३ वटै पालिकाका ६ हजार ३६ वडाका करिब ९० प्रतिशत स्थानमा गरेको अध्ययनअनुसार नेपालको कृषि क्षेत्रमा सबैभन्दा बढी क्षति बाढी पहिरोबाट हुने गरेको तथ्याङ्क सार्वजनिक भयो । त्यस्तै नेपालभरिका ३ हजार ९ सय २७ वडामा बाँदरले कृषिजन्य उत्पादनमा नोक्सान पुऱ्याएको देखिन्छ । सरकारले बाढी, पहिरो रोकथाम र बाँदर नियन्त्रण गर्नेसमेत उपाय निकाल्न सकेको छैन । बाँदर आतङ्ककै कारण गाउँका मानिसहरू आ-आफ्नो थातथलो छोडेर सहर पस्न बाध्य छन् । हात्ती, बाँदर, दुम्सी, बँदेलजस्ता वन्यजन्तुहरूले कृषि बाली नष्ट गरेको समाचार प्रत्येक वर्ष प्रकाशित हुन्छ । तर, सरकार नियन्त्रण गर्ने उपाय निकाल्नुभन्दा विदेशबाट कृषि उपज भित्र्याउने सोचमा छ । सरकारहरूको यस्तो पाराले कृषि उत्पादन बढ्दैन ।

२०८० बैशाख ९ गते

"खानेपानी वितरणको जिम्मेवारी क्रमशः स्थानीय तहलाई दिँदै जानुपर्छ"

✍ सुनिल प्रजापति, प्रमुख भनपा

हामीलाई थाहा छ, पानीबिना जीवन सम्भव छैन । संसारमा अरू धेरैको विकल्प भए पनि खानेपानीको विकल्प अहिलेसम्म भेटिएको छैन । जनताको जीवनसँग प्रत्यक्ष जोडिएको खानेपानीजस्तो महत्त्वपूर्ण वस्तुको व्यवस्थापनको जिम्मेवारी अहिले काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा छ । लाखौँ उपत्यकावासी जनताको लागि खानेपानी व्यवस्थापन कम चुनौतीपूर्ण छैन । तर, राम्रो र जनताप्रति जिम्मेवार सरकार भए त्यसलाई सहजरूपमा व्यवस्थापन गर्न सकिन्छ ।

काठमाडौँ उपत्यकाको खानेपानीको इतिहास हेर्ने हो भने लिच्छविकालीन र मल्लकालीन समयदेखि नै ठाउँ-ठाउँमा इनार, ढुङ्गेधारा, पोखरीहरू बनाई उपत्यकाका बासिन्दाहरूलाई पानीको व्यवस्थापन गरेको पाइन्छ । अहिलेसम्म आइपुग्दा ती पानीका स्रोतहरूमध्ये धेरैजसो लोप भइसके भने अहिले पनि कतिपय चालु अवस्थामा छन् । पानीको सङ्कटको बेला ती प्राचीन पानीका स्रोतहरूले उपत्यकावासीहरूलाई धेरै राहत दिएका थिए । खानेपानी मन्त्रालयदेखि पानीको जिम्मेवारी पाएका निकायहरूले प्राचीन स्रोतहरूको संरक्षणतर्फ राम्रो ध्यान दिनुपर्ने देखिन्छ ।

काठमाडौँ उपत्यकामा खानेपानी वितरणको जिम्मेवारी कम्पनी ऐनअन्तर्गत दर्ता भएको काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) लाई दिएदेखि नै उपत्यकामा खानेपानीको समस्या आएको हो । निजी स्वार्थको लागि कतिपय ट्याङ्कर व्यवसायीहरूले पानीको कृत्रिम अभाव सिर्जना गर्ने, मेलम्चीको पानी उपत्यकामा झार्न ढिला गर्ने जस्ता गैरजिम्मेवार काम गरेका जस्ता थुप्रै जनगुनासाहरू थिए । खानेपानी कुनै पनि हालतमा निजीकरण गर्न हुने थिएन । विदेशीको निर्देशनमा खानेपानीलाई निजीकरण गर्नु गलत हो । खानेपानीलाई जनताको आधारभूत आवश्यकता र सेवाको दृष्टिले लिइनुपर्थ्यो । अहिले खानेपानीलाई व्यापारिक वस्तु बनाइएको छ । खानेपानी बोर्ड र सम्बन्धित निकायहरूले यसबारे गम्भीरतापूर्वक सोच्नु आवश्यक छ ।

उपत्यकावासीले मेलम्चीको पानी पिउने धेरै पहिलेदेखि सपना देख्दै आएका थिए । ३० अर्बमा सुरु भएको मेलम्ची खानेपानी आयोजना अहिलेसम्ममा ६२ अर्ब खर्च भइसक्दा पनि उपत्यकावासी जनताले बाह्रै महिना पानी पाउने सुनिश्चितता नभएको सुन्दै छौँ । यो आश्चर्यको कुरा हो । अझै मर्मतको लागि ५-६ अर्ब लगानी गर्नुपर्ने प्रस्ताव पनि अघि सारिएको छ । विश्व बैङ्क, एसियाली विकास बैङ्कसँग ऋण लिँदै सरकार उपत्यकामा पानीको व्यवस्थापन गर्दै छ । हामी कतै खानेपानीकै कारण विदेशी ऋण पासोमा फस्दै जाने त होइन ? प्रश्न उठेको छ । विदेशी बैङ्कहरूले उपत्यकावासीलाई माया गरेर भन्दा पनि नाफा (ब्याज) पाउने लोभले लगानी गर्ने गर्छन् । उनीहरूको विभिन्न सर्तहरूमा बाधिँदै कतै हामी उनीहरूका नीति र निर्देशनमा चल्नुपर्ने अवस्थामा पुगेका त छैनौँ ? यसबारे सबैको ध्यान जान पनि उत्तिकै जरुरी छ ।

उपत्यका वरिपरिका पानीका स्रोतहरू संरक्षण गर्न सके अझै धेरै हदसम्म उपत्यकामा पानीको सहज आपूर्ति गर्न सम्भव छ । भक्तपुरको महादेव खोलालगायतका थुप्रै ठाउँहरूमा नेपाल सरकार स्वयंले लगानी गरी पानीको व्यवस्थापन गर्नुपर्ने आवश्यकतातर्फ माननीय मन्त्रीज्यूको ध्यानाकर्षण हुनुपर्छ । सक्षम स्थानीय तहहरूलाई क्रमशः पानी वितरणको जिम्मेवारी सुम्पिँदै लानु पनि समस्याको अर्को विकल्प हुन सक्छ ।

काठमाडौँ उपत्यकामा भइरहेको तीव्र जनसङ्ख्या वृद्धिलाई नियन्त्रण गर्नेतर्फ सरकारको ध्यान जानु जरुरी छ । यही रूपमा जनसङ्ख्या वृद्धिलाई निरन्तरता दिने हो भने हामीले जतिसुकै प्रयास गरे पनि उपत्यकामा पानीको पर्याप्त व्यवस्थापन गर्न गाह्रो पर्नेछ । जनसङ्ख्या वृद्धिसँगै उपत्यकामा पानीको हाहाकार, ट्राफिक जाम, अपराधको सङ्ख्यामा वृद्धि र वातावरण प्रदूषणको समस्या आइरहेको छ । यसर्थ, उपत्यका बाहिर स-साना शहरको विकास गर्नेतर्फ सरकारले योजना बनाउनु बुद्धिमानी हुनेछ ।

भक्तपुरमा यही वर्षदेखि मेलम्चीको पानी बल्ल पुगेको छ । त्यो पनि पुरानै पाइप लाइनबाट । दोस्रो चरणमा मात्रै भक्तपुरमा मेलम्चीको पानी पुऱ्याउने भन्ने रहेछ । जनताको समस्यालाई ध्यानमा राखेर नगरपालिकाकै पैसा खर्च गरेर पनि अहिले पानीको वितरण सुरु गरिएको छ । ठाउँ ठाउँमा पाइपहरू फुटेर चुहावट भइरहेको छ । सबै ठाउँमा भइरहेको चुहावटलाई रोक्न सकेको खण्डमा पानी व्यवस्थापनमा थप सहजता आउने देखिन्छ ।

खानेपानी सहज वितरण र व्यवस्थापनबारे हाम्रा केही सुझावहरू :

- केयूकेएलको तर्फबाट समय समयमा खानेपानीको गुणस्तर परीक्षणको व्यवस्था गर्नुपर्ने,
- खानेपानी र फोहोर बग्ने ढलको पाइप सँगसँगै भएको हुँदा कतिपय ठाउँहरूमा पाइपहरू फुटेर ढलको पानी मिसिन गई जनताको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने हुँदा त्यसतर्फ ध्यान दिनुपर्ने,
- उपत्यकाका ठाउँ ठाउँमा पानीको चुहावट भइरहेकोलाई कडाइका साथ नियन्त्रण गर्नुपर्ने,
- पुराना पाइपहरू अति जीर्ण भइसकेको हुँदा ती पाइपहरू फेर्नुपर्ने,

- उपत्यकाभित्र रहेका पानीका स्थानीय स्रोतहरूको संरक्षण गरी स्थानीय तहसँग समन्वय गरी खानेपानीको उचित वितरणको व्यवस्था गर्नुपर्ने,
- केयूकेएल र स्थानीय तहबिच समन्वयमा काम हुनुपर्ने,
- पानीको स्रोतको पहिचान, वितरण प्रणाली निर्माणदेखि सबै काम विदेशीको भरमा गर्न नहुने र पानीको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्ने,
- खानेपानी र ढलको शुल्क केयूकेएलले उठाउने र ढलको अधिकांश काम स्थानीय तहले गर्नुपर्ने अवस्था अन्त्य गरी शुल्क लिनेले नै त्यसको सम्पूर्ण बन्दोबस्त गर्नुपर्ने स्थानीय तहको आवाजलाई सम्बोधन गर्नुपर्ने र
- उपत्यकामा निजी तवरबाट भइरहेको जथाभावी बोरिङलाई नियन्त्रण र नियमन गर्नुपर्ने ।

यी महत्त्वपूर्ण सुझावहरूलाई मन्त्रीलगायत सम्बन्धित सबैले ध्यान दिनुहुनेछ भने अपेक्षा सहित सबैलाई धन्यवाद ।

(वैशाख ५ गते सम्पन्न काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको १९ औँ वार्षिकोत्सव समारोहमा सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)

न्यायपालिकाले जनताको आस्था र विश्वास जित्नुपर्ने

सांस्कृतिक नगर, नाचगानको नगरले परिचित भक्तपुर नगरपालिकाका जनताको तर्फबाट यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछौँ ।

नयाँ वर्ष २०८१ सँगै भक्तपुर जिल्ला अदालतको नयाँ भवन उद्घाटन भएको छ । हामी भक्तपुरवासीहरू अन्यन्त खुशी छौँ । सम्पूर्ण भक्तपुरवासीहरूको तर्फबाट प्रधानन्यायाधीशज्यू र सम्पूर्ण न्यायिक क्षेत्रमा कार्यरतहरूलाई आजको यस अवसरमा हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छौँ ।

जनसङ्ख्या वृद्धिसँगै दरबार क्षेत्रस्थित अदालत भवन अपुग भएको हामी सबैले अनुभव गरेका थियौँ । भक्तपुर नगरपालिकाले कला-संस्कृतिको संरक्षणको साथै पुरातात्त्विक महत्त्वका क्षेत्रहरूको संरक्षणलाई पनि उत्तिक्कै जोड दिँदै आएको छ । त्यसै क्रममा पुरातत्त्वविद्हरूले भक्तपुरको ९९ चोक उत्खननको कुरा पनि उठाउनुभयो । त्यसलाई ध्यानमा राखेर दरबार क्षेत्रका अदालतलगायत विभिन्न कार्यालयहरू स्थानान्तरणबारे पनि पटक पटक छलफलहरू भए र भइरहेका छन् । जिल्ला अदालतले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे आवास योजना क्षेत्रमा जग्गाको माग गरेअनुसार न्यूनतम मूल्यमा जग्गा प्रदान गर्ने सहमति भई जग्गा प्रदान गरिएको हो । यसका लागि आवश्यक पहल गर्ने र सहयोग गर्ने तत्कालीन जिल्ला न्यायाधीशज्यूहरू, अदालतका पदाधिकारीहरू सबैलाई भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ । सबैको प्रयासले आज यो ठाउँमा जिल्ला अदालतको विशाल र भव्य भवन निर्माण गर्न सम्भव भएको हो । अब निष्पक्ष, छिटो छरितो र सुलभ न्याय दिएर यस भव्य महलको उच्च गरिमा कायम गर्ने जिम्मेवारी यस अदालतमा कार्यरत श्रीमान् न्यायाधीशज्यूहरू र कर्मचारीहरूको हो । हामी त्यसको अपेक्षा गर्छौँ ।

सरकारी वकिल कार्यालय पनि अदालतसँगै भए सेवाग्राहीहरूलाई सहज हुने भनेर हामीले त्यसको लागि पनि पहल गर्दै छौँ । विभिन्न प्राविधिक कारणले गर्दा अहिलेसम्म त्यो पूरा हुन सकेको छैन । हामी निरन्तर त्यसको लागि प्रयत्नरत छौँ ।

न्यायपालिकाले विभिन्न व्यक्ति एवं सङ्घ संस्थाले गर्ने काम कानुनबमोजिम छ छैन हेरेजस्तै जनताको आस्थाको केन्द्र न्यायपालिकाबाट हुने हरेक निर्णय इमानदारीपूर्वक र निष्पक्षतापूर्वक भयो भएन भनी निर्णयकर्ताहरूको व्यक्तिगत आचरणबारे समेत जनताले सूक्ष्म ढङ्गले हेरिरहेका हुन्छन् । त्यो न्यायपालिकाको जनताले गर्ने एक प्रकारको परीक्षण पनि हो । न्याय दिएर मात्र पुग्दैन जनताले न्याय पाएको अनुभूति गर्न पाएनन् भने न्याय प्रदान गर्नुको खास अर्थ रहँदैन । त्यसैले न्यायपालिकाले आफूले गरेको उत्कृष्ट निर्णयहरूले नै जनताको आस्था, विश्वास र न्यायपालिकाप्रति उच्च सम्मान प्राप्त गर्न सक्छ ।

अदालतबाट हुने निर्णयमा ढिलाइबारे पनि जन गुनासो छ । २०७४ सालको संसदीय निर्वाचन अघि प्रतिनिधिसभामा तीन प्रतिशत र प्रदेश सभामा साढे एक प्रतिशत मत सीमा (थेसहोल्ड) को विरुद्धमा निर्वाचन आयोगसमेतलाई विपक्षी बनाई दायर मुद्दा अहिलेसम्म फैसला भएको छैन । २०७४ र २०७९ गरी दुई पटक संसद्को निर्वाचन सम्पन्न भइसक्यो । यस्ता धेरै मुद्दाहरू छन् जसको औचित्य समाप्त भए पछिमात्रै फैसला भए । यस्तो अवस्थाले कसरी न्यायपालिकाप्रति जनताको विश्वास बढ्ला ? ढिलो न्याय दिनु पनि न्याय नदिनु हो भन्नेबारे हामी सबै अवगतै छौँ । न्यायमा ढिलासुस्ती नहोस् भनेर नै निश्चित समयभित्र फैसला गर्नुपर्ने कानुनी बन्दोबस्त गरिएको हो । त्यो कतिको परिपालना भएको छ गम्भीरतापूर्वक सोच्नुपर्ने अवस्था छ ।

सर्वसाधारण जनता सबैतिर विश्वास गुमाइसक्दा पनि न्यायका लागि आफ्नो पछाडि अदालत छ भनी न्यायपालिकाप्रति विश्वास गर्छन् । न्यायको त्यस्तो पवित्र मन्दिरप्रति कसैलाई पनि औला ठड्याउने अवसर दिनुहुँदैन । जनताका हरेक अधिकार रक्षाको निम्ति अदालतले जहिले पनि पहरेदारको भूमिका खेल्छ भन्ने कुरामा विश्वास दिलाउनेतर्फ ध्यान दिनु आवश्यक छ ।

नेपालको संविधानले स्वतन्त्र न्यायपालिकाको कल्पना गरे पनि न्यायाधीशहरू नियुक्तिका बेला योग्य र सक्षमलाई भन्दा दलीय भागबण्डालाई प्राथमिकतामा राखेका समाचारहरू सार्वजनिक हुने गरेको पाउँछौँ । यसले न्यायपालिकामाथि प्रश्न उठ्ने गरेको छ । यसमा देश सञ्चालन गर्ने राजनैतिक दलहरू नै मुख्य रूपमा जिम्मेवार देखिन्छ ।

कतिपय अवस्थामा राजनैतिक निर्णयसमेत अदालतमा पुऱ्याउने गरेको हामीले देखिरहेका छौँ । संसदको विषयवस्तु वा अधिकार क्षेत्रको विषयसमेत न्यायालयमा पुऱ्याउने गलत अभ्यास भइरहेको पाउँछौँ । यसले कहिलेकाहीँ अदालतको निर्णयले अदालती सर्वोच्चतामा पुगेको हो कि भन्नेसम्म सोच्नुपर्ने अवस्थामा पुऱ्याएका उदाहरणहरू पनि छन् । कसैको दबाब, प्रभाव, डर-धम्कीमा नपरी स्वतन्त्र रूपमा न्याय प्रदान गर्ने परम्पराले नै न्यायपालिकाको गरिमा र सम्मानलाई बचाई राख्नसक्छ । स्वेच्छाचारी ढङ्गले शासन गर्न रुचाउनेहरू स्वतन्त्र न्यायपालिका भएको नचाहन सक्छन् । तिनीहरू विभिन्न बहानामा न्यायपालिकामाथि चौतर्फी आक्रमण गर्न पनि पछि पर्दैनन् । समय समयमा न्यायपालिकाविरुद्ध सडकमै नाराबाजी गर्ने गरेको दृश्यले के यो कुरा पुष्टि गर्दैनन् र ?

देशको सार्वभौमिकता, नागरिकको मौलिक हक, मानवअधिकार र देशको राजनीतिक विषय वस्तु समावेश मुद्दाहरूलाई उच्च प्राथमिकता दिएर निर्णय गर्न सके न्यायपालिकाप्रतिको आस्था थप बढ्ने निश्चित छ ।

न्यायपालिकामा हुने गरेका अनियमितताका विषयहरू, बिचौलियाहरूले न्याय सम्पादनमा पार्ने गरेका प्रभावहरू र गरिब जनताले बहन गर्नै नसक्ने महँगो न्यायकाबारेमा उठ्ने गरेका प्रश्नहरूप्रति हामी सबै गम्भीर हुनुपर्ने देख्छौँ ।

कुनै पनि संस्थाको इज्जत, प्रतिष्ठा र सम्मान अरूले होइन संस्था आबद्ध पदाधिकारीहरूले नै बचाउने हो । हामी सबैको संयुक्त प्रयासले स्वतन्त्र न्यायपालिकाको गरिमालाई थप उचाइमा पुऱ्याउन गरौँ । हार्दिक शुभकामना !

(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वैशाख ८ गते शनिबार भक्तपुर जिल्ला अदालतको नवनिर्मित भवन उद्घाटन समारोहमा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)

खानदानी वर्गविरुद्ध खानदानीहरूको विद्रोह

ललितपुर । नेपाल क्रान्तिकारी युवा सङ्घ ललितपुरको आयोजनामा ललितपुर महानगरपालिका वडा नं. २२ बुँगमा 'रुसको डिसेम्बर विद्रोह' पुस्तकबारे अन्तरक्रिया भयो ।

उक्त कार्यक्रममा २ सय वर्षअगाडि सन् १८२५ को डिसेम्बरमा भएको सैनिक विद्रोहको चर्चा भएको थियो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एन. महर्जनले तत्कालीन रुसी राजा जार निकोलस प्रथमको अत्याचार, दमन र भूदासहरूप्रति गरिराखेको शोषणको विरुद्ध खानदान वर्गका सैनिक क्षेत्रमा काम गर्ने जर्नेल, कर्णेल, अफिसरहरूले डिसेम्बर २६, १८२५ मा सैनिक विद्रोह गरेको बताउनुभयो ।

आम जनतामा राजनीतिक चेतना नभएको कारण सैनिक विद्रोह असफल भएको चर्चा गर्दै उहाँले उक्त विद्रोहमा रणनीतिक तथा राजनीतिक त्रुटि भएको बताउनुभयो । उहाँले भन्नुभयो, "करिब एक सय वर्षपछि सन् १९१७ मा त्यही डिसेम्बर विद्रोहबाट शिक्षा लिई तत्कालीन दमनकारीहरूलाई समाजवादी क्रान्ति गरेर बदला लिने कार्य लेनिनको नेतृत्वमा भयो ।"

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य सुवर्ण शाक्यले विद्रोहीहरूलाई अत्यन्त कठिन सजाय दिएको चर्चा गर्दै त्यसमध्ये ५ सेनालाई फाँसी र १२१ जनालाई साइबेरियामा कालापानीको सजाय दिएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "दर्जनौँ महिलाहरूले आफ्नो पतिसँगै साइबेरिया पुगी ३० वर्षसम्म विद्रोही बन्दीहरूलाई आवश्यक सहयोग गरेका थिए ।"

कार्यक्रममा नरेश महर्जन, कवीन्द्र डंगोल, जगतराम महर्जनले हरेक घटनाबाट हामीले सिकेर नेपाली युवाहरूलाई सचेत र सङ्गठित गरी नेपालमा पनि विद्रोहको आवश्यकताबारे चर्चा गर्नुभयो ।

लेनिनको जन्म दिनको अवसरमा प्रवचन

सुर्खेत । विश्व सर्वहारावर्गका महान् गुरु लेनिनको १५४ औँ जन्म दिनको अवसरमा समसामयिक राजनैतिक विषयमा वीरेन्द्रनगर २ गुप्तीपुरमा शनिबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरुङले लेनिनले रुसी क्रान्तिको नेतृत्व गरेर रुसी समाजलाई समाजवादी व्यवस्थामा परिवर्तन गरेको चर्चा गर्दै पार्टीले नेपाली जनताले आफ्ना सन्तानलाई अनुशासित बनाउन पनि नेमकिपाको शिक्षा दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पार्टीको विचारलाई गाउँ गाउँसम्म पुऱ्याई शासक दलहरूले जनतामा छरेको भ्रम चिरफार गर्न आवश्यक रहेको पनि उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले प्रजातान्त्रिक वैज्ञानिक समाजवादले मात्र बहुमत जनताको हित गर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापा, नेपाल क्रान्तिकारी मजदुर सङ्घ सुर्खेतका अध्यक्ष निरकबहादुर शाही, जगत लामिछाने, इन्द्रप्रसाद न्यौपाने, अङ्गबहादुर शाही, अम्मर भण्डारी र मनबहादुर विकलगायतका वक्ताहरूले बोल्नुभएको थियो ।

नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर नगर समितिको आयोजनामा

सम्पन्न कार्यक्रमको अध्यक्षता शेरबहादुर शाहीले गर्नुभएको थियो ।

कार्ल मार्क्स : कामदारवर्गलाई मुक्तिको बाटो देखाउने व्यक्तित्व

✍ समा

मे ५, सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सको २०५ औँ जन्म दिवस । विश्वले कार्ल मार्क्सलाई विभिन्न नाममा स्मरण गर्छ; महान् चिन्तक, दार्शनिक, विचारक, राजनीतिक अर्थशास्त्री, वैज्ञानिक, पत्रकार आदि इत्यादि । वास्तवमा उनलाई उनको क्रान्तिकारी विचार र व्यवहारले अमर बनाएको हो । विश्व कामदार वर्गले उनलाई मुक्तिदाताको रूपमा नमन गर्छन् । शोषण र उत्पीदनबाट मानव मुक्तिको बाटो देखाउने पथप्रदर्शकको रूपमा सम्मान गर्छन् ।

वर्गीय रूपमा विभाजित समाजमा वर्गमुक्तिको बाटो वर्गसङ्घर्ष हो । इतिहासले पनि यो प्रमाणित गरिसकेको छ । वर्गमा विभक्त समाजको समस्या अध्ययन गरी समाधानको प्रभावकारी उपाय आजसम्म अरू कसैले प्रस्तुत गर्न सकेका छैनन् अर्थात् मानव मुक्तिको प्रश्नमा गहिरोसँग घोत्लिने र मुक्तिको वैज्ञानिक मार्ग प्रदान गर्ने व्यक्ति मानवजातिको इतिहासमा कार्ल मार्क्स नै मात्र हुन् भन्दा अतिशयोक्ति नहोला ।

कार्ल मार्क्सले संसारको व्याख्यामात्र गरेनन् बरु संसारलाई बदल्ने कुरा गरे, संसारलाई बदल्ने आधार या उपाय प्रदान गरे । ऐतिहासिक रूपमा प्रमाणित भइसकेको छ कि मार्क्सवाद संसारलाई बदल्ने क्रान्तिकारी विज्ञान हो । मार्क्सवादको उदय मानव सभ्यताको इतिहासमा सर्वाधिक युगान्तकारी घटना हो भन्नेमा कुनै दुविधा छैन । हो क्रान्ति र आमूल परिर्वनका लागि मार्गदर्शन बन्यो- मार्क्सवाद । मानवसमाजको तीव्र र गुणात्मक प्रगतिको आधार बन्यो मार्क्सवाद । पुँजीवादको उत्थान, विकास र पतनको नियम बताउने मार्क्सवादको प्रादुर्भाव विश्व मानव इतिहासमा चमत्कार थियो भन्ने विश्लेषण आजका चिन्तकहरू पनि गर्छन् । मार्क्सवादले मानवजातिलाई संसार बुझ्ने र बदल्ने सुसङ्गत् वैज्ञानिक विश्वदृष्टिकोण प्रदान गरेको छ । मार्क्सवादका सिद्धान्तहरू विज्ञान जत्तिकै सत्य छन्, यसले हरएक कालमा पथप्रदर्शन गर्ने निश्चित छ । तर मार्क्सवाद कुनै तम्तयार सूत्र, या साँचो भने होइन, देश, काल परिस्थिति अनुरूप राजनीतिक र सामाजिक आन्दोलनको स्वरूप र नीति फरक हुन सक्छन् , त्यसकारण मार्क्सवादको निरन्तर अध्ययन अनुसन्धान आवश्यक छ । मार्क्सवादका संघटक अङ्गहरू द्वन्द्वात्मक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको आधारशिलामा नै पुँजीवादी विश्वको अन्त्य सम्भव छ । पुँजीवादी विश्वव्यवस्थाको अन्त्य र समाजवादी विश्वव्यवस्था स्थापना नै मार्क्सवादको उद्देश्य हो । देशको परिवेशअनुरूप आन्दोलनका रूपहरू भिन्न भए पनि उद्देश्य कामदार वर्गको मुक्ति र सर्वहारा वर्गको राज्य व्यवस्था स्थापना नै हो । शोषणका सम्पूर्ण बन्धन चुँडाल्नु र प्रतिक्रियावादी समाजका सम्पूर्ण संयन्त्र तथा पर्खाल भत्काउनु नै हो । यसको लागि देश-देशमा भएका मजदुर आन्दोलनहरू न्यायपूर्ण आन्दोलनहरूको अनुभव भने छलफल हुन जरुरी हुन्छ । त्यसकारण, मार्क्सवाद मजदुर आन्दोलनको सैद्धान्तिक अभिव्यक्ति हो । मार्क्सवाद सर्वहारा वर्गको विचारधारा हो । सन् १८४८-१८४९ का क्रान्तिकारी घटनाहरूमा यसको पहिलो ऐतिहासिक परीक्षण भएको थियो । आजको युगसम्म पनि मार्क्सवाद र मार्क्सका विचारहरू उत्तिकै नयाँ र सान्दर्भिक देखिन्छ ।

समाजवाद हुँदै पृथ्वीमा साम्यवादी समाज निर्माण या स्थापनाको विचार नै मार्क्सको विचार हो । त्यसकारण, कार्ल मार्क्सको जीवन, व्यक्तित्व, योगदानबारे चर्चा यो युगदेखि अर्को युग-युगसम्म चल्नेछ । मानवमुक्तिको विचार कहिल्यै पुरानो हुन्छ ? मानवले मानवमाथि गर्ने हरेक किसिमका शोषणको अन्त्य गरी समतामूलक समाज निर्माणको व्यावहारिक तथा वैज्ञानिक उपाय कहिल्यै असान्दर्भिक हुन्छ र ? विश्व मानव जातिलाई उत्पीडनबाट मुक्त समतामूलक समाज चाहिएको छ, मानवसभ्यताको उत्कृष्ट स्थान या समय त्यही हुनेछ । मार्क्सले त्यो आदर्श समाज र त्यहाँ पुग्ने बाटो मार्क्सवादमार्फत प्रदान गरे ।

मार्क्सवादमा आस्था राख्ने जो कोहीका लागि कार्ल मार्क्सको जीवन अध्ययन अनुपम ज्ञान र ऊर्जाको स्रोत बन्नेछ । मार्क्स आफ्नो जीवनकालमा कसरी क्रान्तिकारी दिशामा अघि बढे ? उनले कसरी सर्वहारा दृष्टिकोण निरूपण गरे ? कम्युनिस्ट लिग हुँदै प्रथम अन्तर्राष्ट्रियको स्थापना र विकासमा उनको भूमिका कस्तो रह्यो ? उनले युरोपका मजदुर आन्दोलनहरूमा कस्तो योगदान पुऱ्याए ? फ्रान्सको क्रान्ति र पेरिस कम्युनका लागि मार्क्सको कार्यनीति कस्तो थियो ? उनको जीवन कस्तो थियो । जीवनमा मार्क्सले भोग्न परेका दुःख कष्टहरूको फेहरिष्ट बनाउन के सम्भव होला ? उनको पारिवारिक जीवन कस्तो थियो ? एङ्गेल्ससँगको मित्रता र सहयात्राले उनको जीवनमा कस्तो भूमिका खेल्यो ? यी प्रश्नका जवाफहरू यो युगका लागि प्रेरणाको स्रोत बन्नेमा कुनै सन्देह नहोला ।

अभाव, सन्तान वियोग, कामबाट निकाला, देशबाट निकाला, निर्वासन, जेल र सङ्कटको पहाड छिचोलेर पनि मानवजातिको हितका लागि समर्पित रहन सक्ने मानवको नाम नै मार्क्स हो । जस्तै बिघ्नबाधामा अविचलित भई लक्ष्यप्रति प्रतिबद्ध र उद्देश्यप्रति स्पष्ट रहन सक्ने मानव हुन् मार्क्स । उनले प्रतिपादन गरेको विचार मार्क्सवाद, पहिलो पटक पेरिस कम्युनको रातो झण्डा बनेर फहरियो । नेता लेनिनले मार्क्सवादलाई विश्व सैद्धान्तिक विचारधाराको शिखर, उन्नाइसौँ शताब्दीमा जर्मन दर्शनशास्त्र, बेलायती राजनीतिशास्त्र, फ्रान्सेली समाजवादको श्रेष्ठतम सिर्जनाको वैधानिक उत्तराधिकारीको रूपमा चित्रण गरेका छन् । साथै मार्क्सवाद सम्पूर्ण र सुसङ्गत छ र यसले मानिस सम्बद्ध विचारधारा प्रदान गरेको छ भनेका छन् । सन्१९१७ मा नेता लेनिनले रुसको भूमिमा मार्क्सवादलाई रुसी अक्टोबर समाजवादी क्रान्तिको झण्डा या हतियार बनाए ।

वैज्ञानिक साम्यवादका संस्थापक कार्ल मार्क्सको जीवनसँग जोडिएका गाथाहरूको सँगालोका रूपमा थुप्रै पुस्तक प्रकाशित छन् । तीमध्ये एभगोनिया स्तेपानोभाद्वारा लिखित 'कार्ल मार्क्सको जीवनी' निकै पठनीय छ । मार्क्सको जीवन र कार्य सङ्क्षिप्तरूपमा विवरणित यस पुस्तकको नेपाली अनुवाद सरल छ । नेपाली पाठकहरूका निम्ति यस पुस्तक सहयोगी बन्ने निश्चित छ । मार्क्सको जन्मदिवसको सेरोफेरोमा मार्क्सको जीवन चर्चा सामयिक होला ।

सानै उमेरदेखि अत्यन्त अध्ययनशील र क्रान्तिकारी स्वभावका मार्क्स किशोरावस्थामै भौतिकवाद र साम्यवादको बाटोमा नयाँ डोबहरू छोड्दै अगाडि बढे । स्कुलपछि बोन र बर्लिन विश्वविद्यालयमा कानुन, दर्शनशास्त्र र इतिहासको गहिरो अध्ययन थाले । सन् १८४१ अर्थात् २३ वर्षको उमेरमा विश्वविद्यालयबाट विद्यावारिधि सकाए । प्राध्यापक बनी जनताको सेवा गर्ने इच्छा राख्ने मार्क्सले कालान्तरमा विश्वलाई नयाँ ज्ञानको उज्यालो प्रदान गरे । हेगेल र युवा हेगेलवादीहरूको सम्पर्कले पनि मार्क्सको ज्ञानको क्षितिज अझ उघारिएको भन्न मिल्ला । हेगेल विश्वका सबै घटनाहरूलाई द्वन्द्ववादी आँखाले हेर्थे । कुनै घटनाको उत्पत्ति, विकास र अन्त्यको प्रकृयामा अध्ययन गर्थे । यस प्रगतिशील तरिकाको उपयोगद्वारा हेगेलले प्राकृतिक एवम् सामाजिक विकासको आन्तरिक नियमितता, विकासको आधार बनेका अन्तरद्वन्द्वहरूको सङ्घर्ष पत्ता लगाउने कोसिस गरे तर हेगेलले यो समस्याको समाधान दिन सकेनन् । उनको दर्शनमा ठूलो त्रुटि थियो अर्थात् दर्शन अध्यात्मवादी थियो । प्रकृतिको वस्तुपरक मानव चेतनाभन्दा पर अध्यात्मलाई प्रकृति या समाज विकासको आधार मान्नु गल्ती थियो । हेगेलको द्वन्द्ववादी विचार दार्शनिक खोलसहितको ईश्वरवादबाहेक केही थिएन भन्ने आलोचना भौतिकवादीहरूले गरे । मार्क्सले लेखेका छन् - "हेगेलको द्वन्द्ववाद टाउकोले टेकेर उभिएको थियो ।" त्यसलाई उल्ट्याउने चिन्तनमा मार्क्स लागे । हेगेलको द्वन्द्ववादी पद्धत्तिले इतिहास मात्रको अध्ययन गर्यो वर्तमान र भविष्यको अध्ययन गरेन त्यसको आलोचनात्मक अध्ययन मार्क्सले अघि सारे । मार्क्सले जर्मनीका दार्शनिक लुडबिक फायरबाखको विचारलाई आफ्नो अध्ययनको विषय बनाए ।



वैज्ञानिक साम्यवादका संस्थापक कार्ल मार्क्सको जीवनसँग जोडिएका गाथाहरूको सँगालोका रूपमा थुप्रै पुस्तक प्रकाशित छन् । तीमध्ये एभगोनिया स्तेपानोभाद्वारा लिखित 'कार्ल मार्क्सको जीवनी' निकै पठनीय छ । मार्क्सको जीवन र कार्य सङ्क्षिप्तरूपमा विवरणित यस पुस्तकको नेपाली अनुवाद सरल छ । नेपाली पाठकहरूका निम्ति यस पुस्तक सहयोगी बन्ने निश्चित छ । मार्क्सको जन्मदिवसको सेरोफेरोमा मार्क्सको जीवन चर्चा सामयिक होला ।

भौतिकवादी प्रोफेसर फायरबाख भन्थे -"प्रकृति मानव चेतनाभन्दा स्वतन्त्र छ र वस्तुप्रधान हुन्छ । प्रकृति र मानिसलाई ईश्वरले बनायो भन्ने कुरा धार्मिक कल्पनाबाहेक केही होइन सारमा ईश्वरले मानिस बनाएको होइन बरु मानिसले ईश्वर बनाएको हो ।" हेगेलवादी भएर पनि प्रोफेसर ब्रुनो बाबरले पनि आत्मा मुख्य नभएर प्रकृति नै मुख्य भन्ने व्याख्या गरे । फायरबाख अनिश्वरवाद एवं नास्तिकताको विचार बोक्थे । मार्क्सको चिन्तन फायरबाखको भौतिकवादी विचारले पनि प्रभावित छ । हेगेलको अध्यात्मवादी दर्शनको विरोध गर्ने पहिलो दार्शनिक फायरबाखको पुस्तक "इसाइ धर्मको सार" (१८४१) बाट मार्क्स प्रभावित भए । तर फायरबाख प्रकृति र प्राकृतिक घटनाहरूबारे मात्र भौतिकवादी दृष्टिकोण राख्थे । इतिहास, सामाजिक सम्बन्धहरू तथा राजनीतिसम्बन्धी सोचाइमा उनी अध्यात्मवादी नै रहे । फायरबाखको भौतिकवादी सीमितता र असङ्गति पत्ता लगाई प्रकृतिमात्र नभएर समाजलाई समेत भौतिकवादी दृष्टिकोणले हेर्ने वैज्ञानिक विश्वदर्शन तयार गर्न लागिपरे । यसरी वैज्ञानिक तथ्य र प्रकृतिशास्त्रको उपलब्धिका आधारमा मार्क्सले हेगेलको द्वन्द्ववादको पुनरावलोकन गर्दै भौतिकवाद र द्वन्द्ववादलाई एकवद्ध गर्ने र एउटा वैज्ञानिक विश्व दृष्टिकोण विकास गरे - द्वन्द्वात्मक भौतिकवाद ।

राइन पत्रिका अर्थात् रइनिस्चे जाइतुन पत्रिकाले मार्क्सको जीवनमा ठूलो अर्थ राख्छ । उनी त्यसका प्रदान सम्पादक थिए । जर्मनीमा श्रमिक र श्रमिक आन्दोलनको स्थिति उजिल्याउने माध्यमको रूपमा पत्रिकाको उपयोग मार्क्सले गरे । हेगेलवादीहरूको नाममा ठाउँठाउँमा बन्दै गरेको साम्प्रदायिक या धार्मिक झुण्डहरूको खण्डन पनि पत्रिका मार्फत गरे । "जर्मन- फ्रान्सेली वार्षिक पत्रिका" जर्मनी र फ्रान्सेली जनवादी पत्रिका प्रकाशनको निम्ति मार्क्स परिवारसहित पेरिस गएका थिए । फ्रान्समा बलेको वर्गसङ्घर्षको आगोलाई आकार दिन उक्त पत्रिकाले सघाएको थियो । अठारौँ शताब्दीमा सम्पन्न फ्रान्सेली क्रान्तिसँगै १९ औँ शताब्दीमा पेरिसमा उदाएका नयाँ वर्गको विश्लेषण र पेरिस कम्युनको तयारीमा पत्रिकाले भूमिका खेल्यो ।

१८४४ मा फ्रेडरिक एङ्गेल्ससँग मार्क्सले पहिलो पटक भेटेका थिए । भेटमा दुवैले आफ्नो विचारमा समानता भेटे । दुई प्रगतिशील व्यक्तित्वहरूको प्रगाढ मित्रता सुरु भयो । लेखन कर्मसँग जोडिने क्रममै मार्क्सले एङ्गेल्ससँग भेटेका हुन् । सन् १८४३ मा पेरिस पुग्दा उनले राजनीतिशास्त्र र समाजवादको अध्ययन थाले । प्रशियाको सरकारको दबाबका कारण फ्रान्सेली सरकारले मार्क्सलाई पेरिसबाट निस्कासन भयो । उनी बेल्जियमको राजधानी ब्रुसेल्स पुगे । त्यहाँ अर्थशास्त्रको अध्ययन थाले । आर्थिक एवम् दार्शनिक पाण्डुलिपिहरूसँगै बेलायतको अर्थतन्त्र अध्ययन तीब्र बन्यो । "राजनीतिक अर्थशास्त्रको आलोचनाका केही खेस्राहरू" कृतिको परिचय पछि दुई मित्रहरूबिच पत्र व्यवहार पनि सुरु भयो ।

मार्क्स र एङ्गेल्सले सँगै मिलेर काम गर्ने क्रममा बुनो बाउएर र मित्रमण्डलीविरुद्ध दुबैले 'पवित्र परिवार' अथवा आलोचनात्मक आलोचनाको आलोचना तयार पारे । तिनले आफूलाई दार्शनिक नेता र जनतालाई अशिक्षित, मुर्ख र सर्वहारा वर्गलाई घृणा र अनादरको दृष्टिले हेर्थे । काल्पनिक समाजवादीहरूको विपरीत मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादको विचार जन्माउने यात्रा तय गरे । लेनिनले लेखेका छन् -"समाजवादी समाजका निर्माताका रूपमा सर्वहारा वर्गको विश्व ऐतिहासिक भूमिकाको अभिव्यक्ति नै मार्क्सको सिद्धान्तको मुख्य उपलब्धि हो ।" पवित्र परिवारमा नयाँ क्रान्तिकारी भौतिकवादी विश्व दृष्टिकोणको सर्वहारा विचारधाराको जग बसालियो ।

मार्क्स जनसमुदायको सम्पर्कमा जान रुचाउँथे । फ्रान्सका आन्दोलनहरूमा सरिक बन्दा उनलाई ब्रसेल्स जान बाध्य पारियो । परिवारको रोजिरोटीको सवाल टड्कारो बन्दा एङ्गेल्स सहयोग गर्न उभिएका थिए । प्रोइसेन सरकारले बेल्जिएममा पनि मार्क्सलाई लेखेट्यो । उनले बेलायत भ्रमण गरे । म्यानचेष्टरको चाटम पुस्तकालयमा धेरै समय बिताए । बेलायतमा मजदुरको अवस्था देख्दा अन्तर्राष्ट्रिय क्रान्तिकारी सङ्गठन स्थापनाको आवश्यकताबोधसँगै हरेक न्यायपूर्ण आन्दोलनलाई क्रान्तिकारी र अन्तर्राष्ट्रवादी मोड दिन आवश्यक रहेको महसुस गरे । उनी 'जर्मन विचारधाराको' तयारीमा लागे । सामाजिक-आर्थिक व्यवस्थाहरू र परम्पराविरोध वर्गहरूमा विभाजित समाजको सञ्चालक शक्तिका रूपमा वर्गसङ्घर्षबारे मार्क्स र एङ्गेल्सले 'जर्मन विचारधारा' बाट छलफल थाले । उत्पादन सम्बन्ध विनिमय, बौद्धिक र शारीरिक श्रमबारे छलफल थाले । यही पुस्तकमा उनले पहिलो पटक द्वन्द्वात्मक भौतिकवादको व्याख्या गरेका हुन् ।

विश्वको क्रान्तिकारी रूपान्तरणका लागि विचारसँगै सर्वहारावर्गको पार्टी आवश्यक छ भन्ने बोध गरे । मजदुर आन्दोलनलाई समाजवाद र सर्वहारा वर्गीय आन्दोलनसँग जोड्न क्रान्तिकारी पार्टी जरुरी हुन्छ । मजदुर या कामदार वर्गलाई सचेत र सङ्गठित नबनाईकन वर्गसङ्घर्ष सम्भव नहुने तथ्य बोध गरे । मार्क्स र एङ्गेल्सले आफ्नो विचारसँग मिल्ने मानिसहरू समेट्न थाले, बिल्हेम भोल्फ तीमध्ये एक क्रान्तिकारी थिए । उनीहरूले ब्रसेल्समा कम्युनिष्ट संवाद समिति गठन गरे । उनले प्रुँडोबादको विरोध गरे । वर्गसङ्घर्ष होइन प्रेम र बन्धुत्वको भावनाले परिवर्तन हुन्छ, सामन्ती र पुँजीपतिहरूसँग मिलेर अगाडि बढ्नुपर्छ भन्ने प्रुँडोको विचार खोटपूर्ण थियो । 'दर्शनको दरिद्रता' यही पृष्ठभूमिमा तयार भयो । प्रुँडोको आर्थिक विश्लेषण र शान्तिपूर्ण तरिकाले व्यवस्था परिवर्तन या उत्पादन सम्बन्धमा कुनै फेरबदलबिना परिवर्तनको कल्पना गलत थियो । पुँजीवादी अर्थव्यवस्था या राज्यव्यवस्थामा सच्चा समाजवादको फलाकोवाजी भ्रामक थियो ।

मार्क्सले एडम स्मिथदेखि रिकार्डोसम्मका अर्थशास्त्रीहरूको मूल्य, भूमिकर, 'Rent' को सिद्धान्त अध्ययन गरी 'राजनीतिक अर्थशास्त्रको आधार तयार गरे । सन् १८४९ उनले "ज्यालादारी र पुँजी" शीर्षकमा नयाँ राइन पत्रिकामा लेखकहरू लेख्न थाले । मजदुरहरूले प्राप्त गर्ने ज्याला पारिश्रमिक हो या श्रमको मूल्य ? पुँजीपति या मजदुर मालिकले परिभाषित गरेको नाफा के हो ? शोषकहरूले नाफाको रूपमा प्राप्त गर्ने अतिरिक्त मूल्य कहाँबाट आउँछ भन्ने रहस्योद्घाटन उनले गरे । मजदुरले आफ्नो श्रम शक्ति बेच्छ । वस्तुको स्वरूप श्रमशक्तिको उपज हो । वस्तुको मूल्य निर्धारणमा लागत जोडिएको हुन्छ । श्रमका लागि जति मूल्य दिनुपर्ने हो त्यो नदिईकन श्रमिकमाथि शोषण गर्छ । बढी घण्टा काम र कम ज्यालाले मालिकको नाफा बढ्छ । त्यो नाफा नै अतिरिक्त मूल्य हो । नाफाको सञ्चयले पुँजी निर्माण हुन्छ । पुँजी पुनः अतिरिक्त मूल्य सिर्जनामा खर्च हुन्छ र पुँजी सञ्चय बढ्छ । पुँजी सञ्चयले पुँजीवाद या शोषणको व्यवस्था अझ बलियो बन्छ । उनको "अतिरिक्त मूल्यको सिद्धान्त र पुँजी" अर्थराजनीतिक वृत्तमा महत्त्वपूर्ण देन मानिन्छ । कामदार जनता कसरी शोषणमा पर्छन् भन्ने बुझ्न उनको यस सिद्धान्तले सघाउँछ ।

मार्क्स र एङ्गेल्सले १८४८ मा कम्युनिष्ट पार्टीको घोषणापत्र तयार गरे । दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक साम्यवादको सङ्क्षिप्त क्रमबद्ध व्याख्या घोषणापत्रमा छ । पुँजीवादी व्यवस्थाको उत्पत्ति, विकास र पतन सँगै नयाँ समाज निर्माणको बाटो खुल्ने वास्तविकता बोध छ । हरेक व्यवस्थाका अन्तरविरोधहरू, उत्पादन शक्ति अर्थात बुर्जुवा उत्पादन शक्तिको अन्तरविरोधको अध्ययन छ । क्रान्तिले मात्र उत्पादन शक्तिको विनाश रोक्न सक्ने र मानवसभ्यताको रक्षा गर्न सक्ने तर्क प्रस्तुत गरे । उनले सर्वहारा वर्ग पुँजीवादी समाजको उत्पीडित तर सबैभन्दा क्रान्तिकारी वर्गको रूपमा प्रस्तुत गरे । पुँजीपति वर्गविरुद्ध हुने सङ्घर्षमा सर्वहारा वर्गको सहभागिता या भूमिका निर्णायक बन्छ । ठूल्ठूला कलकारखाना मालिकको शोषणको जग त्यहीका मजदुरहरूले हल्लाउने सत्य उजागर गरे । कम्युनिष्ट या सर्वहारा पार्टीको आवश्यकता या भूमिका बुझाए । कम्युनिष्टहरू निजी सम्पत्ति उन्मूलन गरी सार्वजनिक सम्पत्ति निर्माणमा केन्द्रित हुने तर्क दिए । घोषणापत्रको सुरुआत यसरी गरिएको छ -"अहिलेसम्म अस्तित्वमा रहेको समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो ।" अन्तमा लेखिएको छ -"मजदुरहरूसँग हार्नको निम्ति आफूलाई बाँधिएको सिक्रीबाहेक अरू केही पनि छैन । जित्नको निम्ति उसको अगाडि सारा संसार छ । संसारका मजदुरहरू एक होऔं ।" मार्क्स र एङ्गेल्सले अन्तर्राष्ट्रवादी भावनाको आवश्यकता बोध गराए ।

समाजवादलाई परिकल्पनाबाट विज्ञानमा परिणत गर्ने दिशामा निर्णायक कदम थियो घोषणापत्र । घोषणापत्र प्रकाशनपछि युरोपमा क्रान्तिको थालनी भयो । सशस्त्र क्रान्तिबाट मात्र कामदार जनताले मुक्ति प्राप्त गर्ने तथ्यले मूर्त रूप लिँदै गयो । क्रान्ति पछिको समयमा मार्क्सले अनुभव गरे -"वर्गहरूको अस्तित्व उत्पादनको विकासका निश्चित ऐतिहासिक अवस्थासँग मात्र सम्बन्धित हुन्छ । सर्वहारा अधिनायकवाद वर्गसङ्घर्षको अनिवार्य परिणाम हो । यस्तो अधिनायकवाद सबै प्रकारका वर्गहरूको उन्मूलन र वर्गविहीन समाजको स्थापनातर्फ सङ्क्रमण मात्रै हो ।"

मार्क्सको पारिवारिक जीवनमा आर्थिक सङ्कट छाया जस्तै बन्यो । एङ्गेल्सले हरेक कठिन मोडमा उनलाई सघाए । एङ्गेल्स दर्शन र विचारहरू छलफल गर्ने र सङ्घर्षको बाटोमा सहयात्रा गर्ने साथी मात्र थिएनन् आफ्नो सम्पूर्ण दुःख पोख्ने भाँडो पनि थिए । मार्क्सको दुई केटाकेटीको मृत्युपछि आठवर्षका छोरा एङ्गरको मृत्यु भएको थियो । उनले आफ्नो बिमारी छोराको

बाँकी पृष्ठ ९ मा

उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-१३

✍ द ट्राइकन्टिनेन्ट

(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो । यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ । यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जिएसआई) बाट लिइएको हो । यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इर्स्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो । दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ । पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने डेढ सयभन्दा बढी सन्दर्भ सामग्रीहरू दिइएको छैन । अनुवादक)

परास्त र लम्पसारवादी युरोप र जापान

दोस्रो विश्वयुद्धको अन्त्य यता संरा अमेरिका युरोपका देशका साथै जापानलाई सैन्य, राजनीतिक र आर्थिक रूपमा आफूले नियन्त्रण जमाउने गुटमा एकगठ गर्न प्रतिबद्ध रहँदै आएको छ । नेटो जोड संरचनामार्फत संरा अमेरिकाले साम्राज्यवादी समूहभित्र पूर्ण सैन्य दबदबा सुनिश्चित गऱ्यो । यसको लागि उसले दोस्रो विश्वयुद्धमा पराजित देशहरूमा रहेका धेरै सैन्य अखडालाई प्रयोग गर्छ । यसमा जापान (१२० अखडा), जर्मनी (११९ अखडा) र इटली (४५ अखडा) पनि पर्छन् । इटलीमा मात्र १२ हजार अमेरिकी सैनिक छन् ।

सन् १९५० को दशकमा संरा अमेरिकाले युरोपका राजनीतिक सम्भ्रान्तहरूलाई आफ्नो कक्षमा ल्यायो । मार्शल योजनामार्फत युरोपको व्यापारिक घर्षण बढ्यो । अमेरिकाले सन् १९८५ को 'प्लाजा समझदारी' मार्फत जबर्जस्ती जापानी मुद्रा येनको मूल्य बढायो । यसले गर्दा जापानको निर्यात घट्यो र उसको आर्थिक विकासको गति सुस्त भयो ।

त्यसपछि सन् १९८७ मा वालस्ट्रीट दूरघटना भयो । अमेरिकाले जापानलाई अत्यन्त खुकुलो मौद्रिक नीति र अर्थनीति अपनाउन बाध्य पाऱ्यो । सोभियत सङ्घविरुद्ध आफ्नो अन्तर्राष्ट्रिय आक्रमणमा वित्तीय सहयोग जुटाउन अमेरिका विश्वभरिबाट आफूकहाँ पुँजी प्रवाह बढाउन चाहन्थ्यो । यसैको लागि उसले जापानलाई च्याँपेको थियो । यस प्रक्रियाबिच उसले जापानमा 'आर्थिक फोका' उत्पन्न गऱ्यो । यो फोका फुट्दा जापान दशकौँ लामो आर्थिक गतिरोधमा फस्न पुग्यो ।

उच्च प्रविधिका धेरै क्षेत्रमध्ये सूचना प्रविधि र नयाँ ऊर्जाको क्षेत्रमा जापानले अमेरिकी थिचोमिचो पनि भोग्नुपऱ्यो । यसले गर्दा उसको औद्योगिक उन्नयन टाक्सियो । सन् १९८७ सम्ममा तोशिबा सेमिकन्डक्टर उत्पादनमा विश्वको अगुवा कम्पनी बनिसकेको थियो । तर, त्यही वर्ष सोभियत सङ्घसँग सम्झौता गर्ने निहुँमा अमेरिकाले तोशिबामाथि आर्थिक प्रतिबन्ध लगायो । अहिले चीनको हुआवे कम्पनीविरुद्ध अमेरिकाले अपनाएको नीतिकै शिकार त्यतिबेला तोशिबा बनेको थियो । तोशिबाका मुख्य प्रतिस्पर्धीहरू त्यसबेला अमेरिकाका आबिएम र इन्टेल कम्पनी थिए । तोशिबालाई अँठ्याउने अमेरिकी नीतिको लाभ ती कम्पनीले उठाए ।

सोभियत सङ्घको पतन र लगत्तै जर्मनीको पुन: एकीकरणपछि जर्मनीका आर्थिक स्वार्थलाई अमेरिकी स्वार्थको तखतमा राखियो । त्यसपछिका ५० वर्षमा अमेरिकी स्वार्थको आंशिक विरोध गर्ने साम्राज्यवादी नेताहरूलाई पनि अमेरिकाले विस्थापित गर्न तारो बनायो । फ्रान्समा सन् १९९५ देखि २००७ सम्म राष्ट्रपति बनेका ज्याक सिराकलाई अमेरिकाले कसिङ्गर ठान्यो । जर्मनीमा सन् १९९८ देखि २००५ सम्म चान्सलर बनेका गेर्हार्ड श्रोयडरलाई पनि अमेरिकाले देखी सहेन ।

दोस्रो विश्वयुद्धपछि जापानलाई सोभियत सङ्घ तथा चिनियाँ समाजवादविरुद्ध अग्रकिल्ला बनाउन अमेरिकाले जापानलाई तीव्र आर्थिक विकास गर्न दियो । यद्यपि सन् १९८० को दशकमा जापानको आर्थिक उदयले अमेरिकाको विश्वव्यापी आर्थिक वर्चस्वमा सम्भावित खतरा उत्पन्न गऱ्यो । यसले गर्दा दुई पक्षीय वर्षमा साम्राज्यवादी देशहरूको सीमालाई निर्बाध र शीघ्र आरपार गर्ने पुँजीको क्षमता अकासिएको छ । पुँजी लगानीका निश्चित प्राथमिक अवयव छन् । यसमा सेयर कारोबार, मुद्रा, धितोपत्र, निजी हिस्सेदारी, घरजग्गा कारोबार र अन्य धेरै फर्स्यौट नभइसकेका करार पर्छन् । सेयर बजार अधिकांश पुँजीपतिहरूका लागि दीर्घकालीन लगानी गर्ने मूल साधन हो । सर्वाजनिक कारोबारमा जाने कुनै जर्मन कम्पनीले अमेरिकी वा कुनै जर्मन सेयर बजारबाट काम थाल्न सक्छ । भेनगार्डजस्ता ठूला कोषहरूले यी कोष किन्छन् तर यिनीहरू लाभ लिने मालिक हुँदैनन् । यिनीहरू त मूल पुँजीका कोषका लागि केवल प्रभावशाली संरक्षकमात्र हुन्छन् । (यो पुँजीको अलिकति हिस्साका मालिक निम्न पुँजीपतिहरू एवम् कामदार वर्गको सहुलियतप्राप्त तप्का हुन्छन् । पेन्सन वा सञ्चिती कोषजस्ता माध्यमबाट यिनले त्यो हिस्सा पाएका हुन्छन् ।)

यी कम्पनीका मूल सेयरधनीहरूले अन्तत: आफ्नो त्यो सार्वजनिक सेयर बेच्न सक्छन् र बेच्छन् पनि । तिनीहरूआफ्नो धन व्यवस्थापन गर्न कुनै एउटा कम्पनीको आफ्नो लगानीमाथि मात्र निर्भर हुँदैनन् । बरु गोल्डमान साक्सजस्ता कम्पनी अथवा आफ्नै सल्लाहकारको माध्यमबाट तिनले धन व्यवस्थापकहरूलाई काममा लगाउँछन् । यी व्यवस्थापकले तिनको नगद रकम सेयर बजारमा लगानी गर्छन् । धेरै पुँजीपतिहरूको सट्टा तिनका सल्लाहकारले आफ्नो पोर्टफोलियो वा निवेश सङ्ग्रहको ५० प्रतिशतभन्दा बढी रकम अमेरिकी सेयर बजारमा लगानी गर्छन् । त्यसैले जर्मन पुँजीपतिहरूले रूसको बजार तथा सस्तो ऊर्जामा आँखा गाडे । आफू र आफ्ना फ्रान्सेली सहकर्मीहरूले दोस्रो विश्वयुद्धपछि युरोपमा चलाइआएको अटुट दबदबा कायम रहेसम्म उनीहरूले रूससँग आर्थिक सम्बन्ध बढाउन चाहे । यसको अर्थ उनीहरूरूसको राजनीतिक नेतृत्वलाई युरोपको राजनीतिक मामिला, निर्णय वा संरचनामा समान रूपमा सहभागी नबनाई रूससँग आर्थिक सम्बन्ध जोड्न चाहन्थे । तर, जर्मनीलाई रूससँग कुनै पनि रणनीतिक सम्बन्ध बनाउनबाट रोक्नु अमेरिकी नीति थियो । किनभने, ती दुवैको शक्ति एक ठाउँ आएको खण्डमा युरोपमा अमेरिकाको लागि अभेद्य आर्थिक प्रतिस्पर्धी पैदा हुने थियो ।

पुँजी तथा उत्पादनका साधनमाथिको स्वामित्व सदैव आधारभूत विषय रह्यो । बितेका ३० वर्षमा कम्पनी सार्वजनिक गर्न धेरै अप्ठ्याराहरू सहनुपर्छ । उसले आफ्नो कम्पनीलाई टर्कीमा सार्वजनिक गर्न सक्छ र सेयर बेचेर प्राप्त धनलाई अमेरिकी डलरमा परिणत गरेर त्यसलाई अमेरिकी सेयर बजारमा लगानी गर्न सक्छ । विश्व सम्भ्रान्तको सूचीमा सामेल हुन टर्कीका पुँजीपतिहरूले अपनाउनुपर्ने सबैभन्दा सोझो बाटो यही हो । यद्यपि यो प्रक्रिया अत्यन्त प्रतिस्पर्धात्मक र कहिलेकाहीँ मात्र हुन्छ । यो प्रक्रिया अत्यन्त ढिलो र कम रकमको हुन्छ ।

चित्र ३७ मा विश्वका प्रमुख सेयर बजारमा लाभदायी विदेशी स्वामित्वको प्रतिशत देखाइएको छ ।

यसबाट विदेशी स्वामित्वको ठूलो हिस्सा युरोपको देखिन्छ । जब कि संरा अमेरिका, चीन र साउदी अरबको मिलाउँदा विदेशी स्वामित्वको २० प्रतिशत मात्र हुन आउँछ । भिन्दाभिन्दै राष्ट्रका साम्राज्यवाद र तिनका शासक वर्ग फरक होइनन् अथवा आर्थिक रूपमा आपसमा विभाजित छैनन् । तिनले दोस्रो विश्वयुद्धअघि जस्तो आनका तान फरक पर्ने गरी फरक रणनीतिक राष्ट्रिय उद्देश्य तय गर्दैनन् । यद्यपि प्रगतिशील र समाजवादी शक्तिले सदैव साम्राज्यवादी शक्तिहरूबिचको आंशिक, आर्थिक एवम् सामरिक विमतिलाई आवश्यकता अनुसार उपयोग गर्छन् ।

उदाहरणको लागि आज जर्मनीले प्रस्ट रूपमा अमेरिकाको अगुवाइमा भइरहेको यो एकता प्रक्रिया र आर्थिक सुदृढीकरणको प्रभावकारिता दर्साउँछ । यसलाई चित्र ३८ मा देखाइएको छ । सन् २०२० को आइएचएस मार्किट डेटा अनुसार जर्मन सट्टाबजारको १३.३ प्रतिशत मूल्य मात्र जर्मनहरूको हातमा छ । त्यसमा उत्तर अमेरिका र बेलायतका लगानीकर्ताहरूको हिस्सा भने ५८.३ प्रतिशत छ ।

अर्न्स्ट र यङले सन् २०२३ मा गरेको एक अध्ययनअनुसार सन् २०२२ भरि जर्मनीको डाक्स सूचकाङ्कमा योग दिने ४० ठूला तथा प्रतिष्ठित कम्पनीहरूको सेयरको कम्तीमा ५२.१ प्रतिशत बजार मूल्य जर्मनीबाहिरका कोषहरूको हातमा छ । बाँकी सेयरमध्ये १६.५ प्रतिशतको मालिकत्व अज्ञात छ (यो हिस्सा विदेशी पुँजीकै हातमा हुने सम्भावना धेरै छ) भने ३१.३ प्रतिशत बजार मूल्य मात्र जर्मनहरूको हातमा छ ।

जर्मन अर्थतन्त्रका प्रमुख कम्पनीहरू मूलत: जर्मनहरूको हातमा छैन ।

जर्मनीको थप औद्योगिक मूल्य विश्वको ९ प्रतिशत बाट खस्केर गत १८ वर्षमा लगभग ६ प्रतिशतमा सीमित छ ।

सस्तो रूसी ऊर्जा गुमाउनुपर्दा र रूससँगको औद्योगिक विच्छेद उसको अन्तर्राष्ट्रिय प्रतिस्पर्धी क्षमताका लागि अत्यन्त हानिकारक हुनसक्छ । साथै इलेक्ट्रिक भेइकल (इभी) को उदयले गर्दा परम्परागत इन्जिनको महत्त्व घटेको मात्र होइन, त्यसलाई ठूलो घाटा पनि भइरहेको छ । सय वर्षदेखि जर्मनीले यस प्रविधिमा वर्चस्व कायम गर्दै आएको थियो ।

सन् २०२२ मा मात्र जर्मनीमा हुने विदेशी प्रत्यक्ष लगानीमा ५०.४ प्रतिशत कमी आयो ।

सन् २०१९ यता १५ चौमास गइसकेको छ र जर्मनीको कूल गार्हस्थ उत्पादनमा झिनो ०.६ प्रतिशत मात्र वृद्धि आएको छ । बजार मूल्य समान जस्तो छ । सोही अवधिमा चीनमा २०.२ प्रतिशत वृद्धि भयो भने संरा अमेरिकामा ८.१ प्रतिशत वृद्धि भयो ।

दक्षिणी गोलार्द्धको दाँजोमा मिडियामा संरा अमेरिका हावी छ । युरोपको टेलिभिजन बजार अधिकांशत: अमेरिकी हो । 'युरोपका आञ्चलिक च्यानललाई छोडेर पाँच टिभी च्यानलमध्ये एउटा च्यानल (१८ प्रतिशत) अमेरिकी हो । युरोपमा चल्तीका सबै एसभिओडी (३९ प्रतिशत) र टिभिओडी (३३ प्रतिशत) सेवाको एक तिहाइभन्दा बढी सेवा अमेरिकी कम्पनीका हुन् । (यी सेवाका माध्यमबाट दर्शकले जतिबेला पनि सशुल्क भिडियो हेर्न सक्छन् ।) युरोपका झन्डै आधा बाल टिभी च्यानल (४८ प्रतिशत) अमेरिकी हुन् । त्यस्तै ५९ प्रतिशत सशुल्क मनोरञ्जक भिडियो प्रदायक सेवाहरू (भिओडी) अमेरिकी हुन् ।'

युक्रेन युद्धका सन्दर्भमा जर्मनीले 'राष्ट्रिय मनोबल' गुमाइसकेको स्पष्ट भयो । त्यहाँका राष्ट्रिय पुँजीपति वर्गले आफ्नो हित अघि बढाउन नचाहेको देखियो । यसबाट २० औँ शताब्दी यता जर्मनी तेस्रोचोटि परास्त भएको साबित हुन्छ । (दुई विश्वयुद्धमा जर्मनी दुईचोटि पराजित भइसकेको अध्येता हडसनको निष्कर्ष छ ।)

आफूले मूल्य चुकाएरै भए पनि रूसविरुद्ध आर्थिक प्रतिबन्ध लगाएर र युक्रेनलाई सैन्य सहयोग दिएर जर्मनीले अमेरिकालाई साथ दियो । गाजाविरुद्ध इजरायलको युद्ध सयौँ दिन पुग्दा २३ हजारभन्दा बढी प्यालेस्टिनीहरू मारिए । बिसौँ शताब्दीको आरम्भमा जर्मनीले अफ्रिकी मुलुक नामिबियामा नरसंहार मच्चाएको थियो र दोस्रो विश्वयुद्धका क्रममाआफ्नै यहुदी देशबासीविरुद्ध नरसंहार चलाएको थियो । यस्तो पृष्ठभूमि भएको जर्मनीले दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय न्यायालयमा दायर गरेको मुद्दामा इजरायलको पक्ष लियो ।

सन् २०२३ का पछिल्ला केही महिनामा जर्मन पुँजीका राजनीतिक प्रतिनिधिहरूले तल्लो सदन बुन्देस्टागमा निजी तवरले केही नीति अवलम्बन गरे । जोखिम घटाउने निहुँमा उनीहरूले चीनसँगको व्यापारमा सीमा तोके । यो नीति जर्मन व्यवसायको अल्प तथा मध्यकालीन स्वार्थका दृष्टिले घातक छ । कार्ल मार्क्सले पुँजीपतिहरूबिचको सम्बन्धलाई झगडालु दाजुभाईको जत्था भन्नुभएको थियो ।

पुँजीपतिहरूबिच जति नै मनमुटाव भए पनि सङ्कटको बेला शासक वर्गको औजारको रूपमा राज्यले आफ्नो राजनीति भूमिका खेल्छ । आज नाउँ मात्रका जर्मन कम्पनीका प्रमुखहरूको अल्पकालीन हित उग्र साम्राज्यवादको स्वार्थको तखतमा छ ।

सन् १८७१ देखि १९१८ सम्ममा जर्मन साम्राज्यको निर्माण भयो । त्यति बेला भौगोलिक विस्तारका साथसाथै पूर्वी युरोपमा राजनीतिक र आर्थिक विस्तार गर्नु उसको मुख्य रणनीति थियो । सन् १९९० मा जर्मनीको एकीकरण भयो । त्यसपछि जर्मनीले दोहोरो रणनीति अपनायो । पहिलो, उसले रूसविरुद्ध नेटोलाई विस्तार गर्ने अमेरिकी नीतिमा निर्णायक समर्थन जनायो । दोस्रो, उसले रूसमा 'पुँजी घुसपैठ' को समानान्तर नीति अपनायो । अलि स्वतन्त्र नीति अपनाउने भन्दा पनि विशेषगरी पश्चिमा र जर्मन स्वार्थहरूसँग जोडिएका क्षेत्रहरूमा राजनीतिक नियन्त्रण जमाउने उद्देश्यले जर्मनीले यो नीति अपनाएको थियो । जर्मन पुँजीले त्यसबेलाका रूसी अर्बपति मिखाइल खोदोर्कोभ्स्की जस्ता एजेन्टहरूलाई टेवा दियो । सन् २००१ मा खोदोर्कोभ्स्कीले 'खुला रूस फाउन्डेसन' नामक संस्था स्थापना गरे । त्यसका एकजना संरक्षक हेनरी किसिन्जर थिए ।

सन् २००४ मा पुटिनविरुद्ध लागिपरेको हुनाले ठगी र रकम हिनामिनाको आरोपमा खोर्दोकोभ्स्कीलाई कैद गरियो ।

जर्मन चान्सलर एँगेला मर्केलले रूसविरुद्ध सैन्य तयारीलाई सघाउनुका साथै पुटिनविरुद्ध विभिषणहरूलाई सङ्गठित गर्ने दोहोरो नीति अपनाइन् । अमेरिकाले ठूलो दबाब दिँदादिँदै पनि उनले नर्ड स्ट्रीम-२ पाइपलाइन निर्माण गरिन् । यो निर्माण जर्मनीको आफ्नै हितमा थियो । रूसलाई रिझाउन वा

बाँकी पृष्ठ ७ मा

Figure 38



Figure 37



पश्चिमले इरानविरुद्ध लगाएको व्यापक प्रतिबन्धले स्पष्ट दोहोरो मापदण्ड प्रकट गर्दछ

इजरायलले इरानी महावाणिज्य दूतावासमा बम विष्फोट गरेपछि, जसमा १६ जनाको मृत्यु भयो, अमेरिकाले संयुक्त राष्ट्र सङ्घलाई इजरायलको निन्दा गर्नबाट रोक्न सक्रियरूपमा काम गऱ्यो । तैपनि, इजरायलविरुद्ध इरानको कुनै पनि मृत्युबिनाको अपेक्षाकृत संयमित प्रतिकारपछि, संरा अमेरिका र युरोपेली सङ्घ (ईयू) इरानविरुद्ध नयाँ प्रतिबन्ध लगाउन उत्सुक छन् । यस अवस्थामा पश्चिमाहरूको दोहोरो मापदण्ड निकै प्रस्ट देखिन्छ ।

अमेरिकी अर्थमन्त्री जेनेट येलेनले मङ्गलबार संरा अमेरिकाले आगामी दिनमा इरानमाथि नयाँ प्रतिबन्ध लगाउने योजना रहेको बताएकी छन् । ईयूका विदेश नीति प्रमुख जोसेप बोरेलले पनि सोही दिन ईयूले इरानमाथिको प्रतिबन्ध विस्तार गर्ने काम सुरु गरेको बताए । येलेनले भनिन् कि ट्रेजरीले इरानी शासनको 'खराब र अस्थिर गतिविधि' लाई बाधा पुऱ्याउन प्रतिबन्धको अधिकार प्रयोग गर्न अमेरिकी सहयोगीहरूसँग काम गर्न हिच्किचाउने छैन ।



इजरायलले अन्तर्राष्ट्रिय प्रतिक्रियामा, संरा अमेरिका माफी दिने निर्णय आर्थिक प्रतिबन्ध सन्तुष्ट कानूनको स्पष्ट उल्लङ्घनको र उसका सहयोगीहरूले यसलाई छनौट गरे । अहिले इरानमाथि लगाएर इजरायललाई पार्न खोजिरहेका छन् । स्पष्ट रूपमा, संरा अमेरिकाको लागि, सही र गलतको निर्धारण स्पष्ट रूपमा आफ्नै स्वार्थमा आधारित छ ।

इरान दशकौंदेखि अमेरिकी प्रतिबन्धको सामना गरेर बाँचिरहेको छ । हालसम्म संरा अमेरिकाले इरानमाथि प्रतिबन्ध लगाउने राष्ट्रसङ्घीय सुरक्षा परिषद्का चारवटा प्रस्तावमा जोड दिएको छ । तर, अमेरिकी प्रतिबन्धको प्रभावकारिता झन्झन् सीमित हुँदै गइरहेको छ । चाइनिज एकेडेमी अफ सोसल साइन्सेसका मध्यपूर्व विश्लेषक ताङ झिचाओका अनुसार इरानले पश्चिमी प्रतिबन्धहरूसँग लड्नका लागि उपायहरूको एक सेट विकसित गरेको छ ।

ताङले भन्नुभयो कि इरानका लागि तेल र हतियारजस्ता क्षेत्रमा अमेरिकी प्रतिबन्ध नयाँ होइन र अमेरिकाले इरानलाई प्रतिबन्धहरूमार्फत पेश गर्न बाध्य पार्ने आफ्नो लक्ष्य हासिल गर्न लगातार असफल भएको छ । त्यतिमात्र होइन संरा अमेरिकाद्वारा नियोजित यी प्रतिबन्धहरूको मुख्य उद्देश्य इजरायललाई सन्तुष्ट पार्नु हो, जसले संरा अमेरिकाको लगातार दोहोरो मापदण्डलाई पूर्ण रूपमा उदाङ्गो गर्दछ ।

इजरायल र इरानबिचको वर्तमान द्वन्द्वको मूल कारण प्यालेस्टिन-इजरायल द्वन्द्व हो । तैपनि संरा अमेरिका र ईयूले मध्यपूर्व सङ्कटको मूल कारणहरूमा आँखा चिम्लेका छन् । द सनको भर्खरको लेखले विश्वास गर्छ कि इरान र इजरायलको युद्धले पारस्परिक रूपमा सुनिश्चित गरिएको विनाश अपरिहार्य छ, यसले कसरी दुई देशहरूबिचको द्वन्द्व आणविक युद्धमा बढ्न सक्छ र तेस्रो विश्वयुद्ध भड्काउन सक्छ । लेखक ली विश्वास गर्छन् कि यस्ता अतिरञ्जित 'भविष्यवाणीहरू' सामान्यतया पश्चिमी मिडियाले ध्यान आकर्षित गर्न र इरानले उत्पन्न गरेको आणविक खतरालाई बढाइचढाइ गर्न प्रयोग गर्ने चाल हो ।

हिजोआज पश्चिमी सञ्चारमाध्यमहरूले इरान र इजरायलबिचको द्वन्द्वलाई बङ्ग्याउँदै छन् । इरानलाई प्यालेस्टिन-इजरायल द्वन्द्वको अग्रभागमा ल्याएर द्वन्द्वको वास्तविक जडबाट अन्तर्राष्ट्रिय समुदायको ध्यान हटाउने नियत राखेका छन् । गाजा द्वन्द्वमा संरा अमेरिका, पश्चिमी देश र इजरायलले ठूलो अन्तर्राष्ट्रिय दबाबको सामना गरिरहेको ताङको विश्वास छ । उनीहरूले इरानले दिएको खतरालाई बढाइचढाइ गरेर र इजरायलविरुद्ध इरानको हमलालाई सनसनीपूर्ण बनाएर ध्यान हटाउन खोजिरहेका छन् । लगातार इजरायलको पक्षमा लिएर अमेरिकाले इजरायलको उत्तेजक व्यवहारलाई मात्र प्रोत्साहन दिइरहेको छ । संरा अमेरिका र पश्चिमी देशहरूले दोहोरो मापदण्ड त्यागेमा मात्र उनीहरूले मध्यपूर्वको तनावलाई प्रभावकारी रूपमा कम गर्न सक्छन् र यस क्षेत्रमा न्याय र शान्ति कायम गर्न सफलता हासिल गर्न सक्छन् ।

-ग्लोबल टाइम्स

अमेरिकाले कसरी फिलिपिन्सलाई अग्निरेखामा धकेलिरहेको छ ?

✍ आइ जुन

यदि संरा अमेरिका कुनै कलाको पूर्ण मालिक हो भने त्यो कला हो अरूलाई स्वेच्छाले आफ्नो तोपको चाराको रूपमा सेवा गर्न मनाउने कला । यतिखेर संरा अमेरिकाले फिलिपिन्सलाई अग्निरेखामा (युद्धको स्थितिमा) पठाउने आफ्नो प्रयासलाई तिब्रता दिइरहेको छ ।

युएस आर्मी प्यासिफिकले सोमबार आफ्नो वेबसाइटमा घोषणा गऱ्यो कि "ऐतिहासिक पहिलोमा, पहिलो बहु-डोमेन टास्क फोर्सले सफलतापूर्वक मध्यम दुरीको (मिड-रेन्ज) क्षमता (MRC) मिसाइल प्रणाली फिलिपिन्सको उत्तरी लुजोनमा अभ्यास (Salaknib 24) को भागको रूपमा तैनाथ गरेको छ ।"

यसको अर्थ के हो ? अमेरिकी मिडिया द वार जोनले लेख्यो "पहिलोपटक चीनको करेसाबारीमा अमेरिकी सेनाले टाइफोन मिसाइल प्रणाली तैनाथ गऱ्यो" । शीर्षकमा स्पष्ट व्याख्या दिएको छ, "टाइफोन प्रणाली, जसलाई एमआरसी पनि भनिन्छ, "जसले टमाहक र एसएम-६ मिसाइलहरू प्रहार गर्न सक्छ । यसको स्थापना इन्डो-प्यासिफिक योजना सफल पार्नको लागि फिलिपिन्समा गरिएको छ ।" "यो सेवाले चीनको करेसाबारीमा यी प्रणालीहरूलाई स्थायी रूपमा आधार बनाउने योजनामार्फत काम गर्दा के हुने छ भन्ने कुराको झलक हो ।" समाचारले अगाडि भन्छ ।

फिलिपिन्सको उत्तरी लुजोनको मध्यबाट टाइफोनसँग चिनियाँ मुख्य भूमिको दक्षिणपूर्वी कुनासम्म मार हान्ने क्षमता भए पनि सुरक्षाको उपाय गर्न पुग्न पर्याप्त दूरी छ, साथै मुख्य जलसेना र अन्य आधारहरूसहित हाइनान टापुमा "चिनियाँ सेनाहरूका लागि नयाँ चुनौतीहरू प्रस्तुत गर्दै युद्ध क्षेत्रलाई विस्तार गर्ने सम्भावना राख्छ ।"

यो सबै प्रभावशाली सुनिन्छ, विशेषगरी जब विश्लेषणले जोड दिइन्छ कि टाइफोनको दायरा दक्षिण चीन सागर र ताइवान जलडमरूसम्म छ । सन् २०१९ मा इन्टरमिडिएट रेन्ज न्यूक्लियर फोर्सेस (आईएनएफ) सन्धिबाट वाशिङ्टन बाहिरिएपछि संरा अमेरिकाले आफ्नो किसिमको पहिलो तैनाथी गरेको हो । सैन्य विज्ञहरूका अनुसार यसले दक्षिण चीन सागरमा बढ्दो तनावमा फिलिपिन्सको लागि अमेरिकी समर्थन देखाउँछ र चीनको शान्तिपूर्ण पुनर्मिलनको प्रयासमा बाधा पुऱ्याउने अमेरिकाको प्रयासलाई फेरि एकपटक उदाङ्गो पारेको छ ।

यद्यपि, टाइफोन प्रणालीलाई जति धेरै मनमोहकरूपमा चित्रण गरिएको छ, उक्साउने यो चरणको व्यावहारिक प्रतिरोधभन्दा धेरै प्रतीकात्मक महत्त्व बोकेको छ ।

अमेरिकी सेनाले उपलब्ध गराएको जानकारीका अनुसार टाइफोन प्रणालीको ब्याट्रीमा चारवटा लन्चर, एउटा कमाण्ड पोस्ट र रिलोड र सपोर्ट गर्ने सवारी साधनहरू सबै ट्रेलरहरूमा हुन्छन् ।

"यसको अर्थ हतियार प्रणालीलाई द्रुतगतिमा तैनाथ गर्न सकिन्छ र आक्रमण गर्न सकिन्छ भन्ने हो तर यसको बेफाइदाहरू पनि उत्तिक्कै छन्," बेइजिङस्थित सैन्य विशेषज्ञ र मिडिया कमेन्टेटर वेई डोङ्गसुले ग्लोबल टाइम्ससँग वेईले औंल्याउनुभयो कि टोमाइक एउटा सबसोनिक

क्रुज मिसाइल हो जसमा कुनै रडारलाई पराजित गर्ने स्टिल्थ डिजाइन छैन । आक्रमणको समयमा, यसलाई सजिलै पत्ता लगाउन सकिन्छ, ट्र्याक गर्न सकिन्छ र विपक्षीको परिष्कृत पूर्वचेतावनी प्रणालीद्वारा अवरोध गर्न सकिन्छ । आधुनिक युद्धपोतहरू र राम्रोसँग विकसित भू-आधारित वायु रक्षा र मिसाइल प्रतिरक्षा प्रणालीहरू भएको कुनै पनि सैन्य शक्तिका लागि, टोमाहक क्रूज मिसाइलहरूविरुद्ध प्रभावकारी रूपमा रक्षा गर्न गाऱ्हो छैन ।

अर्कोतर्फ, एस एम - सिक्सले सबसोनिक र सुपरसोनिक हवाई लक्ष्यहरूविरुद्ध फायर गर्न सक्छ, तर हाइपरसोनिक हतियार र स्टिल्थ विमानहरूको सामनामा कुनै प्रतिरक्षा क्षमता छैन, वेईले भन्नुभयो । एकपटक मिसाइल प्रक्षेपण गरेपछि चीनले सटीक प्रतिवाद प्रक्षेपण गर्नेछ ।

अर्को शब्दमा, टाइफोन प्रणालीलाई नयाँ प्याकेजिङमा बेरिएको पुरानो मिसाइलको रूपमा देख्न सकिन्छ । अमेरिकाले यसबारे जति नै घमण्ड गरोस्, प्रणालीको मूल कुरा वास्तवमा समयको पछाडि छ । यो अमेरिकाले फिलिपिन्सलाई आफ्ना वाचाहरू पूरा गर्न पठाएको र मनिलालाई वाशिङ्टनको रथमा अझ बलियोसँग बाँधेर पठाएको खराब उपहारजस्तो देखिन्छ ।

सैन्य सामान्य ज्ञानको थोरै मात्रा भएको जो कोहीलाई थाहा छ कि यदि फिलिपिन्सबाट मिसाइलहरू प्रक्षेपण गरियो भने, फिलिपिन्स आफैं निश्चित रूपमा बदलाको लागि लक्ष्य बन्नेछ । फिलिपिन्सले नतिजालाई गम्भीरताका साथ सोच्नुपर्छ र अमेरिकाको लागि आफूलाई तोपको चाराको रूपमा सक्रिय हुनुअघि फेरिफेरि सोच्नुपर्छ, चिनियाँ सैन्य विज्ञ झाङ जुन्सेले ग्लोबल टाइम्ससित भन्नुभयो ।

विडम्बनापूर्ण रूपमा फिलिपिन्सले चीनलाई आवश्यक परेको बेला त्यस्तो उत्तेजक खतराको सामना गर्न प्रत्यक्ष सैन्य रणनीतिक प्रहारहरू गर्ने कारण उपलब्ध गराएको हो, विज्ञहरूले औंल्याए ।

पहिले, फिलिपिन्स, दक्षिण चीन सागरमा आफ्नो व्यवहारको साथ, खाली हातले एक वयस्कलाई उक्साउने अनियन्त्रित बच्चाजस्तै थियो । तर, अहिले अमेरिकाले बच्चाको पछाडि उभिने मात्रै होइन, उसलाई बन्दुक पनि दिएको छ, उसलाई यताउता हिँड्न र खतराको रातो रेखा पार गर्न पनि प्रोत्साहन दिइरहेको छ, जब बच्चा आफैले बन्दुक कसरी र कहिले प्रयोग गर्ने भनेर निर्णय गर्न नसक्ने प्राध्यापक शेन यीले बताए । साङ्घाईको फुदान विश्वविद्यालयले ग्लोबल टाइम्सलाई बताउनुभयो ।

यदि बच्चाले कहिल्यै रेखा पार गर्ने हिम्मत गर्छ भने, उसले पत्ता लगाउनेछ कि बन्दुक एकदम नयाँ देखिन सक्छ, तर भित्रमा खिया लागेको छ र वास्तवमा वयस्कलाई चोट पुऱ्याउँदैन । जे होस्, वयस्कले बिग्रिएको ब्रैटसँग व्यवहार गर्न आफ्नो दृष्टिकोण अपग्रेड गर्न सक्छ, शेनले भन्नुभयो ।

के फिलिपिन्स बहुलाउँदैछ ? फिलिपिन्स सरकारले फिलिपिन्सको हितको रक्षा गरिरहेको छैन । वर्तमान फिलिपिन्स सरकार अमेरिकाको कठपुतली मात्र हो ।

(लेखक ग्लोबल टाइम्सका रिपोर्टर हुनुहुन्छ ।)

स्रोत - ग्लोबल टाइम्स अनलाइनबाट

अनुवाद : प्रकाश

उग्र...

नेटोको विस्तारलाई अवरुद्ध पार्न त्यो पाइला चालिएको थिएन । सन् २०१४ मा मर्केलले खोर्दोकोभ्स्कीको रिहाइको चाँजो मिलाइन् र मिन्स्क सम्झौतालाई सीमित रूपमा उल्लङ्घन गर्ने माहोल बनाइन् । तर, त्यो दोहोरो नीति सन् २०२२ फेब्रुअरीमा अन्त्य भयो । अमेरिकाको स्वेच्छिक साझेदार जर्मनीले युक्रेनको मद्दतलेरूससँग जुध्ने र हराउने निधो गऱ्यो ।

जर्मनीको यथार्थ भने अर्कै छ । अमेरिकी नीतिबाट पूर्णरूपमा अलग्गिन तयार नभएसम्म जर्मनीको कुनै पनि नीति अमेरिकी आडबिना भताभुङ्ग भइरहनेछ । तर जर्मन पुँजीपतिहरूको उल्लेख्य हिस्सा यसो गर्न तयार छैन । यसरी अमेरिकासँगको सम्बन्धमा जर्मनीले आफैलाई हान्ने मुड्ग्रो अमेरिकालाई सुम्पेको छ । यहाँनिर एउटा विरोधाभाष उत्पन्न हुन्छ । जर्मनी र रूसबिच संरा अमेरिका शत्रुता कायम गर्न चाहन्छ तर रूसविरुद्ध जर्मनीले पूर्ण विजय हात पारेको पनि हेर्न चाहन्न । यसकारण, पनि अमेरिकाले युक्रेनलाई दिँदै आएको सहयोग रोक्ने धम्की दिइरहेको प्रस्ट हुन्छ । जर्मनी र रूसबिचको सम्बन्ध तोड्ने अमेरिकी उद्देश्य साकार भइसकेको छ । अर्कोतिर, जर्मनीलाई औद्योगीकरणबाट पर धकेल्ने सजाय दिएर उसले युरोप एवम् जर्मनीलाई आफ्नो मुठ्ठीमा राखिसकेको छ ।

संरा अमेरिकाले जर्मनीका सबै प्रमुख पुँजीपतिहरूलाई स्वतन्त्र राजनीतिक अडान लिनबाट वञ्चित पारिरहने छ । माथि चर्चा भइसकेको पुँजीगत साँठगाँठको सहयोगमा जर्मन पुँजीपतिहरूले अमेरिकी निगाहमुनि झन्झन् दब्दै जानुपर्ने छ । रूसविरुद्ध आक्रामकता नै युरोपलाई अमेरिकी तखतमा राख्ने र स्वतन्त्र विकासको सम्भाव्यता गुमाउने मुख्य कुँजी हो ।

अमेरिकी र युरोपेली पुँजीबिच आधारभूत मुद्दामा शत्रुतापूर्ण अन्तर्विरोधको अवस्था अब रहेन । सानातिना मतभेद छन् तर ती मतभेद रणनीतिक होइनन् । युरोप कतिसम्म अमेरिकी तखतमा छ भनी थाहा पाउन उसको गुप्तचरी सञ्जाल हेर्नुपर्छ । उत्तरी गोलार्द्धका ४९ देशमध्ये ११ देश मात्र अमेरिकी गुप्तचरी सञ्जालमा छैनन् । यी देश भिलिनयसमा सम्पन्न नेटो जोड बैठकमा सहभागी थिएनन् । यी देश हुन् - एन्दोरा, बोस्निया र हर्जेगोभिना, साइप्रस, आयरल्यान्ड, लाइखटेन्स्टिन, माल्टा, मोल्डोभा, मोनाको, सान मारिनो, सर्बिया र स्वीजरल्यान्ड । सबैलाई जोड्दा यी देशको जनसङ्ख्या २ करोड ८३ लाख हुन आउँछ । यो भनेको दिल्लीको जनसङ्ख्या बराबर हो । यिनको कूल गार्हस्थ उत्पादनलाई मिलाउँदा ८ खर्ब डलर मात्र हुन्छ । त्यो भनेको विश्व गार्हस्थ उत्पादनको १ प्रतिशत हो । उत्तरी गोलार्द्धका देशहरूको लागि यो उत्पादन नगन्य हो ।

गुप्त चौध आँखा समूहको सदस्यको रूपमा जर्मनी अक्षम देखिन्छ । संरा अमेरिकाले त्यहाँ नेताहरूको गुप्तचरी गरेको खुलासा भयो तर जर्मनीले च्याँचूँ केही गर्न सकेन । यसबाट उसको अक्षमता छताछुल्ल भयो । आज युरोपका पुँजीपतिहरू अमेरिकी गुप्तचर निकायकै बोली बोल्ने सुगा बन्न पुगेका छन् ।

नेटोले धेरै अघिदेखि जर्मनीलाई सेनामा आफ्नो कूल गार्हस्थ उत्पादनको कम्तीमा पनि २ प्रतिशत खर्च गर्न दबाब दिँदै आएको छ । सन् १९५० को दशकमा स्थापित यो नियमलाई गोल्डीलक्स नीति भनिन्छ । यो नीतिको लक्ष्य यसप्रकार छ :

"मध्यम आकारका साझेदारहरूबाट रक्षा सहयोग जुटाउन । उदाहरणको लागि दक्षिण कोरियाले शीतयुद्धताका यस्तो योगदान गरेको थियो भने पोल्यान्डले आजभोलि गर्दै छ । बिस्तारै हिँडेर यसले जर्मनी र जापानजस्ता ठूला साझेदारबाट यस्तै सहयोग जुटाउँछ । यसो गर्दैगर्दा यसले गठबन्धनलाई अर्थपूर्ण सैनिक शक्ति दिलाउन सक्ने शक्तिशाली साझेदारहरूबाट हुने सहयोग उच्चतम पुऱ्याउँछ । तर, गठबन्धन नै त्याग्ने शक्ति तिनीहरूमा हुनुहुन्न ।"

अमेरिकाको प्रतिनिधिको रूपमा जापान सरकारले चीनलाई राजनीतिक रूपमा भड्काउने नीति अपनाइरहेको छ । जब कि चीनसँग सम्बन्ध बलियो बनाएको खण्डमा जापानको अर्थतन्त्रले ठूलो लाभ उठाउन सक्छ । बेलायती प्रम डेभिड क्यामरुनको पालामा चीनसँगको सम्बन्धले 'स्वर्णकाल' देखेको थियो । तर, अमेरिकी दबाबकै कारण क्यामरुनपछि सत्तामा आएका बेलायती प्रधानमन्त्रीहरूले त्यसलाई उल्ट्याए । यसले गर्दा बेलायती पुँजीलाई ठूलो नोक्सानी भयो ।

सन् २००७ मा नवअमेरिकी रक्षा केन्द्र नामक संस्थाको स्थापना भयो । यो संस्थाले विदेश नीति तय गर्ने दुई अमेरिकी गुटबिच ऐतिहासिक लगनगाँठो बाँधियो । यी दुई गुटमा एउटा रिपब्लिकन पार्टीका नवअनुदारवादी र दोस्रो डेमोक्रेटिक दलका चरम उदारवादीहरू थिए । युक्रेनलाई उपयोग गर्दै तत्काल रूसलाई तारो बनाउनु ती दुवै गुटको संयुक्त रणनीति थियो ।

सन् २०२२ मा जापानी प्रधानमन्त्री फुमियो किशिदाले आउँदो पाँच वर्षमा सेनामा ४३० खर्ब येन (३ खर्ब १६ अर्ब अमेरिकी डलर) खर्च गर्ने लक्ष्य तोके ।

संरा अमेरिकापछि जापानसँग विश्वकै सबैभन्दा बढी एफ-३५ उन्नत विमान छन् । यसका साथै सन् २०२० मा जापानले थप १०५ विमान खरिद गर्ने सम्झौतामा सही गरेको छ । यी विमानमा आणविक हतियार पनि फिट गर्न सकिन्छ । उसले परिमार्जित राष्ट्रिय सुरक्षा रणनीति पारित गरेको छ । यसबाट उसले देशको आक्रमण क्षमता बढाउने र लामो दूरीका मिसाइलहरू तैनाथ गर्ने बाटो खोलेको छ ।

दोस्रो विश्वयुद्धका दुई प्रमुख फासीवादी शक्तिलाई हतियारबद्ध गर्नु अपराध हो । जर्मनीमा एउटा खतरनाक बदलापूर्णआन्दोलनले फँडा उठाउँदै छ । फरक कति मात्र हो भने यसपालि तिनीहरू अमेरिका नेतृत्वको सैन्य गुटको अङ्गको रूपमा त्यसो गर्दै छन् ।

सन्दर्भ : लगानी सम्मेलन २०८०

माओवादी, एमाले, रास्वपाको गठबन्धन सरकार आफ्ना मालिक रिझाउन अध्यादेश जारी गर्दै

✍ रामप्रसाद प्रजापति

नेपाल सरकार अर्को हप्ता २०८१ वैशाख १६ र १७ गते लगानी सम्मेलन गर्दै छ। नेपाल सरकारको गत कार्तिक २३ गतेको मन्त्रीपरिषद्को बैठकले तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन गर्ने निर्णय गरेको हो।

सन् २०१७ मा भएको पहिलो लगानी सम्मेलनमा विभिन्न देशका लगानीकर्ताहरूले १४ खर्ब ४६ अर्ब ६४ करोड रुपैयाँ बराबरको (१४४६ अर्ब रुपैयाँ भन्दा बढी) लगानी गर्ने प्रतिबद्धता आए पनि हालसम्म जम्मा ३३५ अर्ब रुपैयाँ मात्रै लगानी भित्रिएको बताइन्छ।

त्यसै गरी सन् २०१९ मा भएको दोस्रो लगानी सम्मेलनमा १७ खर्ब ३० अर्ब (१७३० अर्ब रुपैयाँ) को प्रतिबद्धता आएकोमा हालसम्म जम्मा १ अर्ब १८ करोड मात्रै लगानी भित्रिएको बताइन्छ। यस अर्थमा नेपालमा लगानी सम्मेलनहरूबाट आशातित परिणाम नआएको हो कि भन्ने देखिएको छ।

सोही तथ्याङ्क र विदेशी लगानीकर्ताहरू तथा पुँजीपतिहरूको स्वार्थअनुकूल तेस्रो लगानी सम्मेलनको मितिभन्दा अगावै करिब एक दर्जन ऐन कानुनहरूमा हेरफेर गर्न माओवादी, एमाले र रास्वपासहितको गठबन्धन सरकार लागिपरेको रहेछ। प्रतिनिधिसभा संसद्बाट उल्लिखित ऐनकानुनहरूमा संशोधन गर्ने प्रक्रिया अगाडि बढाउन असफल भएपछि गठबन्धन सरकारको सिफारिसमा संसद्को अधिवेशन नै बन्द गरी अध्यादेश (अस्थायी कानुन) जारी गरेर आफ्ना मालिकहरू अर्थात् विदेशी पुँजीपतिहरूलाई रिझाउन खोजेको स्पष्ट हुन्छ।

विदेशी लगानीकर्ताहरू कुनै पनि देशमा लगानी गर्न बजार, कर तथा राजस्वको दर, आफ्नो लगानीको सुरक्षा, सबै प्रकारका सुविधा र अधिकारका साथै बढी भन्दा बढी नाफाको सुनिश्चितता खोज्ने गर्दछन्। त्यसैले उनीहरू सरकारलाई आफ्नो मागबमोजिमका ऐन कानुनहरूमा संशोधन गराउन बाध्य बनाउँछन्। नेपाल जस्तो विदेशी हस्तक्षेप र विदेशी दलालहरूको बिगबिगी भएको देशमा त झन् त्यस्तो अवस्था सृजना हुने नै भयो।

विदेशी लगानीको नाममा लगानीकर्ता मात्र होइन, राजनीतिक हस्तक्षेप पनि भित्रिने गरेको पाइन्छ।

आगामी वैशाख १६ र १७ गते हुने तेस्रो अन्तराष्ट्रिय लगानी सम्मेलनमा ३६ देशका ४६२ जनाभन्दा बढी लगानीकर्ता सहभागी हुने सुनिश्चित भएको र निजी क्षेत्र, प्रदेश र स्थानीय तहका समेत गरी ९ खर्ब रुपैयाँ बराबरका १ सय ४८ भन्दा बढी परियोजनाहरू सोकेसमा राखिने र त्यसमध्ये ३२ वटा जलविद्युत् परियोजनाहरू रहेको बताइन्छ।

मालिक रिझाउन अध्यादेशमार्फत संशोधन

भूमिसन्बन्धी ऐन, २०२१ मा "उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले हदबन्दीभन्दा बढी जग्गा लिनुपर्ने भए के गर्ने भन्ने व्यवस्था थपिएको छ। उद्योगले हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली एक वर्षभित्र स्वीकृतिका लागि मन्त्रालयमार्फत नेपाल सरकार समक्ष निवेदन दिन सक्ने व्यवस्था थप गरिएको छ। अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्ने सार्वजनिक संस्था उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुने संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुन सक्ने भएमा ऋण फरकफरक र दायित्व भुक्तानी गर्नको लागि ऐनमा तोकिएको हदभित्रको जग्गा मन्त्रालयले तोकेको सर्तको अधिनमा रही मन्त्रालयको स्वीकृतिमा एक पटकका लागि बिक्री वितरण गर्न बाधा नपर्ने कानुनी व्यवस्था गरिएको बताइन्छ।

गिरिबन्धु टि स्टेटलगायतका नेपालमा विभिन्न कम्पनी, प्रतिष्ठानहरूले हदबन्दीभन्दा बढी जग्गा सार्ने वा बिक्री गर्ने नाममा विभिन्न काण्डहरू भएको सम्बन्धमा विभिन्न समाचारहरू प्रकाशित भएको थियो।

जग्गा प्राप्ति ऐन, २०३४ मा मुआब्जा निर्धारण गर्दा रजिष्ट्रशन प्रयोजनको लागि गरिएको न्यूनतम मूल्याङ्कनको तीन गुणाभन्दा बढी रकम निर्धारण नगरिने भन्दै लगानीकर्ताहरूको लगानीलाई ३ गुणासम्म सुरक्षित गर्न खोजिएको देखिन्छ।

त्यस्तै विद्युतीय कारोबार ऐन, २०६३ मा विदेशी विनिमय भुक्तानीको सिफारिस गर्न सक्ने सम्बन्धमा कानुनी व्यवस्था थपेको बताइन्छ। सूचना प्रविधिसँग सम्बन्धित सामग्री वा सेवा विदेशबाट आयात गर्दा विदेशी मुद्रामा रकम भुक्तानी गर्नुपर्ने भएकोले भन्दै लगानीकर्ताले त्यस्तो सामग्री वा सेवा विदेशबाट भित्र्याउँदा विदेशी मुद्रा सटही सुविधा माग गरे सूचना प्रविधि विभागले विदेशी मुद्रा सटहीका लागि नेपाल राष्ट्र बैङ्कमा सिफरिस गर्नुपर्नेछ भन्ने कानुनी व्यवस्था थपिएको बताइन्छ।

साथै विदेशमा कम्पनीले शाखा कार्यालय वा इकाइ खोली व्यापारिक गर्न आवश्यक भए अनुमति दिने व्यवस्था गरिएको बताइन्छ।

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा पनि अध्यादेशमार्फत विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सक्ने व्यवस्था थपेको बताइन्छ।

वन ऐन, २०७० मा "राष्ट्रिय वनभित्र खनिज पदार्थ रहेको पत्ता लागि उत्खनन गर्नुपर्ने भए प्रचलित कानुनबमोजिम वातावरणीय अध्ययन गरी त्यसरी उत्खनन गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भए त्यस्तो खनिज पदार्थ उत्खनन गर्नका लागि नेपाल सरकारले वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।" भन्ने व्यवथा गरेको बताइन्छ। साथै राष्ट्रिय प्राथमिकता प्राप्त, लगानी बोर्डबाट स्वीकृत, राष्ट्रिय गौरवका आयोजना र सरकारले तोकेको मापदण्ड पूरा गरेको उद्योगमा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न वन क्षेत्र उत्खनन गर्न पाइने भन्दै लगानी बोर्डलाई संसद्लाई समेत छलेर वन क्षेत्रलगायतका प्राकृतिक स्रोत साधन दोहन गर्न अनुमति दिन सक्ने व्यवस्था जारी गर्न लागिएको देखिन्छ।

यस्तो व्यवस्थाले चुरे दोहन र वन विनाशलाई वास्ता नगरी सरकारले खनिज उत्खननको नाममा आफ्ना मालिक, विदेशी पुँजीको हितमा वन क्षेत्र, खोला नालाहरू समेत दोहन गर्न गराउन सक्ने खतरा बढ्ने देखिन्छ।

औद्योगिक व्यवसाय ऐन, २०७६ मा पनि अध्यादेशमार्फत सरकारले स्टार्टअप उद्यम वा व्यवसायलाई तीन तहका सरकारले उद्यम संवर्द्धन केन्द्रको स्थापना तथा सञ्चालन गर्न सक्ने, एक अर्बभन्दा बढी पुँजी लगानीमा स्थापना हुने सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित उद्योगलाई तीन वटै तहका सरकारले प्रोत्साहन तथा सुविधा प्रदान गर्न सक्ने कानुनी व्यवस्था थप गर्ने गरी संशोधन गरेको बताइन्छ।

त्यस्तै विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा संशोधन गरी "सरकारले उद्योग र विदेशी लगानीकर्ताबिच वा नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनी र विदेशस्थित उद्योग, फर्म वा कम्पनीबिच पेटेन्ट, डिजाइन, ट्रेडमार्क, व्यापारिक ख्याति (गुडविल), प्राविधिक विशिष्टता, प्राविधिक ज्ञानको प्रयोग (फ्रेन्चाइज), सूत्र (फर्मुला), प्रक्रिया, उपयोगको इजाजत (युजर्स लाइसेन्स) वा प्राविधिक जानकारी प्रदान (नो हाउ सेयरिङ), व्यवस्थापन तथा प्राविधिक सेवा, रिभर्स इन्जिनियरिङ हस्तान्तरण गर्न सक्ने कानुनी व्यवस्था गरेको बताइन्छ।

साथै प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा स्थापना भई सञ्चालन मा रहेको उद्योग वा कम्पनीले विदेशस्थित उद्योग, फर्म वा कम्पनीमा प्रविधि हस्तान्तरण गर्न सक्ने कानुनी व्यवस्था पनि अध्यादेशमा प्रस्ताव गरिएको छ। प्रविधि हस्तान्तरण गर्न कुनै उद्योग, फर्म वा कम्पनीले विभागको अनुमतिमा सम्बन्धित देशस्थित आफ्नो शाखा कार्यालय वा इकाइ खोल्न सक्ने व्यवस्था पनि थपिएको बताइन्छ।

उल्लिखित संशोधनहरू सहितको अध्यादेशहरू राष्ट्रपतिबाट स्वीकृति भई राजपत्रमा प्रकाशित भएपछि कानुनका रूपमा कार्यान्वयनमा जाने कानुनी व्यवस्था रहेको छ।

नेपालको संविधानको धारा ११४ मा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्लको सिफरिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ। भन्ने संवैधानिक व्यवस्था छ।

तर सरकारले जारी गर्ने यस्ता अध्यादेशलाई सङ्घीय संसद् (प्रतिनिधिसभा) को अधिवेशन सुरु भएको ६० दिनभित्र दुवै सदनबाट पारित गर्नुपर्ने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा ११४ को उपधारा २ को प्रतिबन्धात्मक वाक्यांशले गरेको पाइन्छ।

लगानीसँगै विदेशी हस्तक्षेप

यसरी नेपाल सरकारले विदेशी लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आमन्त्रण गर्नुलाई उपनिवेशका लागि खुला आमन्त्रण त होइन ? भन्ने आशङ्का पनि गरिएको छ।

लगानीकर्ताहरूको मुख्य उद्देश्य नेपालको सस्तो जनशक्ति, प्राकृतिक स्रोत साधनहरूको अधिकतम प्रयोग गरी बढी भन्दा बढी नाफा कमाउनु र आफ्नो लगानी सुरक्षित गर्नुका साथै विदेशी प्रभावलाई बढाउनु नै हुन्छ।

आफ्ना देशमा उद्योग कलकारखाना सञ्चालन गर्दा हुन सक्ने मजदुर आन्दोलन, हडताल, विरोध र अन्यौललाई आफ्नो देशमा हुन नदिन नेपाल जस्तो अल्पविकसित देशहरूबाट बढी भन्दा बढी प्राकृतिक स्रोत साधनहरूको दोहन गरी फाइदा लिने गरेको पाइन्छ। साथै ठूलठूला उद्योग कलकारखानाहरूलाई अरब जस्तो धर्म र कडा शासन व्यवस्था भएका देशहरू (जहाँ मजदुरहरूले आफूहरूलाई गरेको शोषणको समेत विरोध गर्ने प्रजातान्त्रिक अधिकार पाउँदैन) गर्ने गरेको पाइन्छ।

विदेशी लगानीकर्ताहरू नेपालमा लगानी गर्न आए भनेर खुसी हुनुपर्ने कुनै कारण छैन। विदेशी लगानीकर्ताहरूको आगमनले एकातिर हाम्रो राष्ट्रिय पुँजीपतिहरू नङ्ले पसलेमा झर्ने देखिन्छ भने अर्कोतिर नेपालको प्राकृतिक स्रोत साधनको अधिकतम प्रयोग गरी बढीभन्दा बढी नाफा लिएर विदेश लाने हुँदा देशको अर्थतन्त्र विदेशी कम्पनीहरूको नियन्त्रणमा जाने खतरा बढ्छ।

देशको अर्थतन्त्र जस्को हातमा हुन्छ उनैले राजनीतिमा समेत नियन्त्रण बढाउँछ। यस अर्थमा विदेशी लगानी सम्मेलन कै नेपालको राजनीति र अर्थतन्त्रमाथि विदेशी हस्तक्षेपको खुला निमन्त्रणा त होइन ? भन्ने प्रश्न उठेको छ।

स्वदेशी लगानीको कृषि क्षेत्रलाई धरासायी बनाउँदै समयमै कृषि कर्मका लागि आवश्यक रासायनिक मल ल्याउने अध्यादेश नल्याई, कृषि क्षेत्रलाई प्राथमिकतामा राखी सिँचाइ र सुविधाको कुनै कुरा नगरी विदेशबाट आयातित तरकारी र कृषि उपजको भरमा व्यापक किसान र मजदुर, सर्वसाधारण जनता बाँच्न बाध्य भएको टुलुटुलु हेर्दै गरेको माओवादी, एमाले, रास्वपा सहितको गठबन्धन सरकार देश हित र जनहितका कानुन बनाउन भन्दा आफ्ना मालिक (विदेशी दलाल) को चाकडी गर्नमै व्यस्त रहेको सर्वसाधारण जनताहरूले समेत बुझ्दै छन्।

यस्ता देशघाती, जनहित विपरीत आफ्ना विदेशी मालिकका स्वार्थका लागि काम गर्ने राजनीतिक दल र ती दलका नेताहरूकै कारण देशभित्र बेरोजगार बढेको मौका छोप्दै वैदेशिक रोजगारको नाममा ७० लाखभन्दा बढी नेपाली युवाहरूलाई परिवारको साथ छोडी बिदेसिन बाध्य बनाउने कुकर्मका लागि हालसम्म सत्ता र सरकारमा गएका राजनीतिक दलहरू नै मुख्य दोषी हुँदा तिनीहरूलाई सजाय दिलाउन व्यापक जनता राजनीतिकरूपमा सचेत र सङ्गठित हुन सबैले गम्भीर भएर सोच्नु जरुरी छ।

२०८१ वैशाख ९

शासक दलहरूको चिरफार गर्दै इलाममा चुनाव प्रचारप्रसार चालु

इलाम। वैशाख १५ गते इलाम क्षेत्र नं. २ मा हुन गइरहेको उपनिर्वाचनमा नेपाल मजदुर किसान पार्टीको उम्मेदवार श्यामबहादुर दर्जी (हिमाल) लाई अत्यधिक मतले विजय गराउनको लागि इलामको विभिन्न क्षेत्रमा प्रचार अभियान तीव्र चालु छ। प्रचार अभियानको क्रममा इलाम बजारका विभिन्न क्षेत्रमा जुलुस तथा घरदैलो प्रचार अभियान भइरहेका छन्।

घरदैलोपश्चात् इलाम चोकमा सम्पन्न जनसभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा कोशी प्रदेश संयोजक उकेश कवांले ठुला दलका शासकहरूको अदूरदर्शी नीतिले गर्दा ८० लाख युवाहरू बिदेसिएको चर्चा गर्दै विगतमा नेपाली काङ्ग्रेस सरकारका अर्थमन्त्री रामशरण महतले प्रत्येक निर्वाचन क्षेत्रमा दुई सय युवाहरूलाई विदेश पठाउने नीति लिएपछि नेपाली युवाहरू रोजगारी र उच्च शिक्षा लिने बहानामा नेपाली युवाहरू बिदेसिएको बताउनुभयो।

"नेपाली काङ्ग्रेसको उक्त गलत नीतिले गर्दा नेपालका गाउँहरूमात्र नभई सहरहरू पनि युवाविहीन भइरहेको छ; नेपाली काङ्ग्रेसको नीतिलाई अरू ठुला पार्टीहरूले पनि कार्यान्वयन गर्दै आएकोले देशमा बुढाबढी र बाल बच्चाहरूमात्र बाँकी रहेका छन्", उहाँले भन्नुभयो।

"नेपालका भ्रष्ट नेताहरूले नेपाली नागरिकहरूलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाई दिने नाममा करोडौँको भ्रष्टाचार गरेका थिए। विभिन्न काण्डमा फसेका नेता तथा कार्यकर्ताहरूलाई नाम मात्रको कारबाही भयो। नागरिकता विधेयक पास गरेर विदेशीसँग विवाह गरेर गएकी नेपाली चेलीका सन्तानलाई समेत वंशजको नागरिकता दिएको कारणले गर्दा नेपाल फिजीकरण हुने खतरा छ। सुगौली सन्धिपश्चात् नेपालका शासकहरूले गोर्खा भर्ती केन्द्र खोलेर नेपाली युवाहरूलाई विदेशीको दास बनाइरहेको छ।" उहाँले भन्नुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभाका सदस्य सृजना सैंजुले नेपाल मजदुर किसान पार्टी भनेको इमानको राजनीति गर्ने र देश तथा जनताको सेवा गर्ने पार्टी रहेको चर्चा गर्दै नेमकिपाले देश जोगाउन आन्दोलन गरिरहेको बताउनुभयो।

शासक दलहरूले सिद्धान्तहीन राजनीति गरिरहेको चर्चा गर्दै उहाँले सत्ताको लागि आपसी हानथापले नेपाली

जनता पिल्सिएको धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "शासक दलहरूको भ्रष्ट नीतिले गर्दा अर्थतन्त्र ध्वस्त हुँदै गयो; देशको राष्ट्रिय पुँजीपतिहरू पलायन हुँदै गयो; नेपालबाट युवाहरूमात्र नभई पुँजी समेत पलायन हुँदै छ।"

नेपालको अर्थतन्त्र बिदेसिएका नेपाली युवाहरूले पठाएको रेमिट्यान्सबाट चलेको चर्चा गर्दै उहाँले रेमिट्यान्सले देश झन्झन् गरिब हुँदै जाने बताउनुभयो।

नेमकिपाको तर्फबाट इलाम क्षेत्र नं. २ का उम्मेदवार श्यामबहादुर दर्जी (हिमाल) ले ठुला दलको आचरण र सिद्धान्त गलत भएको कारणले नै सिद्धान्तनिष्ट र राम्रो आचरण भएको पार्टी नेमकिपामात्र भएको बताउनुभयो।

इलामेली जनताले नेमकिपाको मादल चिह्नमा छाप लगाएर शासक दलका उम्मेदवारहरूलाई सजाय दिनुपर्ने उहाँले बताउनुभयो।

आफूले चुनाव जितेको खण्डमा नेमकिपाले प्रकाशन गरेको चुनावी घोषणापत्रअनुसार कार्य गर्ने बताउँदै उहाँले शिक्षा र स्वास्थ्य नि:शुल्क गराउन, ख्वप विश्वविद्यायल विधेयक पारित गराउन, इलामेली जनताका समस्याहरू संसद्मा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

चुनाव प्रचारप्रसार समितिको संयोजक दिनेश खड्गीको सभापतित्वमा भएको उक्त चुनावी सभामा धन्यवाद मन्तव्य नेमकिपा मोरङका अध्यक्ष शालिकराम राउतले गर्नुभएको थियो भन्ने नेमकिपा खोटाङका अध्यक्ष भोजराज बस्नेतले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

चुनावी सभाको समापनपश्चात इलाम नगरपालिका वडा नं. ५ को विब्ल्यान्टेमा कोण सभा सम्पन्न भयो। देउमाई नगरपालिकाका विभिन्न वडाहरूमा जुलस तथा देउमाई नगरपालिकाको वडा नं. ४ मङ्गलबार बजारमा पनि कोण सभा सम्पन्न भयो। उक्त कोण सभालाई सम्बोधन गर्दै नेमकिपाका उम्मेदवार श्यामबहादुर दर्जीले इलामेली जनताको समस्यासँग आफू भुक्तभोगी भएको र ती समस्यालाई हल गर्नको लागि मादल चिह्नमा छाप लगाएर अत्यधिक मतले जिताउन मतदातालाई अनुरोध गर्नुभयो। इलाम क्षेत्र नं. २ को चुलाचुली गाउँपालिकाका वडा नं. २, ३ र ४ वडाहरूमा पनि घरदैलो कार्यक्रम सम्पन्न भयो। उक्त घरदैलो कार्यक्रममा मतदाताहरूसमक्ष उम्मेदवार दर्जीले देश र जनताको सेवाको लागि तथा इलामेली जनताको समस्या संसद्मा पुऱ्याउनको लागि मादल चिह्नमा छाप लगाएर जिताउनको लागि अनुरोध गर्नुभयो।

इलामको विभिन्न स्थानमा नेमकिपाको घरदैलो कार्यक्रम

त्यसैगरी वैशाख १५ गते इलाम क्षेत्र नं.२ मा हुने उपनिर्वाचनको प्रचार प्रसारको क्रममा आइतबार नेपाल मजदुर किसान पार्टीका उम्मेदवार श्यामबहादुर दर्जी तथा कार्यकर्ताहरूको उपस्थितिमा शान्ति डाँडा, पानीटार, देउमाई नपा वडा ३, जितपुर देउमाई नपा वडा ७, सोयाक, सिद्धिथुम्का इलाम नपा ११ वडा, माई खोले, बिहीबारे माई नगरपालिकालगायतका क्षेत्रमा घरदैलो कार्यक्रम सम्पन्न भयो।

घरदैलोको क्रममा उम्मेदवार श्यामबहादुर दर्जीले शासक दलले अहिलेसम्म जनतालाई अन्धकारमा र खेकोले पार्टीको घोषणापत्र अध्ययन गरेर मतदान गर्न आग्रह गर्नुभयो। देशलाई परनिर्भर बनाउने, युवालाई सस्तो ज्यामीको रूपमा बिदेसिन बाध्य बनाउनेको विरुद्ध जनता सचेत भई नेमकिपाको मादल चिन्हमा गर्न उहाँले आग्रह गर्नुभयो।

कार्यक्रममा चुनाव प्रचारप्रसार समितिका संयोजक दिनेश खड्गीले लेनिनवादी नीतिअनुसार जनतालाई सचेत र सङ्गठित गर्दै शासक दलले गरेका विकृतिको विरोधमा आवाज बुलन्द गर्न पार्टीले निर्वाचनलाई उपयोग गरेको बताउनुभयो।

केयुकेएल बोर्डको १९ औँ वार्षिकोत्सव : चुहावट नियन्त्रण गर्न जोड

ललितपुर । काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको १९ औँ वार्षिकोत्सव खानेपानीमन्त्री राजेन्द्रकुमार राईले पानसमा दीप प्रज्ज्वलन गरी बुधबार समुद्घाटन गर्नुभयो ।

कार्यक्रममा मन्त्री राईले खानेपानीसम्बन्धी समस्या समाधानको लागि काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र खानेपानी तथा सरसफाइ सेवा महशुल निर्धारण आयोगले संयुक्त पहल गर्नुपर्ने बताउनुभयो । उहाँले आगामी दिनमा काठमाडौँ उपत्यकाको खानेपानी समस्या निराकरणको लागि बोर्डको १८ वर्षको कार्यानुभवले सार्थकता पाउनेमा आशा व्यक्त गर्नुभयो । उहाँले काठमाडौँ उपत्यकाका जनतालाई सहजरूपमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउन प्रशासनिक कार्यलाई छरितो बनाउनुपर्नेतर्फ ध्यानाकर्षण गर्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लिच्छविकालीन र मल्लकालीन समयदेखि नै उपत्यकाका बासिन्दाहरूलाई पानीको व्यवस्थापन गर्न ठाउँ ठाउँमा इनार, ढुङ्गेधारा, पोखरीहरू बनाइएकोमा कतिपय हराइसकेको हुँदा ती स्रोतहरूको संरक्षणतर्फ सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

खानेपानीजस्तो जनताको प्रत्यक्ष जीवनसँग जोडिएको वस्तु निजीकरण गर्न नहुने विचार व्यक्त गर्दै काठमाडौँ उपत्यकामा खानेपानी वितरणको जिम्मेवारी केयूकेएललाई दिएदेखि नै खानेपानीको समस्या भएको, ट्याङ्कर व्यवसायीहरूद्वारा कृत्रिम अभाव सिर्जना गर्ने गरेको तथा मेलम्चीको पानी उपत्यकामा पुऱ्याउन ढिलाइ गर्ने गरेका जस्ता जनगुनासाहरू रहेको स्पष्ट पार्नुभयो ।

विश्व बैङ्क र एसियाली विकास बैङ्कजस्ता विदेशी बैङ्कहरूले उपत्यकावासीहरूलाई पानी वितरणको लागि भन्दा नाफाको उद्देश्यले पानीमा लगानी गर्ने भएकोले नेपाल सरकार स्वयंले स-साना लगानी गरी पानीको व्यवस्थापन गर्न सकेमा प्रभावकारी हुने विचार व्यक्त गर्दै सरकारले काठमाडौँ उपत्यकाको तीव्र जनसङ्ख्या वृद्धि र खानेपानीको अभावलाई रोक्न ७ वटै प्रदेशमा स-साना व्यवस्थित बस्तीहरूको विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सभापति प्रजापतिले भक्तपुरमा मेलम्चीको पानी पुरानै पाइपबाट वितरण गरिएकोमा ठाउँ ठाउँमा पाइपहरू फुटेर चुहावट भएको र ढलको पानी मिसिएर खानेपानीको गुणस्तर कम भएको हुँदा गुणस्तर परीक्षणको व्यवस्था गर्नुपर्ने, उपत्यकाका ठाउँ ठाउँमा भइरहेको पानीको चुहावटलाई नियन्त्रण गर्नुपर्ने तथा स्थानीय स्रोतहरूको संरक्षण गरी स्थानीय तहसँग समन्वय गरी खानेपानीको उचित वितरण गर्नुपर्ने र उपत्यकामा निजी तवरबाट भइरहेको अनियन्त्रित बोरिङ कार्यलाई नियमन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यले काठमाडौँ उपत्यकाभित्र दीगो खानेपानी व्यवस्थापन, आपूर्ति, स्रोत संरक्षण र उपयोग, खानेपानीको गुणस्तर व्यवस्थापन, ट्याङ्कर व्यवस्थापन, भूमिगत पानीको व्यवस्थापनको लागि नीति र निर्देशिका बनाई व्यवस्थापन गर्ने जिम्मेवारी काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापनको बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले खानेपानीको न्यायोचित वितरण र खानेपानी तथा सरसफाइ सेवा महशुल निर्धारण आयोगले खानेपानी महशुल निर्धाणसम्बन्धी कार्य गर्दै आएको जानकारी दिँदै यसलाई अझ प्रभावकारी बनाउन ३ वटै निकाय पुनर्संरचना बनाउन प्रयास भइरहेको जानकारी दिनुभयो ।

खानेपानी तथा सरसफाइ सेवा महशुल निर्धारण आयोगका अध्यक्ष रुद्र गौतमले काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको सहयोगमा केयूकेएलले जीवन्तता पाएको जानकारी दिँदै आगामी दिनमा चुनौतीहरूको सामना गर्दै केयूकेएलको विकल्प केयूकेल नै हो भन्ने विश्वास जित्नुको विकल्प नरहेको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना प्रमुख राजेन्द्र सापकोटाले मेलम्ची खानेपानी वितरणको सफलता सँगसँगै अहिले ठाउँ ठाउँमा ढल खन्ने, भूमिगत तार व्यवस्थापनका कारण खानेपानी वितरण लाइनमा समस्या आइरहेको र मेलम्ची खानेपानीको विकल्पको रूपमा थप स्रोत ल्याउन प्रयास गर्नुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ उपत्यका खानेपानी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अशोककुमार पौडेलले काठमाडौँ उपत्यकाको खानेपानी व्यवस्थापन र चुहावट नियन्त्रणको लागि भइरहेको प्रयासबारे जानकारी दिनुभएको थियो भने काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक डा. सञ्जीवविक्रम राणाले केयूकेएलसँगको समन्वयमा समानुपातिकरूपमा पानी वितरण गर्न बोर्डले गरिरहेको प्रयासबारे जानकारी दिँदै आगामी दिनमा भूमिगत पानीको संरक्षण तथा वाटर एटिएमको सङ्ख्या थप गर्दै लगिने योजना रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा सम्पादन टोलीका अनोज खनालले विमोचन भएको Ground Water in Kathmandu Valley Status Challenges and Opportunities किताबको सङ्क्षेपमा प्रस्तुतीकरण गर्नुभयो भने 'काठमाडौँ उपत्यकामा फोहोर पानी तथा खानेपानी व्यवस्थापन' विषयक माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकलामा प्रथम स्थान हासिल गर्न सफल विद्यार्थी दिनेश गुरागाईले आफ्नो वक्तृत्व प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि राई, विशेष अतिथि आचार्य र सभापति प्रजापतिले बोर्डको वार्षिक प्रगति प्रतिवेदन, Ground Water in Kathmandu Valley Status Challenges and Opportunities / Stone Spouts and Ponds of Kathmandu Valley Status Mapping-2024 (Second Edition) पुस्तकहरू संयुक्तरूपमा विमोचन गर्नुभएको थियो । मन्त्री राईले आजैबाट बानेश्वरस्थित Water ATM बाट रु १०।-मा २० लिटरको जार भर्ने कार्यको शुभारम्भ QR मार्फत गर्नुभयो ।

विदेशी लगानी भित्र्याएर देश उँभो नलाग्ने

भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा एक मजदुर भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले हाम्रो देशमा सरकारले विदेशी लगानी सम्मेलन गर्न लागेको छ, यो गलत हो, भन्नुभयो ।

उहाँले विदेशी पुँजी लगानी गर्न आउनु भनी, लगानी गर्न दियो भने, स्वदेशी पुँजीको केही अर्थ लाग्दैन । सबै नाङ्लो पसलमा झर्ने छन् भन्नुभयो ।

विदेशीले जुन क्षेत्रमा लगानी गर्छन् त्यसको मूल्य उनीहरूले नै निर्धारण गर्छ । जसले गर्दा नेपाल परनिर्भर हुन्छ । त्यो नेपाली जनतालाई स्वीकार्य हुँदैन ।

उहाँले भन्नुभयो, सानोतिनो उद्योग विकास भएको ५०० वर्ष भयो । अलि ठुलो उद्योगको विकास भएको ३०० वर्ष जति भयो । उद्योगको विकास भएपछि दुई वर्गको जन्म हुन्छ । एक पुँजीपति वर्ग अर्को मजदुर वर्ग, मजदुर वर्गको आन्दोलन अगाडि बढ्यो भने त्यसलाई कुनै पनि शक्तिले रोक्न सक्दैन । रोक्न खोज्यो भने त्यसलाई पन्छाएर अगाडि बढ्नेछ । यदि कुनै आमाले बच्चा जन्माउन सहज तरिकाले भएन भने डाक्टरले अप्रेसन गरी बच्चा जन्माएजस्तै, मजदुर आन्दोलनमा पनि त्यस्तै हुन्छ । कार्ल मार्क्सले त्यही भनेका हुन् ।

"मजदुर वर्गले धुलो र घाममा काम गर्नुपर्ने भएकोले बौद्धिक मजदुरलाई भन्दा बढी तलब हुने गर्नुपर्दछ । समाजवादी देशहरूमा त्यहीअनुसार छन् । जबसम्म वर्ग हुन्छ त्यसबेलासम्म शान्ति कायम हुँदैन" उहाँले भन्नुभयो ।

कार्यक्रममा नेमकिपाको केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले मजदुरको समस्या के हो ? जनसम्पर्क पनि महत्त्वपूर्ण पक्ष हो ठाउँ ठाउँमा गएर आर्थिक, राजनीतिक सामाजिक क्रियाकलाप गरी पहिल्यै पहिचान गरी राजनीतिकरूपले नै समस्या समाधान गर्नुपर्छ भन्नुभयो ।

आफ्नो समस्या समाधान भएपछि मतलब नगर्नु भनेको सङ्गठनको ज्ञान नहुनु हो । सिद्धान्त, विचार, नैतिकता, इमान, जमान, इतिहास र विश्वासबिनाको राजनीति पानीमाथिको फोका जस्तै मात्र उहाँले बताउनुभयो ।

अर्को मजदुर सङ्घमा बसेकाहरूको मजदुर वर्गीय भावना छ कि छैन त्यो महत्त्वपूर्ण कुरा हो । कसैलाई समस्या पर्दा अगाडि बढने हो, नदेख्ने गरी बस्ने होइन ।

साम्राज्यवाद, जिदेशी पुँजी, एकाधिकार पुँजी, के हो ? त्यसबारे मजदुरहरूले बुझ्नुपर्छ ।

घण्टीवालाहरूको चुरिफुरी बढेको कारण नै विदेशी पुजी हो । उनीहरूको विगत पनि अन्योल छ र भविश्य पनि अन्योल नै छ ।

नेपाली काङ्ग्रेस पनि विदेशी पुँजीलाई बढावा दिने राष्ट्रिय पुँजीपतिवर्गका सत्रु हुन् उहाँले भनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्लाका अध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको सो कार्यक्रममा स्वागत मन्तव्य आर्थिक संयोजक पुण्यराम न्हुछेले १३५ औँ मे दिवस परिचालन समितिका संयोजक विष्णुराम दुमरु र रमेश दुमरुले पनि बोल्नुभएको थियो ।

जनचेतना जगाउँदै बझाङमा घरदैलो र चुनावी सभा

बझाङ । वैशाख १५ गते हुन गइरहेको बझाङ क्षेत्र नं. १ (क) को प्रदेशसभाको उप निर्वाचन प्रचार प्रसारको क्रममा नेपाल मजदुर किसान पार्टीले चुनावी अभियान तीव्र गरेको छ । यसै क्रममा जय पृथ्वी नगरपालिका वडा नं. ८ र १० वडाका विभिन्न स्थानहरूमा नेमकिपाले सभा एवं घरदैलो कार्यक्रम सम्पन्न गरेको छ ।

सभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगरले हत्या-हिंसा, बलात्कारजस्ता जघन्य अपराध गर्नेहरूलाई संविधान संशोधन गरेर भए पनि मृत्युदण्ड दिनुपर्ने बताउनुभयो ।

अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादविरुद्ध नेमकिपाले स्थापनाकालदेखि सङ्घर्ष गर्दै आएको र नेपाल विकास नहुनुमा भारतीय विस्तारवाद प्रमुख बाधक भएको उहाँले बताउनुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य राजवीर डंगोलले कामदार जनताको जीवन सुनिश्चित गर्न समाजवादी व्यवस्था स्थापना गर्नु अनिवार्य रहेको चर्चा गर्दै नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले नेमकिपाले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गर्दै आएको बताउनुभयो ।

नेमकिपा बझाङ क्षेत्र नं. १ (क) का उम्मेदवार खगेन्द्रबहादुर शाहीले प्रदेशसभाको निर्वाचन पार्टी घोषणापत्रको लडाइँ भएको चर्चा गर्दै मादल चिन्हमा मतदान गर्न आह्वान गर्नुभयो ।

सभा तथा कोणसभामा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङ, नेक्रामहिला सङ्घका केन्द्रीय सदस्य बिजुकला राना, नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावललगायतले बोल्नुभएको थियो ।

कार्ल...

ओछ्यानमा धेरै अनिदो रात बिताए । उनले एङ्गेल्सलाई लेखेका थिए -"मुटुबाट रगतको धारा बग्न थालेजस्तो लाग्छ, आगो दन्केजतो टाउको रन्किन्छ । तिम्रो मित्रताले हामीलाई यस कठिन घडीको सामना गर्न सघायो ।" उनले थपे -"तिम्रो सम्झना, तिम्रो मित्रताको सम्झनाले संसारमा अझै हामी दुईजना मिलेर केही विवेकपूर्ण काम गर्नेछौँ भन्ने आशाले मात्र यो कष्ट सहन सकेको छु ।" मार्क्स र एङ्गेल्सको मित्रता एउटा मिसाइल थियो, उदाहरण बन्यो ।

दुःख कष्टले घेरिएको भए पनि मार्क्सको परिवार सुखी थियो । परिवारमा प्रेम थियो, सद्भाव थियो । जेनी जस्तो श्रीमतीविना मार्क्सको जीवन सार्थक बन्दैनथ्यो सायद । जेनी र छोराछोरीको प्रेम मार्क्सको ऊर्जा थियो । खानको निम्ति केही नहुँदा पनि, सन्तान मर्दा कात्रो किन्ने पैसा नहुँदा पनि जेनी मार्क्सलाई मार्क्स बनाउने यात्रामा थिइन् । एक सम्भ्रान्तवर्गकी छोरीले अभाव, दुःखको पहाड छिचोल्न पऱ्यो यद्यपि मार्क्सको व्यक्तिगत जीवनमात्र होइन चिन्तनमा पनि सहयोग गरिन् । मार्क्सको जीवनसँग अन्योन्याश्रित नाम जेनी र ऐङ्गेल्सको विषयमा पुस्तकमा मन छुने प्रसङ्गहरू लेखिएका छन् ।

प्रजातान्त्रिक एवम् सर्वहारा आन्दोलनहरूको नयाँ विकासकालबारे चर्चा पुस्तकमा छ । इटालीको एकीकरण गर्ने क्रान्तिकारी मार्गका लागि सङ्घर्ष, मार्क्स र लासालको तिब्र मतभेद, सन् १८६३-६४ को पोलिस विद्रोह, रुसमा भूदासप्रथा उन्मूलन, संयुक्त राज्य अमेरिकाको गृहयुद्धबारे पुस्तकमा सङ्क्षिप्त चर्चा छ । पुँजीजस्तो अमर कृति लेखन, प्रकाशनबारे पुस्तकमा सप्रसङ्ग चर्चा गरिएको छ । समाजवादलाई कल्पनाबाट विज्ञानमा परिणत गर्ने कृति हो, पुँजी । उनले इन्टरनेसनलको स्थापना गरे, अन्तर्राष्ट्रिय मजदुर मैत्री समाज निर्माण गरे । मार्क्स र पेरिस कम्युनको सम्बन्ध, इन्टरनेसनलमा मार्क्सवादको वैचारिक विजयले विश्वमा समाजवादी आन्दोलनलाई निकै ऊर्जा मिलेको स्मरण पुस्तकले गराउँछ ।

उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, विनाभेदभाव व्यक्तित्व विकासमा समान अवसर सिर्जना, शिक्षा, स्वास्थ्य निःशुल्क र अनिवार्य, गाउँ र सहरबिच भेद हट्ने, बौद्धिक र शारीरिक श्रमबिच भेद हट्ने, आर्थिक समानतासहितको मानवअधिकार प्राप्त हुने, वर्ग विहीन र शोषणविहीन समाजको निर्माण, मानिसको जीवन सहज बनाउन विद्युत्तकरणमा जोड दिने साम्यवादी समाज निर्माण गर्ने मार्क्सको सपना यो युगको पनि सपना हो । सोभियत रुसदेखि आजको चीनसम्म मार्क्स प्रभावकारी देखिन्छन् मार्क्सवाद वैज्ञानिक अनुभव हुन्छ । अबको शताब्दी पनि मार्क्स र मार्क्सवादकै शताब्दी हुने सङ्केत वर्तमान विश्व व्यवस्थाले गरेको छ । मार्क्स र मार्क्सवाद अजेय र अपराजित रहनेछन् ।

hgtfsf]vf$ lsg / s;/L b]lvfpg]<

✍ हरिबहादुर श्रेष्ठ

किसान र मजदुरहरू देशका बहुसङ्ख्यक जनता हुन् । तिनीहरूको मिहिनेतले देशमा अन्न उब्जाउ हुन्छ र मालसामान तयार हुन्छ । तिनीहरूकै मिहिनेतले कलकारखाना, स्कूल, कलेज, घर र अट्टालिकाहरू बन्छन्, किताब छापिन्छन् र कलमसमेत तिनीहरूले नै बनाउँछन् । तर, जुगजुगदेखि तिनीहरू चुसिएका छन्, तिनीहरूले पढ्ने, लेख्ने मौका पाएका छैनन् । यसकारण, तिनीहरूको सांस्कृतिक स्तर उठ्न पाएका छैनन् । तिनीहरूलाई भूगोलको ज्ञान छैन, विज्ञान राम्रोसँग बुझ्दैनन्, इतिहास र अरू समाजशास्त्रहरू पढ्न पाएका हुँदैनन् । देश विदेशका सफल र असफल क्रान्तिबारे व्यवस्थित अध्ययनको मौका हुँदैन । यसरी तिनीहरूको सांस्कृतिक स्तरलाई सामन्तवाद र उपनिवेशवादले उठ्नै दिएको हुँदैन ।

तर, तिनीहरूले एउटा कुरा थाहा पाएका हुन्छन् । त्यो के हो ? तिनीहरूलाई थाहा छ कि देश र विदेशका शोषकहरूले तिनीहरूलाई चुसेका छन्, कम ज्याला दिन्छन्, आफ्नो मिहिनेतको भाग खोसेर लिएका छन्, माल सामान बढी मोल लिएर बेच्छन् । यो तिनीहरूले आफ्नै अनुभवबाट बुझेका हुन् । तर, यो कसरी भयो र कसरी यसलाई जरैदेखि उखेल्न सकिन्छ भन्ने कुरो सुरुमा बुझेका हुँदैनन् । पछिपछि अरू देशका मजदुर र किसान आन्दोलनहरूको सफलता र असफलताले नयाँ -नयाँ शिक्षा प्राप्त गर्छन् र गर्दै पनि छन् । यो कुरा तिनीहरूले आफ्नै सङ्गठनहरूबाट र सङ्घर्षबाट सिक्छन् । तर, राजसत्ता कब्जा गर्ने सङ्घर्षको आफ्नै प्रत्यक्ष अनुभव नभएकोले धेरै कमी र खोटहरू पनि तिनीहरूमा हुन्छन् । यसकारण, हामी यी सबै कमी र खोटहरूलाई सांस्कृतिक स्तरको कमी नै भनौँ ! यहींनेर जनताका साहित्यकारले ध्यान पुऱ्याउनुपर्छ ।

किसान र मजदुरहरू पनि सामन्ती र पुँजीवादी समाजकै उपज भएको हुनाले यस समाजका खराबीहरूले तिनीहरूलाई पनि प्रभाव पारेका हुन्छन् । सुरु सुरुमा तिनीहरूले शोषणको विरोधमा सङ्घर्ष गर्न जानेका हुँदैनन् । शोषणलाई भाग्यकै कारण सम्झन्छन् । नयाँ ढङ्गको सङ्गठन गर्न जानेका हुँदैनन् । व्यक्तिगत र सानातिना स्थानीय सङ्घर्षहरू त्यस्तै सानातिना कारणहरूलाई लिएर गर्छन् । सङ्गठन र सङ्घर्षको अनुभव नभएको हुनाले ती सङ्घर्षहरू बिचैमा दबाइन्छन् या सफलै भए पनि कम उपलब्धि पाउँछन् । अन्त्यसम्म सङ्घर्ष गरिरहने भावना हुँदैन । सैद्धान्तिक स्तर माथि पुगेको हुन्न । सङ्गठन पनि फितलो र भाइचारा खालको हुन्छ । तिनीहरूको नेतृत्व गर्ने साथीहरू पनि अनुभवी र पाका हुँदैनन् । के यहाँ आएर साहित्यकारहरूले जनताको यस्ता कमी र खोटहरूलाई



उदाङ्ग्याउने हो ? तिनीहरूको फितलो सङ्गठन र नेतृत्वलाई विरोध र निन्दा गर्ने हो ? होइन, यहींनेर साहित्यमार्फत जनताको सेवा गर्नुपर्छ । कसरी ? जनतालाई आफ्नो कमी र खोटहरू थाहा दिनुपर्छ, ती कमी र खोटहरूमाथि विजय प्राप्त गर्न सघाउ पुऱ्याउनुपर्छ । दमन र हारले ल्याउने तिनीहरूको निराशा र शोकलाई नयाँ जोश र बलमा बदलिदिनुपर्छ ।

फेरि प्रश्न उठ्छ, कसरी ? जस्तै, एक कथाकारले कुनै गाउँको एक किसान सङ्घर्षको कथा लेख्छ । केही निश्चित किसानहरू मात्र सङ्घर्ष गर्न अगाडि बढ्छन् । अरू अलि ढलमलिएका हुन्छन् । सङ्घर्षमा किसानहरूको झन्डै झन्डै हार हुन्छ । अर्थात्, तिनीहरूले आफ्नो बाली ल्याउन पाउँदैनन्, बाली शोषकले लैजान्छ । एक दुईजना साथीलाई पुलिसले समातेर लान्छ अथवा शोषक र जाली-फटाहालाई कालोमोसो दलेर, टिन ठटाएर तिनीहरूले गाउँ घुमाउन पाएनन् । उल्टै शोषक पक्ष बलियो थियो भने मुख्य शोषक फुत्क्यो । किसानहरू अस्थायी रूपले पछि हट्छन्, हार्छन् या निराश हुन्छन् । यो साँचो घटना हो । लेखक यहीँ निर आफ्नो कथा टुङ्ग्याउँदैन । उसले आफ्नो कथामा किसानहरूको फेरि बैठक बोलाउन लगाउँछ । बैठकमा आफ्नो कमजोरी र खोटहरू केलाउँछन् । अरू गाउँका किसानहरूलाई पनि समयमै खबर नपुगेको थाहा हुन्छ । अथवा, अलि ढिलो खबर पुगेको हुन्छ । साथीहरू आइनपुग्दैमा आफूहरूले छिट्टै काम थाल्दा आफू कमजोर भएको झल्याँस्स सम्झना हुन्छ । पहिले नै ठाउँ-ठाउँमा किसान सङ्गठनको आफ्ना मानिसहरू नखटाइएकोले शत्रु भाग्ने मौका पाउँछ आदि आदि । यसरी आफ्ना खोट र कमजोरी पत्ता लगाइसकेपछि फेरि सङ्घर्षमा लाग्छन् । अब पहिलेको खोट र कमजोरीहरू हुन दिँदैनन् । पहिलेभन्दा किसान कार्यकर्ताहरू धेरै चनाखा हुन्छन् । यहाँ साहित्यकारहरूले जनताको कमजोरी र खोटहरू हटाउन सघाउ पुऱ्याएका हुन्छन् । यसले क्रान्ति अगाडि बढाउन एक गोलीको काम दिन्छ । यसैलाई साहित्यले जनताको सेवा गरेको भन्छौँ ।

त्यस्तै, अर्का एक लेखक साथीले शोषकहरूको सभाको बयान गर्छ । तिनीहरूको माझमा शोषण र नाफाको निम्ति हान-थाप हुन्छ, जाल-झेल, ताना-तानी चल्छ । देश र जनतालाई चुस्ने नयाँ -नयाँ जाल फैलाउने कुराकानी चल्छ, षड्यन्त्रहरू रच्छन् । जनताले त्यहीँ धावा बोल्छन् । शोषकहरूलाई लछार्छन् आदि । लेखकले यहाँ शोषकहरूलाई गिल्ला गरेको हुन्छ । तिनीहरूको स्वार्थलाई नङ्ग्याइदिएको हुन्छ । यसले जनतामा शोषकहरूप्रति झन् घृणा बढ्छ र तिनीहरूको बिचको बेमेललाई पनि बुझ्न सघाउ पुऱ्याउँछ । त्यसले शोषकहरूको मनोबल तल झर्छ र निर्बलियो हुन्छ । फेरि लेखकले शोषकहरूको बैठकमा धावा बोल्न लगाउँदा किसान कार्यकर्ताहरूको बहादुरीलाई गुणगान गर्छ । तिनीहरूको धावा गर्ने जुक्ति र चाँजोपाँजोको बयान गर्छ । किसान जनताको एकता र सङ्गठनको जय-जयकार गर्छ । यसले किसानहरूको आफ्नो शोषणविरोधी सङ्घर्षमा विश्वास बढ्छ । तिनीहरूमा भएको हिनताको भावनालाई फाल्न सघाउ पुऱ्याउँछ । जनताको समर्थन र प्रशंसा गर्ने एवम् शत्रुहरूको निन्दा र विरोध गर्ने काममा साहित्यकारहरूले कहिलेकाहीँ यथार्थताको हाड-खोरमा आदर्शको रगत-मासु थपिदिनुपर्ने हुन्छ अथवा यथार्थताको तस्बिरमा एक दुइटा बुट्टा थपिदिनुपर्छ-टीका लगाएजस्तै । यसप्रकार साहित्यकारहरूले आफ्नो भएभरको कलाको बलले किसान जनताको सेवा गर्छन् र क्रान्तिको उज्यालोलाई टाढा-टाढासम्म पुऱ्याइदिन्छन् ।

ठीक उल्टो- यदि लेखकले यथार्थताको नाममा किसानहरूको सङ्घर्षलाई अशिक्षितहरूको असङ्गठित धावा र काँचो हमला भनी लेख्छ भने त्यसको अर्थ हो - विरोध । यसले जनतालाई आफ्नो कमजोरी र खोटहरू हटाउन मद्दत गर्दैन । यसले वर्गशत्रुलाई सघाउ पुग्छ र ऊ मात्रै खुशी हुन्छ । यस्तै, शोषकहरूको सभालाई सुसंस्कृत, व्यवस्थित र औपचारिकताले परिपूर्ण आदि इत्यादि भनेर प्रशंसा गर्छ भने त्यसको अर्थ हो शोषक वर्गको पक्षमा लेख्नु । वर्गसङ्घर्षमा साहित्यकारहरू तटस्थ रहन सक्दैनन् । तिनीहरू यता कि उता लाग्नैपर्छ र लागेकै हुन्छन् । यहाँ कुन दृष्टिकोणले हेर्ने भन्ने कुरा नै मुख्य हुन आउँछ । शोषक वर्गीय दृष्टिकोण भएको साहित्यकारलाई किसान-मजदुर र जनताको पक्षमा लेख्न गाह्रो हुन्छ । लेखे पनि त्यसमा बनावटीपन आउँछ, भद्दा हुन्छ, जहिलेसम्म त्यसले आफ्नो मनलाई कामदार वर्गको पक्षमा लगाएको हुँदैन अथवा अर्पण गरेको हुँदैन उसको रचनामा चमक र ज्यान आउँदैन । त्यस्तै, सर्वहारा दृष्टिकोण भएका साहित्यकारले शोषक वर्गको प्रशंसामा कलम चलाउन सक्दैन, उसलाई आफ्नो मनले नै दिँदैन । फेरि जसले शोषक वर्गको पक्षमा मनैदेखि कलम कोर्छ त्यो सर्वहारा वर्ग र जनताको साहित्यकार हुँदैन ।

'उजिरसिंह स्मृति ग्रन्थ' : इतिहासको एक गहकिलो खुराक

✍ सुन्दर

बुटवलस्थित उजिरसिंह माविले हीरक जयन्तीको अवसरमा प्रकाशित 'उजिर सन्देश' (हीरक जयन्ती स्मारिका २०८०) लाई थप पठनीय र सङ्ग्रहनीय बनाउन 'उजिरसिंह स्मृति ग्रन्थ' को रूपमा प्रकाशित गरेको छ । गातासहित ३४८ पृष्ठको उक्त स्मारिकामा उजिरसिंहसँग सम्बन्धित इतिहासबारेमा विभिन्न लेखकहरूले लेखेका लेखहरू १३३ पृष्ठमा विस्तार गरिएको छ । स्मारिकाको बाँकी पृष्ठहरूमा हीरक महोत्सवको अवसरमा प्राप्त शुभकामना, विद्यालयको प्रतिवेदन र गतिविधिका तस्बिर, विद्यालयका शिक्षकहरूको संस्मरण र शिक्षासँग सम्बन्धित रचना आदि समेटिएका छन् ।

नि:शुल्क, अनिवार्य प्राथमिक शिक्षा योजना, २०२० लागु हुँदा बुटवल खस्यौली नगर पञ्चायतले स्थापना गरेका पाँच वटा विद्यालयमध्ये उजिरसिंह मावि पनि एक हो । २०२० साल पुस ७ गते केन्द्र नं. ५ को नाममा स्थापित उक्त विद्यालयको नाम राष्ट्रिय शिक्षा योजना, २०२८ अनुसार २०२९ पुस १ गतेदेखि उजिरसिंह निमावि राखियो । विद्यालयको प्रगतिको क्रममा २०४० सालदेखि मावि र २०७६ सालदेखि कक्षा ११ र १२ समेत सञ्चालन हुँदै आएको छ । हीरक जयन्ती वर्षमा शिशुदेखि कक्षा १२ सम्ममा ११६६ जना विद्यार्थीहरूले अध्ययन गरे ।

हीरक जयन्ती स्मारिकामा तत्कालीन समयमा संसारकै सर्वशक्तिशाली र उदाउँदो बेलायती साम्राज्यवादलाई परास्त गरेको अभेद्य जितगढी किल्ला र त्यस किल्लाका कमान्डर कर्णेल उजिरसिंह थापाबारे २४ जना लेखकहरूका लेखहरू सङ्कलन गरी प्रकाशन गर्नु स्तुत्य कदम हो । इतिहास, जितगढी, उजिरसिंह थापाबारे जानकार विभिन्न क्षेत्रमा क्रियाशील लेखकहरूको रचनाहरूलाई एक ठाउँमा अध्ययन गर्न पाउँदा पाठकहरूले फरकफरक स्वादको आस्वादान गर्ने अवसर पाएको अनुभूत हुन्छ ।

साम्राज्यवादविरोधी योद्धा जनरल भीमसेन थापाका भतिजा, सानाकाजी अमरसिंह थापाका नाति, नयनसिंह थापा तथा रणकुमारी पाण्डेका छोरा कर्णेल उजिरसिंह थापाको जन्म विसं १८५२ चैत कृष्ण प्रतिपदाको दिन भयो । विसं १८६१ मा उनका बुबा नयनसिंह थापा काँगडाको युद्धमा बिते । विसं १८७१ कार्तिक ७ गते हजुरबुबा सानाकाजी अमरसिंह थापाको मृत्यु भएपछि उजिरसिंह थापाले विसं १८७१ कार्तिक २७ गते पाल्पाका लागि तैनाथवाला भई मङ्सिर ८ गते पाल्पा पुगी आफ्नो कमान्डमा प्रशासन सम्हालेका थिए । आक्रमकरूपमा अगाडि बढिरहेको इष्ट इन्डिया कम्पनी नामको ब्रिटिस साम्राज्यले नेपालमाथि आक्रमण गर्न बहाना बनाएको बुटवल-स्यूराज क्षेत्रमा कमान्ड सम्हालेका उजिरसिंह थापाले यही नाकाबाट विसं १८७२ वैशाख ७ गते अङ्ग्रेजलाई हराएरै छाडे ।

रणकुशलता उजिरसिंहले अङ्ग्रेजमाथि विजय हासिल गर्न आफ्नो भाकलअनुसार पाल्पामा भगवतीको मन्दिर पुन: निर्माण, आफ्नै उच्चाइ बराबरको मूर्ति प्रतिस्थापन र हरेक वर्ष भाद्र कृष्ण नवमीको दिन भगवतीको रथ यात्रा तथा सिन्दुर जात्रा गर्ने चलन चलाए । जुन जात्रा आज पनि पाल्पालीहरू हर्षोल्लासका साथ मनाउने गर्छन् । नेपाली संस्कृतिका पर्वहरू प्राय: अलौकिक वा अप्रमाणिक विजयोत्सवहरू हुन् भने पाल्पाको भगवती जात्रा आधुनिक, लौकिक र प्रामाणिक विजयोत्सव पर्व हो । उजिरसिंहले विसं १८७९ मा जङ्गी र निजामति कर्मचारीलाई तालिम तथा समाज व्यवस्थापन गर्न नीति बन्देज ऐन तर्जुमा गरेका थिए । छ वटा परिच्छेद रहेको उक्त ऐनलाई 'कर्णेल उजिरसिंह थापाबाट तजबीज गरी बनायाको आईन' भनिएको छ । उजिरसिंह थापाको चातुर्यता, साहसकै कारण सुगौली सन्धिपछिको सीमा रेखा निश्चित गरी सीमाङ्कन गर्ने महत्त्वपूर्ण जिम्मेवारी उनलाई सुम्पिएको थियो । इतिहासकार निर्मल श्रेष्ठका अनुसार कर्णेल उजिरसिंहको सुझबुझले जनकपुर मन्दिरको छानामा झिंगटी जडिएको आधारमा नेपालको भोग निश्चित गरी महोत्तरी जिल्लाको निकै दक्षिणसम्म नेपालको सीमा कायम हुन पुगेको थियो । तर सीमा निर्धारणको सबै काम नटुङ्गिँदै विसं १८८१ मा कर्णेल उजिरसिंहको औलोज्वरको कारण मृत्यु भयो ।

कर्णेल उजिरसिंह थापाको अगुवाइमा

अङ्ग्रेजलाई हराएको जितगढी किल्ला रूपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका वडा नं. २ मा छ । पूर्वपश्चिम राजमार्गको तिनाउ पुलभन्दा दक्षिण पश्चिम तिनाउ किनार अवस्थित यो किल्लाका भग्नावशेषहरू तिनाउ नदीमा र किल्लाको इँटाको ठुलठुला ढिक्काहरू नदी उकास क्षेत्रमा देख्न सकिन्छ । जितगढी किल्लाको बाँकी भागमा रहेको अव्यवस्थित वस्तीलाई हटाई संरक्षण तथा प्रवर्द्धन गरिएको छ । वैशाख ७ गते जितगढी किल्लामा विजयोत्सव मनाउन थालिएको छ ।

'उजिरसिंह स्मृति ग्रन्थ' मा सङ्कलित रचनाहरूमा माथिका तथ्यमाथि मतैक्यता पाइन्छ । धेरैजसो लेखकहरूले अभेद्य जितगढी किल्लाको, रणवीर कर्णेल उजिरसिंहको महिमा गाएका छन् । तर, कसैकसैलाई जितगढीमा नेपाली पक्षले अङ्ग्रेजलाई हराएको भन्ने तथ्य स्वीकार्न पनि सहज नभएको यथार्थलाई केही लेखहरूले पुष्टि गरेका छन् । 'उजिरसिंह : ठुलो जिम्मेवारीका कान्छा कमान्डर' लेखमा मोहन मैनालीले नेपाली भूमि बुटवल-स्यूराजमा अङ्ग्रेज सेना आई चौकी खडा गरेपछि नेपाली फौजले धपाएको नलेखी 'बुटवलमा अङ्ग्रेजले तैनाथ गरेका हिन्दुस्तानी सिपाहीलाई नेपालीले मारी धपाई दिएपछि अङ्ग्रेज रिसले आगो भएको थियो' लेखेका छन् । नेपाल अङ्ग्रेज युद्धलाई अङ्ग्रेजकै आँखाबाट हेरेर अङ्ग्रेजको महानता र नेपालीको गल्ती देखाउन 'नेपाली इतिहासकारहरू' पनि बढी उद्यत छन् । तीमध्ये पछिल्लो चरणमा 'खोज पत्रकारिताका गुरु' मोहन मैनाली पनि देखापरे । मैनालीले बिना हिच्किचाहट लेखेका छन्, "उजिरले गरेका कामको बढाइचढाइ गर्ने ..... काम नगर्दा नै उनीप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।"

अङ्ग्रेजको आँखाबाट नेपाली इतिहास लेख्ने, तालिम दिने प्रवृत्तिबारे नेपाली सेनाका पहिलो पिएचडी डा. जनरल प्रेमसिंह बस्न्यातले 'नेपाल अङ्ग्रेज युद्धमा बुटवलको लडाइँ' लेखमा प्रस्ट पारेका छन् । नेपालीलाई 'नेपाली' ले नै गलत इतिहास पढाइरहेको तितो सत्यबारे डा. जनरल बस्न्यात लेख्छन्, "अहिले पनि नेपाली सेनाका तालिमहरूमा गैरसैनिक इतिहासकारहरूले हारिएको नालापानीको लडाइँ, मलाउ लडाइँ, कुमाउको लडाइँ आदिलाई नाक फुलाएर नेपालीले जितको जस्तो गरी पढाउँदै छन् । अर्को कुरा हामीले लडाइँ हार्ने कमान्डर जतिलाई महानायक बनाएका छौँ, किन हो ? नेपाल अङ्ग्रेज युद्धभित्रका लडाइँ जितेका कमान्डरहरूको नाम निसाना छैन ।" त्यसैले डा. जनरल प्रेमसिंह बस्न्यात सोध्छन्, "यस्ता उल्टा इतिहास लेख्ने र लेखाउने काम किन भयो ?" इतिहासका अध्येयता डा. जनरल प्रेमसिंह बस्न्यात अगाडि लेख्छन्, "अङ्ग्रेज आफूले नेपालीसँग हारेका लडाइँहरूलाई लुकाउन खोजेको छ । अर्कोतर्फ जहाँ जहाँ उसले हामीलाई हरायो, ती कमान्डर र लडाइँको बखान गरेको छ । अनि ती हारेका कमान्डरहरूलाई अङ्ग्रेजले तोपका सलामी दिएर आत्मसमर्पण गराएको छ । अर्काले उल्क्याएको इतिहासलाई हामीले पुनर्मूल्याङ्कन गर्नै पर्छ ।" जितगढी किल्लामा कर्णेल उजिरसिंह थापाको कमान्डमा जस्तै नेपाली पक्ष जितेको लडाइँको जयजयकार गर्नुपर्नेमा जोड दिँदै डा. जनरल प्रेमसिंह बस्न्यात थप लेख्छन्, "अनि हामी ती लडाइँ जित्ने नेपाली कमान्डरहरूको किन जय जय मनाउँदैनौँ ?"

उजिरसिंह माविको स्मारिकाभित्रको 'उजिरसिंह स्मृति ग्रन्थ' ले पाठकहरूलाई विभिन्न कोणबाट इतिहास अध्ययन गर्न अभिप्रेरित गरेको छ । इतिहासको अध्ययन कसरी गर्ने ? सबै लिखित इतिहास सही नहुन पनि सक्छ भनी पाठकहरूलाई चनाखो बनाएको छ । साथै नेपाली सेनाका उपरथी एवम् श्री मध्य पश्चिम पृतना हे.क्वा., योगीकुटी ब्यारेक बुटवलका बहालवाला पृतनापति यामप्रसाद ढकालले पृथ्वीनारायण शाहले दिएको दिव्य उपदेशभन्दा फरक उजिरसिंहले तराईमा युद्ध लडेर पनि नेपाली जितेको उल्लेख गर्दै नेपालको भूअखण्डता रक्षा गर्न "वर्तमान अवस्थामा पनि पहाडी इलाकामा रहेर देशको प्रतिरक्षा गर्नु सम्भव हुँदैन, सीमासम्म नै तैनाथ रहनु अनिवार्य जस्तै छ" लेखेका छन् । नेपालको अस्तित्व रक्षा गर्न, देशको सार्वभौमसत्ता जोगाउन इतिहासबाट सिक्ने र वर्तमान कर्तव्यमा प्रतिवद्ध हुने भावनाबाट ओतप्रोत गराउन 'उजिरसिंह स्मृति ग्रन्थ' सफल छ । 'उजिरसिंह स्मृति ग्रन्थ' ले उजिरसिंह माविका विद्यार्थी, शिक्षक र कर्मचारीहरूलाई मात्र होइन, सबै देशभक्त नेपालीहरूको लागि खँडिलो र गहकिलो खुराक दिएको छ । 'उजिरसिंह स्मृति ग्रन्थ' प्रकाशन गर्ने उजिरसिंह मावि परिवारप्रति हार्दिक साधुवाद !

सन्दर्भ : १५४ औं लेनिन जन्म दिवस

रुसी समाजवादी क्रान्तिका नेता लेनिनको सङ्क्षिप्त जीवनी

✍ हरिबहादुर श्रेष्ठ

भ्लादिमिर इलिच उल्यानोव नै पछि गएर लेनिनको नामले प्रसिद्ध हुनुभयो । उहाँको जन्म २२ अप्रिल १८७० को दिन सिम्बिर्स्क सहरमा भएको थियो । शिक्षा निरीक्षक बुबा र विभिन्न भाषाका ज्ञान राख्ने आमाको उहाँ साहिँलो सन्तान हुनुहुन्थ्यो । कलिलै उमेरदेखि जनताको दु:ख पीडा बुझ्न थालेका लेनिनको हृदय उहाँको दाजु अलेक्जान्डरलाई १८८७ मा राजा अलेक्जान्डर तेस्रोलाई मार्न असफल योजनाको दोषमा फाँसी दिइएपछि क्रान्तिकारी बन्दै गयो । यसपछि उहाँले समाजवाद र मार्क्सवादको गहिरो अध्ययन थाल्नुभयो । अन्तमा एक दुई जना मार्दैमा क्रान्ति हुन्छ भन्ने बाटो खोटो छ, एक दुईजना मारिँदैमा समाज बदलिने रहेनछ भन्ने टुङ्गोमा उहाँ पुग्नुभयो । देशका बहुमत जनता मजदुर र किसानहरूलाई उठाउनुपर्छ भन्ने अडान उहाँले लिनुभयो ।

१८८७ मा लेनिन एक गुप्त मार्क्सवादी क्रान्तिकारी सङ्गठनमा सदस्य बन्नुभयो र मार्क्स र एङ्गेल्सका कृतिहरूको सूक्ष्म अध्ययन गर्नुभयो । उहाँ सर्वहारावर्ग र पुँजीपतिवर्गको सङ्घर्षले अध्ययनपछि उहाँ सर्वहारावर्ग र पुँजीपतिवर्गको सङ्घर्षले समाजवादी क्रान्ति हुनेछ । यसको लागि सर्वहारा वर्गको नेतृत्वमा मजदुर र किसान एक भई पुँजीपतिवर्गलाई उल्टाएर राज्यसत्ता कब्जा गर्नेछ भन्ने कुरामा उहाँले विश्वास गर्नुभयो ।

क्रान्तिको पथतिर लम्कनको लागि उहाँ मजदुरहरूको माझमा मार्क्सवाद अध्ययन गोष्ठीहरू खोली त्यसको माध्यमबाट व्यापक जनतालाई राजनैतिक चेतना दिन सधैँ व्यस्त रहनुहुन्थ्यो । उहाँ जनताको समस्यालाई बुझ्नुहुन्थ्यो र जनताको पक्षमा विभिन्न लेखहरू पनि लेख्न थाल्नुभयो । लेखहरूमध्ये एउटा 'किसानको जीवनमा नयाँ आर्थिक आन्दोलन' थियो ।

१८९३ तिर लेनिन रुसको सबभन्दा ठूलो औद्योगिक सहर पिट्सवर्गमा पुग्नुभई त्यहाँ कार्यरत करिब २० लाख मजदुरहरूलाई सङ्गठित गर्नुभयो । मार्क्सवाद अध्ययन गोष्ठीलाई एक ढिक्का गरी उहाँले 'मुक्ति सङ्ग्राम सङ्घ' बनाउनुभयो र एक क्रान्तिकारी मजदुर पार्टीको जग हाल्नुभयो ।

लेनिनको क्रान्तिकारी गतिविधि बढ्दै गएको हुनाले १८९५ डिसेम्बरमा उहाँ थुनिनुभयो । जेलभित्रै बसेर उहाँले सङ्गठनलाई निर्देशन दिइरहनुभयो । 'हडतालहरू' र 'जार सरकारको नाममा' भन्ने पुस्तिका र पर्चा लेखेर पठाउनुभयो । १३ फेब्रुअरी १८९७ मा उहाँलाई ३ वर्षको निम्ति कालापानीको सजाय भयो र साइबेरिया पठाइनुभयो । त्यहाँ पनि उहाँले किसान जनताको निरन्तर सेवा गर्दै जानुभयो । कालापानीको समयमा पनि उहाँले सङ्गठनसम्बन्धी योजनाहरू तयार गर्ने, ठाउँ ठाउँमा मानिसहरूसित सम्बन्ध राख्दै गुप्त तरीकाबाट सङ्गठनको कामलाई अगाडि बढाउँदै लाने काम जारी राख्नुभयो ।

कालापानीको सजायपछि उहाँ पिट्सवर्ग नजिकैको पस्कोव सहरमा जानुभयो । पुलिस आफ्नो पछाडि देखेर रुसभित्र बसेर काम गर्नु असम्भवजस्तै भएको हुँदा उहाँ बिदेसिनुभयो । जर्मनीको लिपजिग भन्ने ठाउँमा पुगेर त्यहाँबाट डिसेम्बर १९०० मा 'इस्क्रा' (फिलिङ्गो) भन्ने पत्रिका निकाल्नुभयो । त्यसलाई लुकीचोरी रुसमा पठाइन्थे ।

विदेशमै बसेर उहाँले १९०२ मा के गर्ने १९०३ मा 'गाउँका गरीबहरूसँग' जस्ता पुस्तकहरू लेख्नुभयो ।

पार्टीभित्र त्यसबेला मजदुरवर्गको आर्थिक हितलाई मात्र लिएर सङ्घर्ष गर्ने एक गुट थियो जो मजदुरहरूले राज्यसत्ता कब्जा गर्नुपर्छ भन्ने पक्षमा नहुँदा तिनीहरू 'अर्थवादी' कहलाइन्थे । क्रान्ति गर्न नमान्ने तिनीहरू, जो पुँजीवाद नास हुन्न भन्थे, मजदुर वर्गको सङ्घर्षबाट आफै समाजवाद आउनेछ भनी हिँड्थे । तर, लेनिन र उहाँका अरू साथीहरूले मजदुरहरूको सशस्त्र क्रान्ति र राज्यसत्ता कब्जा गर्ने कार्यक्रमसँगै व्यापक किसान र मजदुर एकता र विदेशका सर्वहारावर्गसँग एक हुने नीति अघि सार्नुभयो । १७ जुलाई १९०३ मा सामाजिक जनवादी मजदुर पार्टीको बैठकमा यी दुई पक्षबिच चर्काचर्की हुँदा बहुमत लेनिनको पक्षमा पुगेको हुँदा त्यो बोल्सेविक (बहुमत) पार्टी कहलाइयो र अरू मेन्शेविक (अल्पमत) पार्टी भनियो ।

८ १९०४ को रुस-जापान युद्धमा रुस पराजित भएपछि त्यसको आर्थिक बोझ जनतामाथि लाद्न प्रयास गरियो । कृषि कार्य र उद्योगहरू ठप्प हुन थालेपछि मजदुर किसानहरूको धैर्यको सीमा टुट्न थाल्यो । फलत: डिसेम्बर १९०४ मा बाकूमा तेल खानीमा मजदुर हडताल भयो र यो क्रम जारी नै रह्यो । यसप्रकार देशभित्र क्रान्तिकारी गतिविधिहरू फस्टाउन थालेका थिए ।

लेनिनले आन्दोलनलाई विदेशमै बसी निर्देशन दिनुभयो । क्रान्तिको मूल्याङ्कन गरी त्यसलाई अघि बढाउन अप्रिल १९०५ मा लन्डनमा तेस्रो पार्टी अधिवेशन उहाँकै अध्यक्षतामा भयो । बोल्सेविक पार्टी देशमा पुँजीवादी जनवादी क्रान्ति गर्ने र त्यसको लागि सर्वहारावर्गको नेतृत्वमाथि जोड दिन्थ्यो भने मेन्शेविक पार्टी पुँजीपतिवर्गको नेतृत्वमा क्रान्ति गर्न चाहन्थ्यो र त्यो पनि शान्तिपूर्ण ।

यस्तैमा डिसेम्बर १९०५ मा सिपाहीँहरूको विद्रोह भयो र क्रान्ति अघि बढ्दै गयो । क्रान्ति १९०७ सम्म बेजोड नै रह्यो । त्यसपछि क्रान्ति सेलायो र दबाइयो । हजारौँ निर्दोष जनता मारिए, असङ्ख्य मानिसहरू चुनिए । यस्तो गाह्रो समयमा लेनिनले कानुनी वा गैरकानुनी तरीकाबाट सङ्गठनलाई अगाडि भन्नुभयो । उहाँ स्पष्टै भन्नुहुन्थ्यो कानुनी सङ्घर्ष त्याग्नाले पार्टी एक्लो हुन्छ । पार्टी र जनताको सम्बन्ध चुँडिन्छ । त्यसबेला केही कम्युनिस्टहरू कुनै पनि कानुनी सङ्घ संस्थाभित्र पस्न मान्दैनथे र तिनीहरू त्यस्ता कुराहरूलाई बहिष्कार गर्न चाहन्थे । त्यस्तै, मेन्शेविकहरू पार्टीलाई भङ्ग गर्न चाहन्थे । यी दुवै पक्षलाई लेनिनले खूबसित झपार्नुभएको थियो ।

सन् १९१२ मा साइबेरियामा लीना सुन खानीमा भएको मजदुर हडतालको सन्दर्भमा ५०० मजदुरहरू मारिए । त्यसले देशभरका मजदुर एक भएर देशव्यापी आन्दोलन चलाए । त्यही साल अप्रिलमा सर्वहारावर्गको एक पत्रिका 'प्राब्दा' (सत्य) निस्कियो । त्यसको माध्यमबाट लेनिनले सर्वहारा अन्तराष्ट्रवाद र वर्गीय एकताको कुरो सिकाउन थाल्नुभयो ।

यही साल (१९१२) जार सरकारको संसद् (ड्यूमा) को चुनावको घोषणा भयो । जसमा बोल्शेविकहरूले त्यो चुनावमा जनवादी प्रजातन्त्र ल्याउने, कामको समय ८ घण्टा तोक्ने र जमिनदारको जमिन खोसी किसानलाई बाँड्ने नारा दिएर भाग लिने निर्णय गरे ।

१९१४ मा बोल्शेविक पार्टीको नेतृत्वमा व्यापक मजदुर आन्दोलन सुरु हुन थालेकै बेला साम्राज्यवादी युद्ध थालियो । त्यसमा जर्मन, अष्ट्रिया र हङ्गेरी एकातिर तथा फ्रान्स, बेलायत, रुस अर्कोतिर थियो । त्यसबेला केही कम्युनिस्टहरू आ-आफ्नो देशको पक्ष लिन्थे । आँखा चिम्ली आफ्नो देशको साम्राज्यवादी नीतिको समर्थन गर्ने ती कम्युनिस्टहरू मुखले भने आफूलाई समाजवादी भन्थे । यसरी मुखले आफू समाजवादी घोषित गर्ने र कामले भने साम्राज्यवादको सेवा गर्नेलाई लेनिनले 'सामाजिक साम्राज्यवादी' को संज्ञा दिनुभयो । लेनिनले त्यो साम्राज्यवादी युद्धलाई विरोध गर्नुभयो ।

यही सन्दर्भमा उहाँले 'साम्राज्यवाद : पुँजीवादको चरम अवस्था' भन्ने पुस्तक पनि लेख्नुभयो ।

जार सरकारको गलत नीतिले गर्दा युद्धग्रस्त रुसको अर्थतन्त्र दिन पर दिन ध्वस्त हुँदै गयो । त्यसबाट रिसाएका रुसी जनताले बोल्शेविक पार्टीको नेतृत्वमा आन्दोलनलाई चर्काउँदै लगे । यसप्रकार त्यहाँ क्रान्तिको परिस्थिति तयार हुँदै गयो । १९१७ को फेब्रुअरीमा पिट्सवर्गका मजदुरहरूले युद्धको विरोधमा ठूलो र व्यापक हडताल गरे । तिनीहरूको नारा थियो, जारशाही मूर्दावाद, युद्ध मुर्दावाद र हामीलाई रोटी देऊ । त्यसैबेला बोल्शेविक पार्टीको केन्द्रीय समितिको ब्युरोले एक घोषणापत्र निकाल्यो, 'जारशाही सरकारलाई उल्टाई देऊ ।', 'अस्थायी सरकार बनाऊ ।', 'जनवादी प्रजातन्त्रको स्थापना गर ।', 'जमिनदारहरूको जमिन जफत गरी किसानलाई बाँड' र 'युद्धलाई बन्द गर ।' १७ फेब्रुअरी १९१७ मा सेनाले पिट्सवर्ग (पेट्रोग्राडमा मजदुरहरूमाथि गोली हान्न अस्वीकार गरिदिए, ठूलो सङ्ख्यामा सेना जनतासँग मिल्न आए । केही दिनपछि नै पेट्रोग्राड र रुसमा पुँजीवादी जनवादी क्रान्ति विजयी भयो तर पनि देशको हुकुम पुँजीवादी र स-साना पुँजीपतिहरूको हातमा गयो । त्यसले जनताको क्रान्तिकारी भावनालाई निर्मूल पार्न खोज्यो । ३ अप्रिल १९१७ को दिन दस वर्षको लामो निर्वासनपछि लेनिन स्वदेश फर्कनुभयो र उहाँको त्यहाँ स्वागत गरियो । ४ अप्रिलको दिन बोल्शेविक पार्टीको सभा भयो । त्यस सभामा लेनिनले पुँजीवादी प्रजातान्त्रिक काममा हुकुम पुँजीपतिवर्गको हातमा रहन्छ, समाजवादी क्रान्तिमा मजदुरवर्ग र गरिब, किसानवर्गको हातमा सत्ता रहनेछ भन्नुभयो । पुँजीवादी प्रजातान्त्रिक क्रान्तिलाई समाजवादी क्रान्तिमा फेरिदिने कुरो बताउनुभयो ।

देशमा जनआन्दोलनको ज्वाला दन्किरहेकोमा क्रुद्ध भएर करेन्सीको प्रतिक्रियावादी युद्धपिपासु अस्थायी सरकारले ७ जुलाईको दिन लेनिनको नाउँमा पक्राउ पुर्जी काट्यो । जनता झन् क्रुद्ध भएर युद्ध मुर्दावाद ! 'राजसत्ता सोभियतलाई देऊ भनेर नारा लगाए । धेरै पार्टी कार्यकर्ता र जनता पक्री लेनिन एक मजदुरको भेषमा रहनुभयो । त्यहीबेला उहाँले 'राज्य र क्रान्ति' लेख्नुभयो फिनलैन्ड पुगी त्यहीँबाट क्रान्तिलाई निर्देशन दिइरहनुभयो ।

७ अक्टोबरको दिन लेनिन फिनलैन्डबाट १० अक्टोबरको दिन बसेको पार्टी केन्द्रीय समितिको बैठकले सशस्त्र सङ्घर्ष गर्ने निर्णय गऱ्यो । १७ अक्टोबरको बैठकले कामरेड स्तालिनको नेतृत्वमा विद्रोह सञ्चालन गर्ने एक केन्द्रको चुनाव गऱ्यो ।

२३ अक्टोबरको बिहान पार्टी मुखपत्र रावोचिपूत (मजदुरहरूको बाटो) को अफिसमा घेरा दिन अस्थायी सरकारले सैनिकहरू पठायो । त्यसलाई स्तालिनको नेतृत्वमा रहेको नाल रक्षकहरूको दल र क्रान्तिकारी सेनाले पछाडि धपाइदियो र ११ बजे पत्रिका साबिकबमोजिम निस्क्यो । त्यसमा अस्थायी सरकारलाई पल्टाउन आह्वान गरिएको थियो । त्यस समयमा पार्टी केन्द्रको निर्देशनमा क्रान्तिकारी सेना र लालरक्षक दललाई स्मोल्नितिर पठाइयो । लेनिन त्यसै रात त्यहाँ पुगी विद्रोहको सञ्चालन गर्नुभयो । विद्रोह सुरु भयो । स्मोल्नीलाई नै केन्द्र बनाई क्रान्ति थालियो र अस्थायी सरकारको मुख्य केन्द्र शरदको दरबारलाई क्रान्तिकारी सेनाले कब्जा गऱ्यो ।

सर्वहारा समाजवादी क्रान्तिको बिगुल बज्यो र १९१७ अक्टोबर २५ को दिन बोल्शेविक पार्टीले एउटा घोषणा पत्र निकाल्यो । त्यसमा पुँजीवादी अस्थायी सरकारलाई भङ्ग गरेको कुरा थियो । देशको हुकुम 'सोभियतहरू' को हातमा गाएको घोषणा गरिएको थियो ।

२५ अक्टोबरको साँझ १०-११ बजे स्मोल्नीमा दोस्रो राष्ट्रिय सोभियतको महाधिवेशन भयो त्यसमा ६५० मध्ये ४८० प्रतिनिधिहरू बोल्शेविकहरू भइदिनाले तिनीहरू बहुमतमा थिए । मेन्शेविक, दक्षिणपन्थी, समाजवादी क्रान्तिकारीहरू र अरू प्रतिक्रियावादीहरूले महाधिवेशनमा भाग लिन अस्वीकार गरे । क्रान्तिलाई 'फौजी षड्यन्त्र' को संज्ञा दिएर त्यहाँबाट उठेर गए । तर अरू वामपन्थीले पन्थी गुट क्रान्तिको समर्थन गऱ्यो ।

२६ अक्टोबरको राति लेनिनले महाधिवेशनमा युद्धसम्बन्धी सरकारी निर्णय पढेर सुनाउने भयो र युद्धरत सबै राष्ट्रहरूसित यथाशीघ्र शान्ति सन्धि गर्ने कुरा थियो । त्यसै राति उहाँले बिनामुआब्जा जग्गामा जमिनदारहरूको मालिक समाप्त गर्ने भूमिसम्बन्धी निर्णय पढ्नुभयो ।

रुसमा समाजवादी क्रान्तिको लगत्तै यसको गम्भीर असर त्यससँग सीमान्त मुलुकहरूमा (स्वत: पर्ने हुँदा साम्राज्यवादी देशहरू रुसलाई दबाउन चाहन्थे । १९१८-१९१९ मा अमेरिका, बेलायत, फ्रान्स र जापानले निहुँ झिकी चारैतिरबाट समाजवादी सोभियत सङ्घलाई नै मेटाउन चाहे । आफ्नो देशको सैनिक र आर्थिक कमजोरीको कारणले गर्दा केही क्षणको निम्ति लेनिन जर्मनीसँग 'बेस्ट लिटोबस्क' सन्धि गर्ने पक्षमा हुनुहुन्थ्यो । रुसको 'ब्रेस्टलिटोवस्क' भन्ने क्षेत्र जर्मनीले माग्दै थियो । लडाइँको तयारीको निम्ति उहाँ त्यो क्षेत्र दिएर पनि शत्रुको मुखमा बुजो हाल्न चाहनुहुन्थ्यो । शान्ति कालमा नै दीर्घकालीन युद्धको निम्ति पूर्ण तयारी गरेर पछि आफ्नो गुमेको क्षेत्रलाई फिर्ता लिने उहाँको दूरदर्शी योजनाको त्रात्स्कीजस्ता केही उताउला कम्युनिस्टहरूले देश बेच्ने र आत्मसमर्पण भनेर विरोध जनाए ।

३० अगष्ट १९१८ मा एक विशाल मजदुर सभालाई सम्बोधन गरिसकेर फर्कन लाग्नु हुँदा समाजवादी क्रान्तिकारी पार्टीको फन्या कप्लान नामक एक स्वास्नीमानिसले लेनिनमाथि गोली चलाई । यो घटनालाई लिएर सारा रुसी जनता क्रुद्ध भए । त्यस्तो भद्रगोलको परिस्थितिमा पनि लेनिन धैर्यवान् हुनुहुन्थ्यो ।

संसारका मजदुर पार्टीहरूको सङ्गठनलाई अन्तर्राष्ट्रिय मजदुर सङ्गठन भनी छोटोमा अन्तर्राष्ट्रिय मात्रै भनिन्छ । पुरानो अन्तर्राष्ट्रिय खतम भइसकेको हुँदा मार्च १९१९ मा मस्कोमा लेनिनको नेतृत्वमा विभिन्न देशका कम्युनिस्ट पार्टीहरूको महाधिवेशन भयो । जसलाई तेस्रो अन्तर्राष्ट्रिय भनिन्छ । महाधिवेशनमा लेनिनले सर्वहारा क्रान्ति र गद्दार काउत्स्की भन्ने किताबद्वारा अवसरवादलाई उदाङ्ग्याइदिनुभयो ।

लेनिनले १९२० मा 'उत्ताउला कम्युनिस्ट एक केटाकेटी रोग' भन्ने एउटा किताब लेख्नुभयो । त्यो पुस्तक बोल्शेबिक पार्टीको अनुभवहरूको संगालो हो ।

१९२० सम्ममा आक्रामक राष्ट्रहरूले हार खानुपऱ्यो, १९२२ मा जापानी हस्तक्षेप बन्द भयो । त्यसरी लेनिनले रुसलाई साम्राज्यवादी थिचोमिचोबाट मुक्ति दिलाउनुभयो । यसपछि लेनिनले एक नयाँ आर्थिक नीतिलाई अघि सार्नुभयो जसमा कृषि र औद्योगिक विकासलाई साथसाथै लैजाने योजना थियो ।

१९२२ मा लेनिन अकस्मात् बिरामी हुनुभयो, तापनि उहाँले काम गर्न छाड्नुभएन । २० नोभेम्बर १९२२ को दिन मस्कोमा केन्द्रीय पार्टी समितिको एक लामो बैठक बस्यो । त्यसमा उहाँले किफायत गरेर आर्थिक विकास गर्नुपर्नेमा बढी जोड दिनुभयो । त्यही नै उहाँको अन्तिम भाषण थियो । डिसेम्बर १९२२ मा सोभियतहरूको पहिलो राष्ट्रिय महाधिवशेन भयो । त्यसमा सोभियत समाजवादी गणतन्त्रको स्थापना गर्ने निर्णय गरियो र उहाँ त्यसको जनकमिसार परिषद् (मन्त्रिपरिषद्) को अध्यक्ष चुनिनुभयो ।

१९२३ मा लेनिन फेरि बिरामी हुनुभयो । त्यस अवस्थामा पनि उहाँले महाधिवेशनलाई चिट्ठी, डायरीको पाना सहकारिताको बारेमा हामीले मजदुर किसान निरीक्षण संस्थाको पुन: सङ्गठन कसरी गर्नुपर्छ र चाहे कम होस् बरु राम्रो होस् जस्ता निर्देशनहरू दिनुभयो ।

मार्च १९२३ को सुरुमा लेनिन झन् बिरामी हुनुभयो । उहाँको स्वास्थ्य दिन परदिन बिग्रँदै थियो । २१ जनवरी १९२४ को साँझ ६ बजेर ५० मिनेटको घडीमा विश्वका यस महान विभूतिले आफ्नो आँखा सदाको निम्ति चिम्लनुभयो । रुसी जनता र विश्वका समस्त -शोषित पीडितहरू आफ्ना श्रद्धेय नेताको असामयिक निधनमा शोकमग्न भए । तर, स्तालिन रुसी जनताको शोकलाई शक्तिमा बदल्न अगाडि बढ्नुभयो ।

लेनिनको शिक्षालाई नै लेनिनवाद भनिन्छ र स्तालिनले त्यसलाई अघि बढाउनुभयो । उहाँहरूले मार्क्सवादलाई राम्रोसँग अध्ययन गरेर त्यसलाई रुसमा साकार रूप दिनुभयो । मजदुर किसान र सिपाहीहरूको माझमा सङ्गठन हुनुपर्छ, मार्क्सवादजस्तो क्रान्तिकारी सिद्धान्त बोकेको कम्युनिस्ट पार्टीले तिनीहरूलाई एकगठ गर्नुपर्छ र पुँजीपतिवर्गको हुकुमलाई ध्वस्त पारी राज्यसत्ता सर्वहारावर्गको कब्जामा लिइनुपर्छ भनेर हामीलाई लेनिनवादले सिकाउँछ ।

सामन्तवाद र पुँजीवाद शोषण व्यवस्थाका दुईरूप हुन् । लेनिन सामन्तवाद र पुँजीवाद दुवैलाई घृणा गर्नुहुन्थ्यो । मुख्य दुश्मन राजा जार हो भनेर न पुँजीपतिवर्ग र विदेशी पुँजीसँग मितेरी लाउनुहुन्थ्यो न त पुँजीपतिवर्ग र विदेशी पुँजीलाई मुख्य दुश्मन सम्झेर जार र सामन्तहरूसँग मितेरी लाउनुहुन्थ्यो ।

लेनिन साम्राज्यवादलाई साह्रै विरोध गर्नुहुन्थ्यो । त्यसको विरोधमा लड्न अरू देशका सर्वहारावर्गसँग एक हुनुभयो । साम्राज्यवादको विरोधमा सङ्घर्ष नगर्ने र साम्राज्यवादी नीतिको समर्थन गर्ने समाजवादीलाई उहाँले सामाजिक साम्राज्यवादीको संज्ञा दिनुभयो । साम्राज्यवादको विरोधमा लड्ने र अरू देशका सर्वहारावर्गको सङ्घर्षलाई समर्थन गर्ने कुरामा उहाँ कहिले पनि विदेशी कुरा र बतासे कुरा भनेर पन्छाउने वा भाग्ने गर्नुहुन्नथ्यो । उहाँ एक देशका सर्वहारावर्गले अर्को देशका सर्वहारावर्गलाई समर्थन गर्ने कुरामा बल दिनुहुन्थ्यो । त्यसलाई सर्वहारा अन्तर्राष्ट्रवाद भनिन्छ । लेनिनवाद पुँजीवादको अन्तिम अवस्था तथा साम्राज्यवाद र सर्वहारा कान्तिको युगको मार्क्सवाद हो । यसकारण, लेनिनवाद साम्राज्यवाद र सर्वहारा कान्तिको विज्ञान हो ।

साभार : जनताको साहित्यबाट

सुर्खेत अलायचौरमा लेनिन जन्म दिवस

सुर्खेत । विश्व सर्वहारावर्गका महान् गुरु भी. आई. लेनिनको १५४ औं जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम वीरेन्द्रनगर नपा-९ अलायचौरमा सोमबार सम्पन्न भएको छ ।

प्रवचन कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले पुँजीवादी दलहरूले जालझेल गरी जनतालाई दास बनाएको बताउनुभयो ।

दासतालाई तोडेर अधिकारका लागि सङ्गठित हुन आग्रह गर्दै उहाँले समाजवादी व्यवस्थाले मात्र बहुमत कामदार जनताको हित हुने चर्चा गर्नुभयो

लनिनले रुसमा समाजवादी क्रान्तिको नेतृत्व गरी संसारका कामदारवर्गलाई ऊर्जा र हौसला प्रदान गरेको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले युवाहरूको हरेक परिवर्तनमा महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य प्रेम थापा, नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय सदस्य इन्द्रप्रसाद न्यौपाने, नेपाल मजदुर किसान पार्टी सुर्खेतका पूर्वसचिव धनेन्द्र बिक, नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका अध्यक्ष तुलसी खड्का, नेक्राशिसङ्घका लोकप्रसाद आचार्य, अम्बर भण्डारी, अङ्गबहादुर शाही, मनबहादुर विक, कानुन अध्ययन समाजका सदस्य टीकाप्रसाद पोखरेललगायत वक्ताहरूले बोल्नुभएको थियो । नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर नगर समितिको आयोजनामा सम्पन्न कार्यक्रमको अध्यक्षता समितिका अध्यक्ष शेरबहादुर शाहीले गर्नुभएको थियो ।

राजनीतिक चेतना जगाउँदै बझाङमा नेमकिपा

बझाङ । वैशाख १५ गते हुने बझाङ क्षेत्र नं. १ (क) को प्रदेशसभाको उपनिर्वाचनको प्रचार प्रसारको क्रममा आइतबार नेपाल मजदुर किसान पार्टीको तर्फबाट बान्ने चौरमा चुनावी सभा भयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले निर्वाचन जनतालाई राजनीतिक चेतना दिने मेलाजस्तै भएको धारणा राख्दै निर्वाचन राजनीतिक पार्टीहरूको घोषणापत्रको लडाइँ हुनुपर्नेमा जोड दिनुभयो ।

बहुदल आएको ३५ वर्षमा पनि देशको स्थिति परिवर्तन नहुनुमा शासक पार्टीहरू नै दोषी छन् । पुँजीवादी व्यवस्थामा कामदार जनताको जीवनस्तरमा सुधार हुनेछैन । नेपाल मजदुर किसान पार्टी कामदार जनताको हित हुने समाजवादी व्यवस्थाको लागि सङ्घर्षरत छ, उहाँले भन्नुभयो ।

आज देश युवाविहीन भएजस्तै भोलि देश नै नरहने स्थिति आउन सक्ने खतरा भएकोले नेपाली जनता सचेत भई नेपाल मजदुर किसान पार्टीमा आबद्ध हुन उहाँले बझाङवासी जनतामा आग्रह गर्नुभयो ।

नेपाल विकास नहुनुमा भारतीय विस्तारवाद र एकाधिकार पुँजी तथा आजसम्म सरकारका गएका पार्टीहरू नै प्रमुख दोषी भएको केन्द्रीय सदस्य थापामगरले बताउनुभयो ।

नेमकिपाको तर्फबाट बझाङका उम्मेदवार खगेन्द्रबहादुर शाहीले नेमकिपाले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने व्यारोमिटरको रूपमा लिइँदै आएको चर्चा गर्दै मादल चिह्नमा मतदान गरी जनताको सेवा गर्ने अवसर दिन अनुरोध गर्नुभयो ।

सरकारमा गएका पार्टीहरूले कामदार जनताको हित नगर्नेतर्फ बझाङवासी जनता सचेत हुनुपर्नेतर्फ उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङ, नेक्रामहिला सङ्घका बिजुकला राना, हस्त कुँवर र रमेश रावलले पनि बोल्नुभएको थियो ।

भ्रष्टाचारीहरूलाई...

कार्यक्रममा वडा नं. १ का वडाध्यक्ष उदयबहादुर बिक, थानबहादुर राना, लालबहादुर पौड्याल, विष्णु रेग्मी, कविराम धामी, विष्णु कँडेल र मनबहादुर सारुले बोल्नुभएको थियो । कार्यक्रम नेमकिपा वडा नं. १ वडा समितिका अध्यक्ष गोरक केसीको सभापतित्वमा भएको थियो ।

परम्परागत सङ्गीत संरक्षण तथा प्रवर्द्धन जरुरी

भक्तपुर । नेपालभाषा साहित्य त: मुंज्या (सम्मेलन) को आयोजनामा परम्परागत सङ्गीत संरक्षण तथा प्रवर्द्धन विषयमा शुक्रबार प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले भक्तपुरको सांस्कृतिक क्षेत्रको एक भाग दाफा भजनको बाजागाजाबारे ३० वर्ष अध्ययन गरी दुई भागको पुस्तक प्रकाशन गर्ने प्रा. डा. गर्ट म्याथियस् वेगनरलाई धन्यवाद दिनुभयो ।

सङ्गीत सिक्ने विषय विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा राख्नुपर्ने प्राध्यापक वेगनरको सुझाव सामयिक भएको उहाँले बताउनुभयो ।

सांसद सुवालले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को 'सय वर्षपछिको भक्तपुर' पुस्तकअनुसार यहाँको संस्कृति र सम्पदा संरक्षण गर्न भक्तपुरका जनता लागिपरेका छन् ।"

भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गराउने विधेयक र ख्वप विश्वविद्यालयको विधेयक पनि पारित भए यहाँको सांस्कृतिक सम्पदा संरक्षण गर्न थप उत्साह पुग्ने उहाँले बताउनुभयो ।

सांसद सुवालले भन्नुभयो, "भक्तपुर नगरपालिकाले संस्कृति अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरेको छ । नेपालभाषा साहित्य त:मुंज्याले यहाँको दाफा भजनमा योगदान गर्ने गुरुहरूलाई बर्सेनि सम्मान गर्दै आएको छ । यसमा कुनै राजनीतिक पूर्वाग्रह राखिएको छैन ।"

उहाँले भन्नुभयो, "भक्तपुरको सङ्गीत दस्ताबेज बनाई संरक्षण गर्नुपर्ने डा. वेगनरको सुझाव महत्त्वपूर्ण छ । सङ्घीय संसद्मा विचाराधीन अभिलेख संरक्षण विधेयकमा स्थानीय र राष्ट्रिय महत्त्वका सम्पदाहरूको अभिलेख राख्नुपर्ने सुझाव हामीले दिएका छौँ । यस्तो सङ्ग्रहालयमा सर्वसाधारणलाई प्रवेश सजिलो बनाइने छ ।"

प्रवचनमा विशेष अतिथि इथ्नोम्युजिकोलोजी विषयका प्रा.डा. गर्ट म्याथियस् वेगनरले अहिलेका बालबालिकाहरूलाई दैनिक गृहकार्य गराइएजस्तै दैनिकरूपमै यहाँका बाजागाजा, कला संस्कृति, सङ्गीतको महत्त्वबारे जानकारी दिनु आवश्यक रहेको गर्नुभयो ।

उहाँले भोलिका कर्णधार आजका बालबालिकालाई यहाँका मठमन्दिर, पाटीपौवा, देवस्थल आदि भ्रमण गराई त्यसको महत्त्व बुझाउनुपर्नेमा विशेष जोड दिनुभयो ।

साङ्गीतिक धुनले गुञ्जयमान हुने भक्तपुर नगरमा यातायातका साधनको कर्कश आवाज समीचीन नभएको हुँदा भक्तपुरको पुरानो नगर क्षेत्रभित्र यातायात साधनहरू पूर्णरूपमा बन्द गर्नुपर्ने उहाँको सुझाव थियो ।

उहाँले भक्तपुरका परम्परागत बाजा र संस्कृति जोगाउन महत्त्वपूर्ण सुझावहरू दिनुभएको थियो ।

भक्तपुरमा धिमे बाजा बजाउनेलगायतका साङ्गीतिक क्षेत्रमा चिरपरिचित उहाँ जर्मन नागरिक हुनुहुन्छ ।

कार्यक्रममा त:मुंज्याका अध्यक्ष आशाकुमार चिकबन्जार, सचिव नरेश खत्री र राजकुमार मानन्धरले पनि बोल्नुभएको थियो ।

एसईई...

जीपीए मात्रै सबैथोक नभएको र विद्यार्थीले लेखन, वाककला, विभिन्न हस्तकलालगायत सीप सिकेर व्यावहारिक तथा जीवन उपयोगी ज्ञान हासिल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । मोबाइलमा मात्रै नअल्झी वरिपरि घुमघाम गर्ने, विविध संस्कृति, भाषा, जीवनशैली तथा भूगोलको अध्ययन-अवलोकन गर्नुपर्ने उहाँले औँल्याउनुभयो ।

कार्यक्रममा नेक्राविसङ्घका केन्द्रीय उपाध्यक्ष सुरेश परियारले पुँजीवादले आफूलाई चाहिने भन्दा बेसी इच्छाहरू जगाइदिने हुनाले विद्यार्थीहरू सचेत बन्नुपर्ने बताउनुभयो । उहाँले आफ्नो रूचिको विषय लिएर व्यापक दृष्टिकोणसहित निरन्तर अध्ययन गरेमा देश एवम् समाजको सेवा गर्न सकिने औँल्याउनुभयो ।

उद्घाटन सत्रपछि कार्यक्रममा कक्षा ११ र १२ मा अध्यापन हुने विभिन्न सङ्कायका विभिन्न विषयबारे रमेश प्रजापति, अन्जना सैंजु, सरजु फसिकवा, किशोर गोसाई, राजु कैती तथा सबिता त्वानाबासुले शैक्षिक परामर्श दिनुभएको थियो ।

देशका...

सुवालले काठमाडौँको प्रदूषण र सडक जाम नियन्त्रण गर्न बसाइँसराइ रोक्ने र औद्योगिक क्षेत्रहरू स्थानान्तरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

एमसीसी सम्झौताअघि सरकारहरूले भारतसँग अरुण तेस्रोको ९०० मेगावाट र माथिल्लो कर्णालीको ९०० मेगावाटको परियोजना विकास सम्झौता गरेकोमा त्यसयता तल्लो अरुण ६२० मेगावाट, पश्चिम सेती ७५० मेगावाट, सेती-६ को ४५० मेगावाट, फुकोट कर्णाली ४५० मेगावाट र मुगु कर्णाली १९०२ मेगावाटको पीडीए गरेको उल्लेख गर्दै सांसद सुवालले नेपाली लगानी बोर्डले विदेशी लगानी ल्याउने हुँदा संसद् र सरकारको अधिकार प्रयोग गरेको हुँदा सो बोर्डलाई खारेज गर्नुपर्नेमा जोड दिनुभयो ।

भारतीय एकाधिकार पुँजीले माथिल्लो मर्स्याङ्दी - २ को ६०० मेगावाट, भेरी स्टेज-१ को ४०० एमभी र भेरी स्टेज-२ को ४०० एमडब्लू कब्जामा राखेको उल्लेख गर्दै सांसद सुवालले नेपाली जनताको लगानीमा जलविद्युत् उत्पादन गर्नुपर्नेमा जोड दिनुभयो ।

स्वीस भूगर्भशास्त्री टोनी हेगनको नेपाललाई स-सानो जलविद्युत् उत्पादन उपयुक्त हुने विचारतर्फ विधयकको ध्यान जानुपर्नेमा जोड दिँदै सांसद सुवालले सार्क देशहरूको सम्झौताअनुसार सार्कस्तरीय विद्युत् ग्रीडको मुख्यालय डिल्लीमा हुने र सौर्य गठबन्धनको सम्झौताअनुसार सौर्य ऊर्जा उत्पादन गर्न पनि भारतसँग अनुमति लिने अवस्था देश सार्वभौम नभएको नमुना भएको उल्लेख गर्नुभयो ।

नेकाका एक सांसदले उठाएको गलवानको विषयलाई स्पष्ट गर्दै सांसद सुवालले बेलायती भारतको बेला म्याकमाहोन भन्ने बेलायतीले कागजको नक्सामा चीन-भारतको सीमा रेखा कोरेको हुँदा चीनको गलवान उपत्यकालगायत भूभाग भारतमा परेको र सीमा विवाद भएको उल्लेख गर्नुभयो ।

बहुदल र गणतन्त्रको ३५ वर्षयता आम सञ्चारमा भ्रष्टाचारको समाचार दिनहुँ प्रकाशित भइरहेको उल्लेख गर्दै सांसद सुवालले अख्तियार र सीआईबीले मुद्दा दर्ता गरेकामध्ये कुन भाषा, जाति र समुदायका धेरै छन् ? जिम्मेवार पदमा बसेर भ्रष्टाचारजस्तो देशद्रोही काम गर्नेहरू को को हुन् सूची सार्वजनिक गर्नुपर्नेमा जोड दिनुभयो ।

छलफलमा रास्वपाका श्रीराम लामिछानेले सन् २०५० सम्म भारतमा २५ प्रतिशत जनतालाई खानेपानी नपुग्ने हुँदा भारतीय सरकारले नेपालको नदी नाला कब्जा गर्न लागिपरेको बताउनुभयो ।

एमालेका भेषराज दाहालले नेपालका सबै नदीनाला विदेशीको पोल्टामा दिन नहुने बताउनुभयो ।

राप्रपाका केदारबहादुर अधिकारीले नेपालीलाई शेयर वितरण गरी बिजुली उत्पादन गर्नुपर्ने बताउनुभयो ।

पूर्वमन्त्री अकवाल साहले जल र जवानी विदेशीलाई दिन नहुने बताउनुभयो ।

उपसमितिका संयोजक विष्टले सबै दललाई लिखित सुझाव दिन आग्रह गर्नुभयो ।

के...

शिक्षक भएर जागिरको पर्वाह नगरी निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध र बहुदलीय व्यवस्था स्थापनाको आन्दोलनमा होमेका आजका ती सांसदहरू शिक्षकहरूलाई राजनीति गर्न किन रोक्न खोज्दै छन् ?

युवा विद्यार्थीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे बुझाउन नसक्दा धेरै विदेश पलायन भइरहेका छन् । आफ्नै देशका नेताहरूको गलत कामको विरोध गरेर देशमै बस्ने र देश विकासमा योगदान गर्न उत्साहित गर्ने शिक्षा प्रदान गरेको भए देश आजको जस्तो युवाविहीन हुने अवस्थामा पुग्ने थिएन ।

दलीय व्यवस्थामा हरेक व्यक्ति एउटा न एउटा राजनैतिक दलमा लागेकै हुन्छ । निर्वाचनमा मतदान गर्नु पनि राजनैतिक गतिविधिमा सहभागी हुनु हो । के मतदान गरेकै कारण शिक्षक कर्मचारीलाई कारबाही गर्न मिल्छ र ?

वर्तमान शिक्षामन्त्री सुमना श्रेष्ठ स्वतन्त्र पार्टीका हुन् । स्वतन्त्र पार्टी स्वयं पनि पञ्चायती व्यवस्थालाई निर्दलीय भन्नु जस्तै हो । त्यतिबेला अरू पार्टीहरूलाई प्रतिबन्ध लगाएर निर्दलीयताको नाउँमा पञ्चहरूले एकदलीय शासन गर्थे । अहिलेको २१ औँ शताब्दीमा कोही कसैलाई पनि राजनैतिक गतिविधि गर्नबाट रोक्नु उचित होइन ।

सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घर वरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङ्गमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

एकक्षण प्रधान

जापान दोस्रो आर्थिक शक्तिबाट तल झऱ्यो

एसियाको उत्तरपूर्वमा होकाइडो, होन्शु, कोबे र क्युखुजस्ता ठुल्ठुला टापुहरूको समूहको देश जापानको क्षेत्रफल ३,७७,८३५ वर्ग किलोमिटर (१,४५,८८२ वर्ग माइल) छ भने यसको जनसङ्ख्या १२ करोड ६० लाख अनुमान गरिएको छ । जापानको उत्तर पश्चिममा रुस, चीन र कोरिया प्राय:द्वीप छ । पूर्वमा प्रशान्त महासागर र दक्षिणमा फिलिपाइन्स टापुहरू एवम् १० हजार टापुहरूको देश इन्डोनेसिया छ ।

जापान प्राकृतिकरूपले पहाडी देश हो । टापुहरूका किनारी भूमि समतल र उर्वर भूमि मानिन्छ ।

१८५३ मा संयुक्त राज्य अमेरिकाले जापानमाथि टोपेढुङ्गाको नीतिअनुसार आक्रमण गर्यो अर्थात् अमेरिकाले पश्चिमी साम्राज्यवादी देशहरूसँग मिलेर व्यापारको निम्ति जापानको ढोका खोल्न बाध्य पाऱ्यो । यसरी जापानमा अमेरिकी तथा पश्चिमी देशहरूको प्रभाव बढ्दै गयो ।

सन् १८६७-६८ सम्म जापान एक सामन्ती समाजबाट पुँजीवादी समाजमा सङ्क्रमण गर्दै थियो । किसानहरूमाथि जमिनदार र सामन्तहरूको चर्को शोषण थियो भने पुँजीपतिवर्गले मजदुरहरूको शोषणबाट जनताको जीवनस्तर कहालिलाग्दो बनाएको थियो । जमिनदारवर्गले देशवासीहरूलाई शोषण गर्थ्यो भने सामन्ती खानदानीहरू र पुँजीपतिवर्गले छिमेकी देशहरूमाथि साम्राज्यवादी नीति लिन्थे ।

१८९५-९६ मा जापानले चीनमाथि र १९०४ मा रुसमाथि आक्रमण गऱ्यो । जापानले चीनको थाइवान र कोरिया प्राय:द्वीप कब्जा गर्यो । जापानले कब्जा गरेका ठाउँहरूमा जापानी भाषा बोल्न र सिक्न बाध्य पार्थ्यो; व्यक्तिका नामहरूसमेत जापानी भाषामा राख्न बाध्य पार्थ्यो ।

१८६७-६८ तिरै जापान एक सामन्तवादी समाजबाट एक पुँजीवादी समाजमा रूपान्तरण हुँदै थियो । पुँजीपतिवर्गको बढ्दै गएको उद्योग र व्यापारले सामन्ती निरङ्कुशताको ठाउँमा १८८९ सालमा संविधान संशोधन भयो र राज्य यन्त्रमा पुँजीपतिवर्गको आर्थिक प्रभुत्व बढ्दै गयो । सोहीअनुसार संविधानमा निरङ्कुश राजतन्त्र र सम्राटको प्रधानताको ठाउँमा पुँजीपतिवर्ग वा संसद्को प्रधानता स्थापित भयो ।

जापानमा दुई ठुला पुँजीपति कम्पनी (परिवार) को आर्थिक प्रभुत्व थियो - उद्योग, बैङ्क, कोइलाखानी, कलकारखाना अन्य व्यवसायहरूमा । तीमध्ये एक थियो - मित्सुइ (Mitsui) र अर्को मित्सुबिसी (Mitsubisi) । सरकारले तिनीहरू दुवैलाई औद्योगिक विकास, रेलका बाटाहरू र हतियार उद्योगलाई सहयोग गर्थ्यो ।

जापान सानो देश भए पनि कृषि उत्पादनमा जापानीहरू गम्भीर र आत्मनिर्भरतामा जोड दिन्थे ।

भनिन्छ जापानले ५० वर्षमा आफूलाई पश्चिमेली पुँजीवादको रूपमा अगाडि बढायो । इस्पात, गैर-फलामे धातु, भारी विद्युतीय औजारहरू, निर्माण र खानी सम्बन्धी औजार, मोटरहरू (बाहन) र त्यसका पार्टपुर्जाहरू, यातायात र सञ्चार तथा विद्युतीय सामान, औजार, यन्त्रहरू एवम् त्यसका ज्यावलहरू स्वचालित उत्पादन प्रणाली, रेलका बाटा र त्यसको निम्ति आवश्यक सामान, जहाज, रासायनिक उद्योग र कपडा कारखाना, तयारी खाद्य सामग्री आदि जापानको मुख्य उत्पादन थिए । ठुलो मात्रामा ती सामानको उत्पादनले उत्पादन मूल्य घट्यो र विदेशमा निर्यात गर्न सजिलो भयो अथवा प्रतिस्पर्धामा जान सक्यो ।

मुख्य - मुख्य धातु उद्योगको निम्ति फलाम र कोइला एवं तेल अन्य कच्चा सामान आफ्नो उपनिवेशबाट लान्थ्यो ।

संविधान संशोधन र संवैधानिक राजतन्त्र

सन् १८८९ मा जापानले सम्राटको निरङ्कुशतामा अङ्कुश लगाए पनि सम्राटकै परिवारले नै जापानमा राज्य गर्ने संविधानमा उल्लेख गरियो ।

जापानको संसद् दुई सदनको बनाइयो - तल्लो सदन, निर्वाचित जनताका प्रतिनिधिसभा र बेलायतमा जस्तै माथिल्लो सदन भाइ-भारदार, राजा-रजौटा र सम्राटले मनोनीत गरेका व्यक्तिहरू रहन्थे । सम्राटले नै राज्य प्रशासनका सबै अङ्गहरू, निजामती र सैनिक अफिसरहरू मनोनीत र बर्खास्त गर्नेछन् । सम्राटले तिनीहरूको तलब र भत्ता तोक्नेछन् । सम्राट नै थल सेना र जलसेनाको सर्वोच्च सेना नायक हुनेछन् । सम्राटले नै युद्धको घोषणा र शान्ति एवं सन्धिहरूमा अन्तिम निर्णय गर्नेछन् ।

सम्राटले राज्यका हरेक मन्त्रीको सल्लाहमा काम गर्नेछन् तर त्यसको जिम्मेवारी सम्राट नै हुनेछन् र दस्ताबेजमा राज्यको मन्त्रीको पनि हस्ताक्षर हुनेछ ।

जापानी विस्तारवाद

विशाल चीन दुर्गम, भित्री आपसी बेमेल र लडाइँको कारण आफूभन्दा ठुलो देश भए पनि जापानले चीनमाथि हमला गऱ्यो । जापानले चीनको उत्तरी भाग मन्चुरिया कब्जा गर्यो, कोरियामाथि आँखा गाड्दै उपनिवेश बनायो तथा उत्तरमा रुसको सुदूरपूर्वको सखालीन टापुहरू कब्जा गर्यो ।

रुसमाथि हमला गर्दा जापानले जारहरूले थाहै नपाउने गरी जापानी गुप्तचरहरूलाई व्यापारी, नाऊ, धोबी, काम नलाग्ने भाँडाकुँडा बटुल्ने, तरकारी र फलफुल बेच्ने, कराएर सामान बेच्नेहरूको भेषमा सैनिकहरूको गतिविधि बढायो । १९०४ मा जापानले रुसी जलसेनाको बन्दरगाह पोर्ट आर्थर (Port Arther) मा हमला गर्यो ।

१८९५ - १९३० जापानको साम्राज्य विस्तारको काल थियो । १९१४ देखि १९१८ को पहिलो विश्वयुद्धको समय जापानको निम्ति द्रुततररूपमा विकास गर्ने मौका बन्यो । सन् १८८५ मा जापान विदेश व्यापार ६ करोड ६५ लाख येन थियो भने सन् १९१८ सम्ममा ४ अर्ब येन पुग्यो । सन् १९२९ मा जापान कपडा उद्योग र जहाज निर्माणमा अमेरिका र बेलायतपछिको दक्ष देश बन्न सफल भयो ।

केही वर्ष अगाडिसम्म संरा अमेरिकापछि दोस्रो शक्तिशाली देश थियो भने अहिले त्यो ठाउँ जर्मनीले थियो । अब भारत दोस्रो शक्ति राज्य बन्न सङ्घर्षरत छ ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३